# अध्याय एक

# अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

बालबालिका भोलीको समाज हो । बालबालिका राष्ट्रको भविष्य हो । भोलीको सामाजिक संरचना कस्तो हुने भन्ने आधार आजको बालबालिकाहरुको स्थितिले निर्धारण गर्छ । साथै बालबालिका हिलो वा मुछेको माटो जस्तै हो, जसलाई विभिन्न आकारमा ढाल्न सकिन्छ । समाज सुहाउँदो असल व्यक्तिको निर्माण समाजमा प्रचलित परम्परागत, व्यवहारगत सिकाई मार्फत सामाजिकीकरण प्रक्रियाले बालबालिकाले मूख्यतः मूल्य, मान्यता, विचार, संस्कार, प्रबृत्ति स्वीकार्दै एक व्यक्तित्वको निर्माण गर्छ । आजका बालिबालिका भोलीका देश बनाउने ठूला मान्छे हुन् । भविष्यका उज्याला तारा हुन् । हामी बालबालिकालाई त्यति महत्व दिंदैनौ । यसले देश निर्माणमा घाटा पुऱ्याउँछ । कुमालेले भाँडा बनाउन ठीक पारिएका माटा जस्तै हुन् । यसलाई विभिन्न आकार दिन सकिन्छ । त्यसै गरी गर्भावस्थादेखि ५ वर्षसम्मका बालबालिकालाई विशेष हेरचाह, पोशिलो खाना, मनोरञ्जनको आवश्यकता पर्दछ । (बालअधिकार महासन्धी, १९९८)

हाम्रो नेपालको कानूनले १६ वर्ष मुनिका व्यक्तिलाई बालबालिका भनिन्छ भने अन्तर्राष्ट्रिय कानूनले १८ वर्षसम्मका व्यक्तिलाई बालबालिका भनिन्छ । प्रत्येक बालबालिकाहरुलाई खाने, लाउने, स्वास्थ्य उपचार गर्ने पढ्ने, लेख्ने, खेल्ने आदि अधिकार हुन्छ । यसै सन्दर्भमा मानव अधिकार भित्रको महत्वपूर्ण मूख्य विषयमा बाल अधिकार पर्दछ। अधिकार एक व्यक्तिले अर्को व्यक्तिसँग गर्न पाउने सकारात्मक दावी हो । अधिकारको पाटोहरुमध्ये बालअधिकार पनि महत्वपूर्ण अधिकारका विषयवस्तु हुन् । जसलाई बालबालिकाले पाउनु पर्ने न्यानो माया, असल शिक्षा, पौष्टिक आहार, उपयुक्त स्याहार सम्भार, स्वास्थ्य र सरसफाई, संरक्षण र सहभागी हुन पाउनु पर्ने बालअधिकार हो । यसले मूलतः निम्न बाल अधिकारलाई समेटेको पाइन्छ । (बालअधिकार ऐन, २०४८)

क) बाँच्न पाउने अधिकार

ख) विकास गर्न पाउने अधिकार

ग) सहभागी हुन पाउने अधिकार

यस अध्ययनमा संरक्षण र सहभागीतालाई मूख्य जोड दिइएको छ । प्रत्येक बालबालिकालाई उचित संरक्षण गर्नु परिवार, समाज र राज्यको दायित्व हो । यसमा शारीरिक रुपमा अपाङ्ग बालबालिका, शरणार्थी भइसकेको परिवारविहिन तथा टुहुरा बालबालिकालाई राज्यले संरक्षण दिनु पर्दछ। (बालअधिकार महासन्धी, १९९८) त्यस्तै सहभागीताको अधिकारले बालबालिकाहरुसँग सम्बन्धीत विषयवस्तुमा विचार व्यक्त गर्न पाउनु, उनीहरुको परिपक्वता अनुसार उचित मान्यता दिइनु, सामाजिक, साँस्कृतिक क्रियाकलाप विना भेद्भाव सहभागी हुन पाउनु, क्लब तथा समूह खोल्न पाउनु, सहभागी हुन पाउनु पर्दछ भन्ने विषयवस्तु सहभागीताको अधिकार भित्र पर्दछ।

## १.२ समस्याको कथन

संरक्षण र सहभागीता बालअधिकारभित्रको महत्वपूर्ण विषय हो । यस क्षेत्रमा विभिन्न विद्वान र अनुसन्धान संस्थाहरुले धेरै अध्ययन र कार्यक्रमहरु आयोजना गरेका छन् । तर यसको बारेमा (बालअधिकारको बारेमा) विकास, बचाउ, संरक्षण सहभागीताको बारेमा आलेख, पुस्तकहरु पाइए पनि विपन्न जनजातिभित्रका तामाङ समुदायसँग विशेषतः शोधकार्य पाइँदैन । नेपाली बालबालिकाको स्थिति २०७२ केन्द्रीय बालकल्याण समिति हरिहर भवनले निकालिएको बालबालिकाको  स्थिति प्रतिवेदनमा तामाङ समुदाय विशेष तोकिएको पाइँदैन । साथमा बाल अधिकारका आधारभूत पक्ष स्थिति पाइन्छ । बालअधिकारको विषयमा विपन्नता भएको जनजातिय अवस्थाको कति के हदसम्म फरक पार्छ । भौगोलिक बातावरणले के असर पार्छ भन्ने बारे प्रयाप्तताको कमी छन् । बाल अधिकारको प्रवर्द्धनको सबल कार्यान्वयन नीतिको विकास तथा उपयोग, सामाजिक, साँस्कृतिक पक्षलाई ध्यानमा नराखीकन देश विकासको अवस्थालाई गति दिन सकिंदैन । अझै अधिकारको प्रवर्द्धन सवल कार्यान्वयन गर्न नसकिएको कारण बालअधिकारसँग सम्बन्धी सूचाङ्क प्राप्त गर्न सकेको अवस्था छैन । बाल विवाह, बालश्रम, दुर्व्यवहार, विचारको कदरको अभावले विकासका योजनाहरु र नीति कार्यान्वयनले बालसंरक्षण र सहभागीतामा नीतिगत कार्यान्वयनमा चुनौती थपिएको छ।

विगतको आलेख तर्फ हेर्दा विसौ सताब्दी विकासमा लैङ्गिक रुपमा महिलाहरु दमित थियो । हाल बालबालिकालाई त्यहि अवस्थामा हेर्न सकिन्छ । यसरी समाजमा एउटै बाल्यकाल निर्माण नभई एउटै समाजमा विविध बाल्यकालको निर्माण हुन्छ । समाजको फरक स्थितिमा फरक बाल्यकाल केटा र केटीको फरक बाल्यकाल जुन एउटै परिवारमा

हुन्छ । सामाजिक र आर्थिक परिवर्तनले विभिन्न तरिकाले बालबालिकालाई प्रभाव पार्दछ । त्यस्तै धन, गरिबी, वर्ग, स्थिति पद विश्वव्यापी स्थिति मात्रको कारकले नभईकन बाल्यकालको फराकिलो विविधता उत्पादन गर्दछन् । असमान समुहमा इच्छा, आवश्यकता र प्रस्तावहरु पनि फरक हुन्छ । यी पक्षहरु नै विकासका निकाय कर्ता, योजनाकारहरुलाई बालबालिका र तिनीहरुको जीवनमा प्रभावको बारे सरोकारको रुपमा महत्व र उपयोगि हुन्छ । विकासमा मानवअधिकार, बालअधिकार र सहभागीतालाई सम्बन्धित गर्दा हाल आलेखहरु बाल अधिकारको बारेमा पाइए पनि सचेतना र अवधारणाको बुझाई भने अझै सीमित छन् ।

प्रथमत : बालबालिकाको अधिकारलाई अझै मानव अधिकारको रुपमा, एक भागको रुपमा मानिएको छैन । थोरै मात्र मानव अधिकार वादी समुहले यसलाई गम्भीर र मानव अधिकारको रुपमा हेरिएको छ । धेरै जसो समाजमा बालबालिकाहरु तुलनात्मक रुपमा शक्ति हीन छन् ।

दोश्रो, हरेक समाजमा आफ्नै सामाजिक आर्थिक र सास्कृतिक योगदानमा बालबालिकाको व्यक्तिगत विचारको वेवास्त र विभेद गरिएका छन् । त्यस्तै घर र समुदायले पनि परम्परागत अभ्यासबाट माथि उठि अभ्यासमा संलग्नता बढाइ लोकतान्त्रिक समाजको निर्माणमा भूमिका निर्वाह गर्नुपर्छ

तेस्रो, बालबालिकाहरुको आवश्यकताहरुले परिवारको समान, उस्तै समस्याको रुपमा नहेर्नु । बाल सहभागिताको अधिकारले निर्णयमा र त्यसले जीवन शैलीमा प्रभाव, परिवर्तन ल्याउदछ ।

कुनै पनि विगतका अध्ययनहरुमा घ्याङफेदि गा.वि.स.मा यस विषयको अध्ययन शोधकार्य भएको छैन । यस शोधकार्यले तलको प्रश्नहरुको जवाफ सम्बोधन गर्नेछ ।

१) अध्ययन क्षेत्रमा सामाजिक, आर्थिक तथा सार्वजानिक पक्षमा बालसहभागीताको स्थिति के छ ?

२) बालसहभागीताको स्थितिमा सामाजिक आर्थिक विशेषता के छन् ?

३) बालसहभागीताको अवरोधका कारणहरु के हुन् ?

४) बालसहभागीताको लागि स्थानीय तहमा सामाजिक आर्थिक, जनसांख्यिक अवरोधका प्रभाव के छन् ?

## १.३ अध्ययनको उद्देश्य

यो अध्ययन मूलतः परिवार वा समुदायभित्रका आम तहमा बालबालिकाहरुको सहभागिता र संरक्षणमा कमी हुनुका पछाडिको कारण र त्यसले निम्त्याउने प्रभावहरुका विषयमा केन्द्रित हुनेछ ।

१) विपन्न तामाङ्ग जनजातिका बालबालिकामा परिवार, समुदाय र गाविस तहमा सामाजिक, आर्थिक र सार्वजानिक पक्षमा सहभागीताको स्थिति पहिचान गर्ने ।

२) तामाङ्ग जनजातिको बालबालिकामा संरक्षण र सहभागितामा देखिने अवरोधको कारण र प्रभावहरु पहिल्याउने ।

## १.४ अध्ययनको महत्व

यस सुक्ष्म तहको अध्ययनको सैद्धान्तीक र व्यवहारिक महत्व रहेकोछ । विशेष गरी धनी, गरीब, उच्च जाति, तल्लो जाति, शिक्षित र अंशिक्षित आदि घ्याङफेदि गा.वि.स.का व्यक्तिलाई महत्व हुनेछ । केही महत्वहरु देहाय अनुसार उल्लेख गर्न सकिन्छ ।

सहभागीताले व्यक्तिको निर्णय र पहुँचको स्थितिलाई पहिचान गर्दछ । बालबालिकाको सामाजिक, व्यक्तिगत विकासमा लगानी गर्नु राज्यका निकायहरु आलोचनात्मक दुविधात्मक छन् । बालबालिकाको शिक्षा, स्वास्थ्य संरक्षणले मात्र बालबालिकाको समग्र विकासमा प्रयाप्त हुँदैन । तिनीहरुको नेतृत्व क्षमता, सामाजिक प्रतिस्पर्धा र व्यक्तिगत आत्म विश्वास विकास गर्न सामाजिक संरचना प्रदान गर्नुपर्ने पक्ष महत्वपूर्ण हुन्छ । यस बाट गर्दै सिक्ने क्षमताको विकास गर्दछ । सहभागितालाई जनताबाट विकासको क्रियाकलापहरुलाई सञ्चालन गर्नु भन्ने हुन्छ । जसलाई प्रभावशाली दृष्टिकोणबाट यो धेरै (स्रोत परिचालन, स्थानीय क्षमताबाट) उत्पादक हुन्छ । यसले समावेशीकरणलाई प्रवर्दन गर्छ । अभिबृद्धि दृष्टिकोणबाट सहभागिताले तिनीहरुको जीवन शैली, उपयोगी रचनात्मक तरिका विचार, गुणात्मक निर्णय दिने कुरामा योगदान गर्न सक्छ ।

त्यस्तै सशक्तिकरण दृष्टिकोणबाट तिनीहरुको निर्णयले उनीहरुको क्षमता, समझलाई प्रभाव पार्छ र तिनीहरुले अति निर्णयको नियन्त्रण गर्न ज्ञान हासिल गर्दछ । (Hart, 1992)

ले सहभागीताको दुई मुख्य फाइदाहरु प्रस्तुत गरेको छ, जुन प्रथमतः तिनीहरुको व्यक्तिगत विकासमा धेरै प्रतिस्पर्धी, आत्मविश्वासी व्यक्तिको समाजमा विकास हुन्छ । दोश्रो समुदायको प्रकार्य/भूमिका र संघको सुधार गर्दछ । सहभागिताले अधिकारको खोज, तिनीहरुको आफ्नै फरक फरक विचार आवजको सम्बोधन गर्दछ । यसले लोकतान्त्रिक सुशासन, असल मूल्य, मान्यतामा अभिबृद्धि गर्दै लैजान्छ । सभागिताको अर्थ दैनिक परिवार विद्यालय, छिमेकी, सामुदायिक समुहको व्यवस्थापनको बारे सिक्नु , अवसर प्रदान गर्नु हो । त्यस्तै गरि परिपक्वहरुको विस्थापित गर्नु भन्ने होइन ता कि. दोश्रो असल -लिडरसीप) नेतृत्वहरु निर्माण गर्नु हो ।

सहभागिताले गर्दै सिक्ने क्षमताको विकास गर्दछ । यसले अनुभव, सीप, ज्ञान, विकास एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्छ । विश्वव्यापी प्रवृतिलाई हेर्दा घर परिवारले बालबालिकाको योगदानलाई त्यति महत्वका साथ हेर्दैन । सहभागिताले तिनीहरुको जीवन शैली प्रभाव पार्दछ । हाल १८ बर्ष भन्दा मुनिका बालबालिका सार्वजनिक नीति निर्णयमा असक्षम हुन्छ भन्ने अवधारणा आएको छ। यदि वयस्कहरुलाई राजनीतिक उद्देश्यमा सहभागिता गराई लोकतन्त्र प्रबर्द्धन र सक्षम कर्तव्य निष्ठ नागरिक निर्माण गर्न बाल बालिकाको निर्णय प्रकृयामा सहभागी गराउने प्रक्रिया महत्व पूर्ण आधार हुन्छ । तसर्थ निर्माण गर्न, लोकतन्त्रको आधार निर्माण गर्न बालबालिकालाई निर्णयमा सहभागितामा सुद्धृढीकरण सक्षम बनाउदै लैजानु आवश्यक छ । "एउटा मुलुकमा लोकतन्त्रको विस्तार गर्नुछ भने त्यसले तह तहमा समुदाय तहसम्म नागरिकलाई संलग्न गर्छ । निर्भिकता, आत्मविश्वास र प्रतिस्पर्धा क्रमिक रुपमा व्यवहारत कार्यन्वयनमा आवश्यक पर्छ त्यस्तै बालबालिकाको सहभागिताको लागि क्रमिक अवसर बृद्धि गराई लोकतन्त्रको अभिबृद्धि गर्छ । (Hart, 1992)

सिद्धान्ततः रुपमा बाल सहभागिताको विभिन्न दृष्टिकोणबाट महत्व रहेको छन् । जसलाई अरुको अधिकारको सम्बोधन गर्ने संरचनात्मक औजारको रुपमा यसले जात, लैङ्गिकता, वर्गहरुमा इज्जत र शक्तिमा संवाद गर्ने वातावरण तयार गर्दछ । यसमा सूचना, निर्णय प्रक्रियामा सहभागिता हुन्छ । दोस्रो सहभागिता एक सामाजिकीकरण प्रक्रिया हो । यसले दैनिक रुपमा विभिन्न क्रियाकलाप मात्र नभई बालबालिका बीच, वयस्क र बालबालिका बीचको सम्बन्ध स्थापना गर्छ । फरक संस्कृति वा पारिवारिक संस्कृतिमा बालबालिकाले आफ्नो क्षमता तयार गर्दछ । तेस्रो पक्ष यो एक संस्कृति वा सामाजिक

सांस्कृतिक निर्माणको रुपमा हेर्न सकिन्छ । संस्कृति वा सामाजिक सांस्कृतिक निर्माण प्रक्रियाको रुपमा वालवालिकाको सहभागिताले बालबालिका एक दोस्रो साना समुदाय हो जसले ठुला वयस्क समुदायबाट विभिन्न नियम मूल्य, नीति, प्रक्रिया, दृष्टिकोण विभिन्न सञ्चारको सामाग्री वा क्रियाकलापको माध्यमबाट ग्रहण गर्दछ । सम्बन्ध विच्छेद, पारिवारिक गरिबी, वेरोजगार, द्वन्द्व, मृत्यु, जन्मजस्ता जनसांख्यिक पक्षबाट बालसहभागिता के कस्तो छ । कस्ता हुन्छ भन्ने यसको महत्व रहेका छन् । परिवारमा घुलमील अनुकूलन सम्बन्धको रुपमा सूचना आदान प्रदान, चाहानाको के छ ? त्यसको सम्बन्धले पारिवारिक प्रकार्यमा के के योगदान छ । परिवारमासमावेशी वा बहिष्करणको स्थिति के छ, यसको अध्ययन आवश्यक छ । बालबालिकाको संलग्नता विभिन्न निकाय, परिवारमा के छ भन्ने सैद्धान्तिक महत्व रहेको छ । बालबालिकामा समन्वय सम्बन्धको स्थापना हुन्छ । बालबालिकासँग प्रत्यक्ष प्रभाव पार्ने विषयमा उनीहरुको समन्वय गर्नु पर्दछ । बालसहभागितालाई प्रतिनिधित्व र समावेशीकरणको रुपमा भिन्न क्षमता भएका बालबालिकाहरुको प्रतिनिधित्वको सुनाईको महत्व रहन्छ । यसले समतामूलक समाज निर्माण गर्दछ । यसर्थ यसलाई ऐतिहासिक अवधारणबाट वर्तमानमा सिकाईको सिद्धान्तको रुपमा जोड्न सकिन्छ । निष्क्रिय प्राप्ति कर्ता नभई सक्रिय निर्णय, उत्पादन कर्ताको रुपमा शैक्षिक, सांस्कृतिक, पारिवारिक, सार्वजनिक क्षेत्रमा हेर्न सकिन्छ । जसले उत्कृष्ट सम्भाव्यको थालनीका रुपमा व्यक्तिगत, सामाजिक सचेतनामा बृद्धि हुन्छ । त्यसबाट असल सामाजिक वातावरण निर्माण भई वातावरण/परिस्थिति र व्यक्ति बीच अन्तर्क्रियात्मक सम्बन्ध स्थापना हुन्छन् । जसबाट विकासित मूलुक स्तरमा विकासोन्मुखबाट स्तर बृद्धि गर्ने निश्चित अनुमान गर्न सकिने ज्ञान, दृष्टिकोणको विकास हुन्छ । यस किसिमको सैद्धान्तिक महत्वहरु रहेका छन् ।

व्यवहारिक महत्वको रुपमा सहभागिता के हो ? कसरी सहभागिता प्रक्रियालाई कुन स्थान, समय विशेषमा अगाडि बढाउन सकिन्छ बारे निष्कर्श प्राप्त हुनेछ । सहभागिताले व्यक्तिगत, पारिवारिक सामुदायिक जीवनमा कस्ता खालका प्रभावहरु ल्याउँदछ भन्ने ज्ञान प्राप्त हुनेछ । सहभागिताले विविधिकरणलाई समेटी समतामूलक प्रक्रिया मार्फत व्यक्तिहरुको इच्छा चाहना आकांक्षा सञ्चार, सुनुवाई, संलग्नता गर्दछ । यसले व्यक्तिलाई घुलमिल, परिचित, निर्भिक, जगैदेखि धैर्य, संयमित व्यक्तिको निर्माण गर्छ। इसले विभिन्न जात, वर्ग, सम्प्रदाय बीचमा रहेको संकीर्ण भावनालाई तोड्दछ । यसर्थ बालबालिका सक्रियकर्ता भई सिक्दछ, रुपान्तरणका कार्यमा अगाडि बढ्दछ । विभिन्न निकाय, तिको क्रियाकलाप फरक

पार्दछ । यसबाट समावेशी चरित्रको निर्माणमा मुलकुको संरचनात्मक निकाय, प्रणाली, सामाजिक साँस्कृतिक एकाइहरुमा प्रभाव पारी मानव अधिकार र लोकतन्त्रका आधारभूत संस्कारहरु स्थापना भई स्वतन्त्र मानवीय मूल्यहरुको स्थापना हुन्छन् । साथै बालबालिकाको सहभागिताबाट पर्ने सकारात्मक प्रभावलाई बढावा र नकारात्मक सामाजिक चरित्रबाट पर्ने नकारात्मक नतिजालाई न्यूनिकरण गर्न सकिन्छ । यस सन्दर्भमा, अध्ययनले सैदान्तिक, प्रयोगिक सिद्ध व्यवहारिक र विश्लेषणात्मक, अन्वेषणात्मकतामा आधारित बाल सहभागिताको बुझाई, प्रकृति, व्यक्तित्व विकास सम्बन्धमा बालबालिका सदस्यहरुको निष्कर्ष प्रदान गर्दछ । तिनीहरुले बाल क्लब, समुह, गा.वि.स. तहको संघसंस्थामा प्रभावकारिता, उपयोगिता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने छ । र त्यसले धेरै सकारात्मक प्रभाव पार्ने छ । त्यस्तै गरी अन्य संघ संस्थाहरुलाई उत्साह थप्न सहयोग पुग्नेछ । जस्तै बाल क्लब, समुह, संघ संस्था र गा.वि.स. र जिल्ला तहमा बाल विकास गर्न बाल सहभागिता पक्षबाट महत्वपूर्ण हुनेछ । साथै सहभागिता स्थिति, कारण, प्रभाव र संरक्षणमा हुनु पर्ने अवरोधको स्थिति सूचनाहरुमा ज्ञान खाडल पुरा गर्ने छ । सहभागिता महत्वपूर्ण विषय भएकोले शिक्षक, शोधकर्ता, योजनाकार र अन्यलाई जानकारी प्राप्त हुनेछ । सहभागिताको प्रक्रिया, तह र सहभागिता कमी भएको परिवारको आर्थिक, सामाजिक विशेषताहरु उपलब्ध हुनेछ ।

## १.५ अध्ययनको संगठन

यस शोधकार्यको प्रतिवेदन आठ अध्यायमा संरचित गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि,समस्याको कथन,अध्ययनको उदेश्य, अध्ययनको महत्व तथा संगठन राखिएको छ । दोस्रो अध्यायमा पूर्व साहित्य समिक्षा र अध्ययनको अवधारणात्मक खाका राखिएको छ । तेस्रो अध्यायमा अध्ययन छनौटको औचित्य, अध्ययनको ढाँचा, समग्रतामा नमुना छनौट प्रकिया, तथ्यांकको प्रकृति, तथ्याङकको स्रोत, तथ्यांक संकलन विधि, असंरचित अन्तवार्ता, वैयक्तिक अध्ययन विधि, तथ्याङक प्रशोधन र विश्लेषण,अध्ययनको सिमा, अध्ययन शोधकार्यको समयअवधि, रहेको छ । चौथो अध्यायले अध्ययन क्षेत्रको स्थिति विश्लेषण एवं बालबालिका र अभिभावक बीचको सहभागितात्मक सम्बन्ध, पाँचौ अध्यायमा अभिभावकसँग बालबालिकाको सहभागितात्मक सम्बन्ध, छैटौ अध्यायमा बालबालिकाको अभिभावकसँग सहभागितात्मक सम्बन्ध,सातौ अध्यायमा सार्वजानिक तहमा बालबालिकाको सहभागिता र आठौ अध्यायमा सरांश तथा निष्कर्ष रहेको छ ।

# अध्याय दुई

# पूर्व साहित्यको अध्ययन

## २.१ पूर्व साहित्य समीक्षा

बाल अधिकारले बहुआयमिक पक्षलाई समेटदछ । सहभागीताले व्यक्तिको निर्णय र पहुँचको पहिचान दिन्छन् । यसले समग्र स्थितिलाई जनाउदछ । मुख्यतः बाल संरक्षण र सहभागीताको पद्धतिमा समयको अन्तरालमा भिन्नता देखिन्छ । धेरै जसले पूर्व साहित्य समिक्षामा तामाङहरुको साँस्कृतिक परम्परा, मूल्य मान्यता बारे धेरै पाइन्छ । तामाङ जातिहरुमा शिक्षाको कमीका कारण पिछाडिएका छन् । साथै पहाडी भेगहरुमा तामाङहरुको परम्परागत बाली प्रविधिले अझ पिछडिन बल पुगेको छ । यस कारण पुरुषहरु विदेशिने क्रम बढेको छ कि केही आम्दानी गर्न र परिवार धान्न बाल संरक्षणको स्थितिलाई हेर्दा धेरै बालबालिकाहरु विद्यालय छाडेका तामाङ जातिमा धेरै पाइन्छ । यस विषयलाई हेर्दा घरदेखि समुदाय सार्वजनिक स्थलहरुमा बाल अधिकारको क्षेत्र कमजोर छन्। यसर्थ यस शोधकार्यलाई सफलपूर्वक सम्पन्न गर्न विगतमा भएका अध्ययनहरुको समिक्षाले सहयोग गर्ने भएकोले यस अध्ययनको लागि सम्बन्धीत अध्ययन समिक्षा गरिएको छ । नेपालको आन्तरिम संविधानमा २०६३ (भाग ३ को धारा २२ मा बालबालिका सम्बन्धी हकको व्यवस्था गरिएको छ जसमा बाल बालिकाको पहिचान तथा नाम, पोषण, सुरक्षा, शोषण विरुद्ध अपाङता भएका बालबालिकालाई अधिकारको सुनिश्चित गरिएको छ । यसका साथै अन्य मौलिक हकहरुको व्यवस्था गरिएको छ । १६ बर्ष भन्दा मुनि उमेरका मानिसलाई बालबालिका भनि तोकिएको छन् । बालबालिकाको पहिचान संरक्षण, सुरक्षा सम्बन्धी मापदण्ड तोकिनुका साथै सामाजिक परम्पराको नाममा बालअधिकारको हनन नहुनु पर्ने व्यवस्था गरिएको छ । (बालबालिका सम्बन्धी ऐन, २०४८) यसर्थ कानूनता उल्लेख भए भनि यस संग सम्बन्धित व्यवहारिक सामाजिक धरातललाई जानकारी लिनु आवश्यक हुन्छ । यसको उपयोग कतिको छ ? भन्ने बारे अध्ययन गर्नु आवश्यक देखिन्छ ।

१४ बर्ष भन्दा मुनिका बालबालिकालाई श्रममा लगाउनु नहुने जोखिमपूर्ण कार्यमा लगाउन नहुने (बालश्रम निषेध र नियमन गर्ने) ऐन २०५६ मा व्यवस्था गरिएको छ । काठमाण्डौंमा पनि गौशाला, चावहिल नयाँ बानेश्वर, नयाँ बसपार्क जमल दरबार मार्ग, ठमेल कलंकीको बालबालिकाहरुको अध्ययनले ७४% बालबालिका अधिकारको लागि सधै

संस्थामा गएको देखाएको छ (Jill, 2011) । यसर्थ के बालबालिकाहरुको त्यो भन्दा फरक स्थितिले कि बालश्रमको अवस्थामा बाध्य बनाई रहेको छ की भन्ने अध्ययनको आवश्यक देखिन्छ ।

जुन सुकै मुलुकमा सहभागितालाई प्रबर्द्धन गर्न ग्रामिण निम्न स्तरका व्यक्तिलाई नीतिगत रुपमा बैधता प्रदान गरि प्रोत्साहन गर्दै अगाडि बढाउन सकिन्छ । सहभागिताले स्वेच्छिक विचारको कदर भई प्रस्तावलाई यथार्थता, आवश्यकताहरु पहिचान यसले सहजीकरण र सशक्तीकरण गर्ने हुन्छ वा वैकल्पिक उपाय तरिकाहरु दिन्छ । सहभागीताले शान्ति स्थापनामा सहयोग गर्दै सामाजिक धनको विकास गर्छ । सहभागिताले हरेक कार्यलाई उपलब्धी मूलक बनाउछ (O' Brien etal, 1997) । यसर्थ सहभागीताले एकता वा शान्ति स्थापना, उत्पादनमूलक उपलब्धि बनाउछ भन्ने बारे अध्ययन आवश्यक देखिन्छ । यस पुस्तकमा बाल विपन्नता, क्षेत्रगत गरिबी, सामाजिक बहिष्करणको यथार्थता पूर्वी युरोपमा बालबालिका माथि प्रभाव प्रत्यक्ष परेको उल्लेख छन् । यसलाई हाम्रो समाजसँग, यथार्थता तुलना गरि अध्ययन गर्नु आवश्यक छ ।

Soviet समाजलाई हेर्दा बालबालिका वा युवाहरुको सहभागिताको महत्व धेरै देखिन्छ । सहभागिताले असफल कमजोरी, अनुभवबाट सिक्दै अघि बढ्दछ । यसबाट ज्ञानमा निष्कर्षमा पुगिन्छ । एक अर्कामा संगठित वा सहभागी भएर सिक्नु नविन तरिकाको शिक्षा हो । यसले पुरानो पुस्ताको पुस्ताको विचार धारा समिक्षा गरि परिवर्तन गर्ने बल प्रदान गर्दछ । सहभागिताले पुरानो पुस्ताको पुरानो विचारको दमन फाल्न र एकताको सिर्जना गर्न, निदाइलाई विउझाउन, जगाउन, अचम्मको कार्य गर्न आत्मबुद्धि प्रदान गर्दछ (Lenin,1997) । यसमा लेखकले उल्लेख गर्नुभए अनुसारको प्रक्रियाबाट लाभ पाउन सकिन्छ कि सकिदैन गहन अध्ययन गर्नु आवश्यक छ । बालबालिकाको चौतर्फी विकासमा शारीरिक, मानसिक र बौद्धिक विकास गर्ने, बालअधिकारको सुनिश्चित गर्ने इच्छाको संरक्षण गर्ने, नेपाली संस्कृति, परम्परा, मुल्य, मान्यताको आदर सम्मान गर्ने बालबालिका विकास गर्ने सातौ योजना देखि समावेश भएको पाइन्छ । (Seventh Plan, 1985 – 1990)

बालबालिका नागरिक अधिकार प्राप्ती कर्ताको रुपमा हुन्छन् । बचाउ र विकास अधिकारले पूर्ण रुपमा बालबालिकाको अधिकार सम्बोधन गर्न सक्दैन र यसको लागि सहभागिताको अधिकार अपरिहार्य छ । सहभागीताले अरुको अधिकारको सम्मान, अरुको स्वचन्त्रता, राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, स्वास्थ्य र नैतिकतालाई ख्याल राख्दछ ।

बाल सहभागिताको अधिकारमा अभावकीय अधिकार अन्तर्गत सुनुवाई, विचारको अभिव्यक्ति निर्णय निर्माणको समावेश, अभिभावकीय अधिकारको दुरुपयोगबाट संरक्षणमा जोड दिएको छ । बालबालिका जब बौद्धिकता क्षमता पुग्छ तबदेखि उनीहरुको निर्णय आवश्यक हुन्छ (Scarman,1998)। आर्थिक रुपमा विपन्न, सीमान्तकृत बालबालिकाहरुमा अभिभावकबाट समेत शोषण गरिरहेको उल्लेख गरेका छन् । यसमा अभिभावकले बालबालिकाको इच्छा सुन्ने , कानूनी संरचना, गैर सरकारी संस्था, सुझाव समुह, संरचनामा जोड दिन्छन् । संरक्षण बारे छलफल, मुद्दा, समस्या, आवश्यकता उठान सहभागीताबाट मात्र हुन्छ । बालबालिका माथिको अभिभावकीय अधिकारले बालबालिकाप्रतिकर्तव्य बोध हुन्छ । त्यस्तै सरकारले बाल अधिकारको बारे समुदायलाई र परिवारलाई सुसूचित गर्नपर्ने र बालबालिकाको क्षमता, असल इच्छाहरु निर्णयमा सरकारले प्रबर्दनात्मक भूमिका The state & The Participatory Rights of childrenअन्तर्गत पर्ने गर्दछन् । यसको नयाँ आयमको रुपमा बाल अधिकारको बातावरण तयार र यसले हिंसाको अवस्था थाह पाउन अनुसन्धान र इन्टरभेन्सन (Intervention) लाई जोड दिएको छन् । (Goodesekere, 1998)। उपर्युक्त सहित्यबाट के ठम्याउन सकिन्छ भने अभिभावक, घर परिवारको सहभागीता गर्ने भूमिका के हुन्छ ? राज्यका निकायको भूमिका के हुन्छन् भन्ने बारे अध्ययनको आवश्यक छ ।

राज्य तहमा बाल संसद, Bhima Sangha, बाल मजदूर युनियन, शिशु पञ्चायत अवधारणा बाल सहभागिताको सन्दर्भमा रणनीतिक प्रक्रियाको आवश्यकता उल्लेख गरिएको छ। त्यस्तै गरी बाल सहभागिता र असहभागिता के छ भन्ने बारे सहभागिताको लागि आमन्त्रित र सूचित (Consulted and informed), वयस्कको नेतृत्व बालबालिकाहरुसँग निर्णय(Adult initiated shared decisions with child), बालबालिकाहरुबाट शुरु निर्देशित, संचालित (Child intiated and directed)र बालबालिकाहरुबाट नेतृत्वमा वयस्कसँग निर्णयको अवस्था आवश्यकता हुन्छन् भने असहभागिताको अवस्थालाई छलयोजना (manipulation), र सूचित (Assigned but informed) को अवस्थालाई रुपमा लिन सकिन्छ । (Singh etal,1996)यसरी लेखकले सहभागिता के, कसरी के स्थिति, किन र असभागी बारे पनि स्थिति उल्लेख भएका छन् । यस चरणबाट समाज र परिवेशलाई हेर्न सकिन्छ । बालबालिका र वयस्क बीचको सम्बन्ध र संस्कृति एक सामाजिक निर्माणको अवधारणा हो । निश्चित समय, परिस्थिति पार गरेपछि बालबालिकाले

ऐतिहासिक, साँस्कृतिक, बौद्धिकता हासिल गर्दछ। यसबाट फेरी ऐतिहासिक र साँस्कृतिक पक्षलाई प्रभाव पार्दछ (Hookey etal, 1993)। यसरी सहभागिताले सिकाइ अनुभवबाट पद, व्यवहार पनि प्रभावकारी बनाउँदै जान्छन् । सहभागीताले निष्क्रियमुखी भूमिकाभन्दा सक्रिय निर्मताको रुपमा बुझ्दछन् र निर्णयकर्ताको रुपमा आफ्नो समाज परिवेश अनुसार स्थान पाउँदछन् (Prout etal, 1990 : 8)। सहभागिताको अर्थ अन्य फरक संस्कृतिमा केन्द्रित गर्ने कुरा नभई संरक्षित संस्कृतिको अनुभव गर्नु हुन्छ । सहभागिताले साँस्कृतिक अनुभवहरु सिक्छन् वा ऐच्छिक अनुभवहरु पर्दछन् । यसर्थ बालबालिका र सामाजिक सन्दर्भमा सहभागीताको महत्वपूर्ण भूमिका रहन्छन् ।

बाल्यावस्था भनेको आधारभूत सामाजिक निर्माण हो । यस निर्माण सन्दर्भमा अधिकार, प्रतिस्पर्धा अनुभवको रुपमा प्रशिक्षित गरि सक्रियकर्ताको रुपमा हेर्नुपर्छ । तिनीहरु बालबालिकाको आफ्नै अधिकार हुनुपर्दछ (Walkerdine, 2004) । सामाजिकीकरण सिद्धान्तले परम्परागत निश्कृय थाप्ने बुझाई हेराइको व्यापक रुपमा खण्डन भएका अवस्था छ (Jenks,1992)। बालबालिका तिनीहरुको जीवनशैली र भविष्यको सक्रियकर्ताहरु वा निर्माताको रुपमा मान्यता स्थापित भई सकेको छ (James etal,2004)। हाल आएर पनि समाजमा सामाजिक साँस्कृतिक तत्वहरु वर्ग, लिङ्ग, जनजातियता, राष्ट्रियता सबै असमानता, विविधता, भिन्नता पाइन्छ ति सबै दैनिक सामाजिक भौतिक भोगाइहरुको प्रभावहरु हुन। यसलाई अनुकूलित गर्दै जान बालबालिकाहरुबीचमा संरचनात्मक सम्बन्धको आवश्यक छन् (Ronald, 2005)। यसर्थ समाजमा बालबालिकाले कसरी प्रतिक्रीया गर्छ, कसरी आफ्नो दृष्टिकोण विकास गर्छ भन्ने बारे सामाजिक परिचय, सम्बन्ध र संस्कृतिहरुबाट सहभागिता मूलक रुपमा निर्माण गर्छन् ।

बालबालिका परिवारमा व्यवहारिक रुपमा अनुभवित गर्दै एक अर्कामा सम्बन्धित छन् त्यसैले परिवारले सहभागिता गर्छ भन्ने निष्कर्ष निकाल्नु आवश्यक हुन्छ (Morgan, 1991)। अथवा व्यक्तिको परिचय उदविकसित सधैं प्रक्रियामा निरन्तर अगाडि बढ्छ । जसले म को हो ? हामी को हौ ? आदि । यो सबै पहिचान आर्जित, अनुभवित प्रस्फुटित, व्यक्त, व्यवस्थित र निरन्तर सम्पादित हुन जुन सन्दर्भ समय अनुसार हुन्छ (Goffman, 1959 & Butle 1993) । यसर्थ बालबालिकाको जियाई, बसाईलाई सक्रिय कर्ता र तिनीहरुको इच्छा आकाङक्षाहरु चाहनाहरुलाई प्राथमिकतामा राखिनु पर्छ । यसका साथमा तिनीहरुको जस्तै : साथीहरु, परिवारहरु, स्थानीय समुदाय, हेरचाहकर्ता र पेशा विचमा

तिनीहरु बीचमा कसरी बस्छ । र सम्वाद हुन्छन् बारे थाहा पाउनु आवश्यक हुन्छ । साथै कति उदाहरण बाट थाह पाउन सकिन्छ कि विद्यालयको वातावरण मन परेपनि शिक्षकको व्यवहारले विकर्षण गरेका हुन्छन् भन्ने प्राप्त छन् । अतः बाल सहभागीतालाई अझ प्रवर्द्धन गर्न बालबालिकाको रुचि चाहना इच्छा स्तरलाई बुझ्न आवश्यक हुन्छन् । वर्तमानको बाल्यावस्थाको अवस्थाले अभिभावकको परिचय दिने ऐतिहासिक अवधारणाले भन्दछन् । वा बालबालिका सक्रिया विषय हुन जसले बालबालिकाबाट वयस्कहरुलाई बुझ्न सक्छ । यस अध्ययन अवधारणाले बाल्यावस्थाको विचार, अवधारणाको उत्पति चाहि मध्यम वर्गबाट भएको पाइन्छ, ऐतिहासिक अवधारणाबाट बालबालिकालाई मनोरञ्जनको साधनको रुपमा लिने गर्छ भने कहि श्रमको आवश्यक साधन, बृद्धावस्थाको सहाराको रुपमा हेर्दछन् ।

त्यस्तै विकासात्मक मनोवैज्ञानिक अवधारणाले तालिम भोगाई र उमेर अनुसारको भोगाइबाट शारीरिक संवेगात्मक विकास गर्दछ । तिनीहरुको विकास समय र समाजको एक वयस्क सदस्य हुँदै विकास गर्दछ (Kelily, 2004) । तसर्थ सक्रिय सिकारुको रुपमा ठाउँ र अवस्थाबाट परिपता तर्फ अगाडि बढ्छ (Verhellen, 1997& walkerdine, 2004)। यस अवधारणाबाट सहभागीता आवश्यक हुनेछ । त्यस्तै भोगाई अनुभव, ज्ञान अनुभवबाट सामाजिक र जैविक रुपमा महत्वपूर्ण हुन्छन् (Brunner, 1902) । त्यस्तै बालबालिकाहरु भोगाइबाट व्यूँझन्छ, माझिन्छन् र अभिवृद्धि हुन्छन् (Chomsky, 1997) । तसर्थ मानव र बस्तुहरुसँग अन्तक्रिया गर्दै मानवले विकास गर्छन् । बालबालिकाको अध्ययनमा साहित्य अवधारणाले बालबालिका सहित्यहरुबाट संसारलाई कसरी र किन बालिकाको संसार निर्मित छन् भन्ने बारे चिहयाइन्छ । साहित्यबाट बालबालिकाको दृष्टिकोण र अभिभावक बुझाईलाई जोड्दछ । साहित्यले चौतारा र पुलको कार्य गर्दछ । एक अर्कामा मनोरञ्जन र सम्बादको बातावरण तयार गर्दछ । फरक संस्कृति र समय अनुसार बाल्यावस्थाको सहमति र विमतिको प्रस्फुटन हुन्छ । यसर्थ एक अर्कामा जम्मा भई आपसमा छलफल र सम्वाद गर्न सक्छन् ।

समाज शास्त्रीय, मानवशास्त्रीय दृष्टिकोणबाट सामाजिक र सास्कृतिक निर्माण अवधारणा अनुसार बालबालिकाहरुलाई तिनीहरुको कथाहरु, मुल्य संस्कारहरुमा वयस्कहरुको सरोकार हुनुपर्दछ (Opie etal, 1909) । बालबालिकाको निकाय, दैनिक क्रियाकलापमा बालबालिकाको जिविकालाई व्याख्या गर्न उपयोगमा ल्याइयो (James etal, 1990) । बाल्यावस्था अध्ययनमा सामाजिक संरचनात्मक अवधारणा अनुसार प्रथम पक्ष उमेर, पद,

भोगाईले व्याख्या गर्छ । त्यस्तै जात, लैङ्गिकता र सामाजिक वर्ग अनुसार बालबालिकाहरु शक्ति र इज्जतमा आफ्नो दौतरी साथीसँग संवाद गर्छ (Goodwin,1990) । यसरी बालबालिका सिक्ने सिकाउने अवस्था उमेर हो ।

जनसाङख्यीक अवधारणा अनुसार बालबालिका अध्ययन धेरै अमेरिकन समाजशास्त्रीहरु Top down opproachबाट फराकिलो अन्तर संरचनालाई हेर्दछ । पारिवारिक सम्बन्ध विच्छेद, पारिवारिक गरिबीले परिवारको रोजगारले बालबालिकाको स्थितिमा फराकिलो प्रभाव पार्दछ । यसरी बालबालिकाको well beingको निर्धारण गर्दछ । त्यस्तै बालबालिकाको अन्तरदृष्टिमा प्रभाव पार्दछ । यसर्थ सामाजिक संरचनाबाट बालबालिकाको दृष्टिकोण निर्धारण गर्दछ । सामाजिकीकरण अवधारणा अनुसार दुवै बाबुआमा र तिनका बाल बच्चा दुवैलाई प्रभाव गर्दछ । मनोबैज्ञानिक समाजशास्त्रीका अनुसार आदन र प्रदान प्रक्रियाबाट हुन्छन् । अमेरिकामा भएको एक अध्ययनले फरक फरक जात र फरक वर्गको बाल्यावस्था फरक फरक रहेको हुन्छ (Lareu, 2002)। अभिवावकले र बालबालिकाबाट कसरी वर्ग, जात बाल्यावस्थाबाट सिर्जना गरिरहेको हुन्छन् । त्यस्तै निम्न, मध्यम, उच्च वर्गको बालबालिका फरक फरक सडकमा हुने Lareu ले उल्लेख गरिएको छन् । अभिभावक (आमा बाबु) र बालबालिका बीचको सम्बन्धलाई अध्ययन आवश्यक हुन्छ कि बालबालिकाको अवस्था बुझ्न (Rossi, 1990)। यसरी अभिभावकीय शैलिबाट बंशको सामाजिकस्तर, विश्वास प्रणाली सार्दछ । सामाजिकीकरण दोहोरो प्रक्रियाबाट बास्तविक पारिवारिक अवस्थामा स्वास्थ्य, आम्दानी, पेशागत व्यवहार, मुल्य दृष्टिकोण भावनाको ग्रहण जीवन योजनाहरु अन्तर वैयक्तिक गुणात्मकताहरु सार्दछ ( Ambert's, 1992)। यसर्थ सहभागीता युक्त तवरले वालबालिकालाई अभिभावकले हुर्काउनु अभिभावकीय दायित्व हो ।

त्यस्तै साथीत्वको अर्थ फरक फरक हुन्छन् । जसमा महिलाहरुको केटी, छोरी जातिहरुको मनको सरोकार उत्सुकताहरु आदान-प्रदान आफ्नै दौतरीहरुमा हुन्छन् । केटा ( छोराहरुमा पनि उत्सुकता तह फरक फरक हुन्छन् । त्यस्तैगरि श्रमिक वर्ग र मध्यम वर्गको साथीत्वमा फरक स्थान र सन्दर्भ हुन्छन् । यसरी फरक बालबालिका सन्दर्भमा बालसहभागीताले समावेशिता स्थान सन्दर्भको निर्माण गर्दछन् (Abercrombie, 2005) । जस्तै छाला, रङ्ग, जात, आर्थित स्तरबाट सम्बन्धमा फरकपन आउछन जसले समावेश र बञ्चित निर्धारण हुन्छ । त्यस्तै यौनिक अभिमुखीकरण, विश्वास, वर्ग पृष्ठभूमिबाट व्यक्तिको

सामाजिक रुपमा निर्धारण हुने गर्दछन् । समावेशीताको अवधारणा विकासमा बाल सहभागीता महत्वपूर्ण हुन्छन् (Sen, 2009)। यसरी Reflexive praxisलाई उपयोगमा ल्याउन सकिन्छ । बालबालिकाहरु मनोबैज्ञानिक रुपमा विभिन्न स्तरहरुमा संकट वा गतिशीलता हुने भएकोले शिक्षक र अभिभावकले प्रत्येक तहमा उनीहरुको लागि सामाजिक अवसर र सहयोगको अभिबृद्धि गर्नु आवश्यक हुन्छन् । बालबालिकाले ज्ञानको विकास, भोगाइ, र अभ्यास अनुभवबाट गर्छन् । बालबालिकाहरु समुहमा र वयस्कहरुसँग अन्तक्रिया गर्दै मुल्य, परम्परा, विश्वास र भाषा तिनीहरुको संस्कृति सिक्दछन् । तसर्थ अभिभावकले बालबालिकालाई प्रशस्त अन्तरक्रियाको समय र अवसर उपलब्ध गराउनु आवश्यक छ । बालबालिका विद्यालयमा निस्किय ग्रहणकर्ता नभई सक्रीय उत्पादनकर्ता, निर्णयकर्ता रुपमा लिइन्छ । साथै साथी समुहबाट सहयोग पाउने बातावरण निश्चित गर्नुपर्दछ ।

सहभागिताले बालबालिकाहरुलाई विविध शिक्षाको सहकार्य , प्रतिस्पर्धा , सुझाव, समग्रताबाट विशिष्टता, नेतृत्वको स्तर अवस्था अभिबृद्धि गर्न, आफ्नो आकाङक्षाहरु ऋादान प्रदान गर्न अहंमप्रति सयमित हुन, सफलपूर्ण तयारी हुन शिक्षा प्रदान गर्दछ । यसरी समुदायमा नेता धेरै हुन्छ असल नेतृत्व थोरै हुन्छन् (Lehky, 2011) । यसर्थ असल नेतृत्वको अभिबृद्धि गर्न बाल सहभागिता आवश्यक हुन्छन् । बालबालिकाको सहभागीतालाई व्यक्तिगत र सार्वजनिक स्थलको सहभागीताको रुपमा लिन सकिन्छ । सरकार, सङगठन, समाज, घरपरिवार र प्राइभेट क्षेत्रले वालबालिकालाई वैधानिक सह्रभागीता गराई सह्रशताब्दी विकास लक्ष्य प्राप्त गर्न वयस्कहरु प्रयासको मुटु हुनु पर्ने हुन्छन् । सहभागीताले फराकिलो क्रियाकलापहरुलाई समावेश गरी फरक नमुना र शैली प्रस्तुत गरिएको हुन्छ । जब बालबालिकाहरु फरक सूचनाहरु ह्देर्दै आफ्ना इच्छाहरु व्यक्त गर्दै दृष्टिकोणको निर्माण, विचारको अभिव्यक्ति केही क्रियाकलापहरुमा निर्णय निर्माण र सहकार्य र सूचित हुँदै विचार प्रक्रियाहरु, प्रस्तावहरु र परियोजनाहरु स्थिति विश्लेषण र निर्माण, अरुहरुलाई सम्मान गर्दै र मर्यादा निर्माण गरिएको हुन्छ । बालसहभागीताको अर्थ अभ्यासमा बालबालिकालाई वयस्कहरुले सुन्दछन् । बैधानिक सहभागीताले बाल सहभागीतालाई मुल्य दिदैछ । बैधानिक बालसहभागीता बालबालिका र वयस्क व्यक्ति तिनीहरु आफैबाट तिनीहरुको आफ्नै सम्बन्ध आफ्नै यथार्थता, तिनीहरुको आफ्नै आशा सरोकार र विश्वासयोग्य लक्ष्य, दर्शनबाट हुनु पर्छ । विशेष गरि बैधानिक र अर्थपूर्ण सहभागीता । वयस्कहरुको विचार र व्यवहारमा आमूल परिवर्तन शर्त राख्दछ । जुन बहिस्करणबाट समावेशिकरण अवधारणा र तिनीहरुको

क्षमता विश्वले परिभाषित आधारमा बालबालिकाले तिनीहरु बस्न, जिउन चाहिएको एक प्रकारको विश्वलाई योगदान गर्न सक्छ । बाल सहभागीता अर्थपूर्ण हुन संलग्न क्षमताहरु अभिभावक र अन्य वयस्कहरुप्रति गफ, सम्वादमा खुल्लापन र बालबालिकाबाट सिक्ने सुरक्षित स्थानहरु परिवार, समुदाय र समाजमा त्यसप्रति स्वीकार्य हुनुपर्छ ।

प्रथमतः बाल सहभागीताको लागि पारिवारिक क्षमता निर्माण गर्न अनौपचारिक साँस्कृतिक समुह, समुदाय, संस्थागत कार्यक्रमहरु छिमेकीहरुको संगठन, विद्यालय अन्तर्गत शिक्षण योजना विद्यालय मन्चहरुमा, सार्वजनिक नीतिगत निर्णय अन्तर्गत अधिकारमञ्च दवाब समुह, निर्वाचन, सञ्चार सहभागीता हुनुपर्ने क्षेत्रहरुले प्रस्तुत गरेको छन् । जब बालबालिकालाई अर्थपूर्ण सहभागीता गर्न अवसरको सिर्जना हुन्छन् उनी घर विद्यालय, समुदाय तथा देशमै प्रजातान्त्रिक छलफल तथा अभ्यासमा योगदान पुऱ्याउन इच्छुक र सक्षम हुन्छन् । यसबाट उनीहरुले वरिपरिको वातावरणमा केही निर्माण गर्नसक्दछन् विश्व शान्ति र विकासको लागि प्रजातन्त्रको निर्माण महत्वपूर्ण विषय बस्तु हो । सबै जनाले अधिकार गरिमाको सम्मान, बालबालिकालाई प्रत्यक्ष प्रभाव पार्ने विषयहरुमा उनीहरुको प्रभाव, निर्णयमा सहभागी हुने अधिकार प्रजातन्त्रका मुल्यहरुभित्र पर्दछन् । सहभागीता जनाउने इच्छा मानवमा जन्मजात नै लिएर आएको हुन्छ । हाललाई सहभागीता बारे विचार गर्दा बालबालिका भोका नङ्ग भएका अवस्था जनायो कि जनाएनन भन्ने नभई कसरी सहभागी गऱ्यो भन्ने मुख्य विषयबस्तुहरु हुन । वा हाललाई सुधार गर्नुपर्ने कुरा अन्त क्रियाको गुणस्तर हो । हाल हाम्रा चुनौतिहरुमा बालबालिकाले कुरा सुन्नु चुनौतिहरु मध्येको एउटा चुनौति हो ।

अर्थपूर्ण सहभागीताले बालबालिकाको विचार एवं परिप्रेक्ष्य पत्ता लगाउनु र तिनीहरुको दृष्टिकोणहरुलाई गम्भीरता साथ ग्रहण गर्नु र प्रतिस्पर्धात्मकता विकासमा सघाउनुलाई जनाउछ उनीहरुका प्रभावित पार्ने विषयहरु निर्णय गर्दा उनीहरुका विचारहरुलाई ध्यानमा राख्ने, बहुल तथा विविध प्रकारका भनाई सुन्ने, अभिव्यक्तिको स्वतन्त्रता निश्चित गर्ने, अभिव्यक्तिको सक्षम बनाउने तथा प्रोत्साहित गर्ने कार्य पर्दछन् । उनीहरुको विचार सुन्ने भन्दा अनुमोदन गरिहाल्नु भन्ने नभई छलफल र विचार आदानप्रदान कार्यमा संलग्नता गराउदा उनीहरुले वरिपरिको संसारलाई प्रभावित पार्ने रचनात्मक उपायहरु सिक्न पाउँछन् । सहभागीताले बालबालिकालाई जगै देखि सक्रिय सहनशील र प्रजातान्त्रिक नागरिकहरुका रुपमा जिम्मेवारीहरु वहन गर्न थप पुनर्वल प्रदान

गर्दछ । त्यस्तैगरि बालबालिकाको लागि सहभागीतामा भएको प्रोत्साहनले उत्कृष्ट सम्भाव्यको थालनीको निर्धारण गर्छ । उनीहरुको संलग्नतामा दुर्व्यवहार, उपेक्षा र अभिभावकबाट परिवर्तन अवरुद्ध भएमा बयस्कप्रति बालबालिकाको विश्वासमा कमी, माया लिन दिन असक्षम हुन्छ र अरुका लागि अनुभूति, विवेक, माया विकास गर्न असफल हुन्छन् । त्यस्तै सहभागीताको लागि बाल अवसर जस्तै परिवार, स्थानीय सरकार, नागरिक समाज र नीजि क्षेत्रको भूमिका रहन्छन् । यसमा नीतिगत र संस्थागत रुपमा अवसर उपलब्ध गराउनु नै पर्छ । जस्तै अभिभावकले बालबालिका सँगै बसेर टि.भि हेर्नु । कथा पढेर सुनाउनु, उनीहरुको सञ्चारलाई कसरी सुन्ने भन्ने कुराहरु पर्दछन् ।

भावी अपेक्षाहरुमा सामाजिक रुपमा बालबालिकालाई बढाउनु अभिप्रेरित गर्नु, सचेत गराउनु, सभ्य नागरिकको रुपमा उभ्याउनु विवेचनात्मक रुपमा सोच्न समर्थ बनाउनु, जस्ता पक्षको जिम्मेवार लिने स्थानमा विद्यालय पर्दछन् । यसर्थ सक्रिय सिकाइको रुपमा लिइ महत्वपूर्ण सीप र विश्व बारे ज्ञान प्रदान गर्दछन् । त्यस्तै Unicef, 2009 ले सहभागीता गराउने खालको कक्षाकोठा विधिको अभियान जारी राखेको छ । निस्क्रिया प्राप्ती भन्दा सक्रिया सिकाई प्रोत्साहित गर्छ ।

त्यस्तै बालिका शिक्षाले प्राथमिक विद्यालयबाट वञ्चितहरुको बालिका शिक्षा सङगठनबाट प्रत्यक्ष सकरात्मक प्रभाव पार्न सफल भएको छ । Child to child बाट विद्यालय नआउने बालबालिकालाई विद्यालय ल्याउने महत्वपूर्ण नमुना पाकिस्तानका उदाहरणबाट प्रष्ट हुन्छन् । त्यस्तै खेलकुदहरुमा लामो समयदेखि सहभागीतालाई आत्मसात गरिएको छ । विश्वको वा राज्यको उत्तराधिकारी भनेका बालबालिका नै हो । त्यसैले लाभ, अवसर उनीहरुले पाउनु पर्छ । अहिलेसम्म दुर्व्यवहारित उपेक्षित, अपमानित हुने समुहमा बालबालिका वर्ग पनि परिरहेको छन् । यसलाई सडक बालबालिकाको स्थितिले छर्लङ्ग हुन्छ । यसै सन्दर्भ ब्राजिलको सडक बालबालिकालाई हेर्ने हो भने किशोर किशोरिको भूमिकाबाट सडक बालबालिकालाई विद्यालय फर्काउन र सडक बालबालिकाले आफ्नो अधिकारको बारे लड्न, फर्काउन सफलता प्राप्त गरे र शिक्षा सिके (विश्व बालबालिकाको स्थिति, २००३) । यसर्थ बालबालिकालाई सहभागीतामूलक अनुसन्धान देखि विकासका कार्यमा संलग्नता गराउनु वैधानिकता साथ अगाडि बढाउनु आवश्यक पर्दछ ।

हाल नेपाल सरकारले बाल सहभागीतालाई वैधानिकता दिन संस्थागत रुपमा बाल विकास केन्द्र, पूर्व प्राथमिक कक्षा स्थानिय स्तरमा बालक्लबहरुको सक्रियता, प्यारालिगल

समिति, महिला समुहले बाल संरक्षण र सम्बर्दनमा क्रियाशील गराएका छन् । बाल सञ्जाल स्थानीय स्तरमा उनीहरुको प्रतिनिधित्व बालबालिका सम्बन्धी स्थिति पत्र प्रकाशनन र अद्यावधिकमा  बालबालिका सम्बन्धी योजना समेटी योजना तर्जुमा तथा कार्यक्रम कार्यन्वयन व्यवस्था अधिक बालसहभागीताको व्यवस्था गरिएको छ । त्यस्तै स्थानीय बालमैत्री शासन, पूँजिगत बजेटको १० प्रतिशत रकम बालमैत्री स्थानीय शासन प्रबर्दनको लागि विनियोजन गर्ने, बालमैत्रि इकाइ शाखा सञ्चालन साथै उत्कृष्ठ निकायलाई पुरस्कृत गर्ने व्यवस्था नीतिगत रुपमा अगाडि बढाएको छ । त्यस्तै संरचनात्मक र प्रक्रियागत रुपमा बालमैत्रि स्थानीय शासन जिल्ला समितिमा बालबालिका २ जना, नगर तथा गाउँ समितिमा १ बालिका सहित २ जना गा.वि.स. को योजना तर्जुमा समिति सामाजिक परिचालन समिति वडा नागरिक मन्चहरुमा सहभागीता व्यवस्था तोकिएको छ । (बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८) यस अवस्थाले बाल सहभागीतालाई अर्थपूर्ण बनाउन जोड दिइएको छ ।

त्यस्तै व्यवहारवादीहरुको अनुसार व्यक्तिको आचरणमा बातावरणले प्रभाव पार्दछ । राम्रो प्रवृतिलाई पुरस्कृतबाट नराम्रो प्रवृति पटक पटक दोहोरिदैन । बालबालिकालाई सन्दर्भिक समस्या दिई मुल धारण आधारित भई सिकाई निर्माण गर्ने, र विचार लिने त्यसको आदर गरि विद्यार्थी र बालबालिकालाई सोच्न प्रोत्साहित गर्नु पर्दछ । साथै विश्लेषण गर्ने क्षमताको विकास गर्दछन् । यसर्थ हरेक प्रक्रियामा सहभागीता आवश्यक हुन्छ । नीति निर्माताहरु राजनैतिक दलहरु, कार्यान्वयन तहमा रहेकाहरु विकास कार्यकर्ताहरु,लगायतका अभिभावकदेखि बालबालिकासम्म बृद्धि आएपनि अवधारणात्मक स्पष्टता आउन सकेको छैन । जसको कारण बालबालिकाको विषयमा संवेदनशीलता र गम्भीरतामा कमी भएको पाइन्छ । वयस्कहरुसँग सम्बन्धित आवश्यकता र मागका अगाडि बालबालिका विषय तथा मुद्दाहरु सधै अझेलमा पर्ने गरेका छन् । राष्ट्रिय श्रोत बाँडफाँडको प्राथमिकतामा बालबालिकाका विषय पर्न सकेको छैन । उपलब्ध श्रोतहरुको परिचालन पनि हुन सकेको छैन ।

देशको पुनसंरचना संघीयता लगायतका नयाँ व्यवस्थामा बालबालिकाका आधारभूत कुराहरु कसरी हेरिन्छ भन्ने कुरामा स्पष्टता हुन आवश्यक छ । राष्ट्रिय स्तरमा बाल अधिकार सम्बन्धी अनुगमन गर्ने, अध्ययन गर्ने, विशिष्टकृत तथा अधिकार सम्पन्न संरचना, प्रणाली बन्न सकेको छैन । बालबालिका सम्बन्धी कार्यक्रमहरुमा अधिकारमुखी सोचको कमी रहेको छ । त्यसैले बाल सहभागीता तथा बाल आत्मनिर्भरताको लागि उनीहरुको परिवक्वता

अनुसार आफूसँग सम्बन्धित र सामाजिक गतिविधिहरुमा आफ्नो विचार राख्छन् र निर्णय गर्न सक्छन् भन्ने कुरालाई मान्यता दिनु आवश्यक छ । परिवारदेखि राष्ट्रिय स्तरसम्म बालबालिकाहरुको क्षमता योगदान र सहभागीतालाई सम्मान गर्दै र बालबालिकालाई सक्रिय नागरिक सरह सशक्तिकरण गर्न जोड दिनु पर्दछ । तर वयस्कको स्वार्थको निम्ति बाल सहभागीताको नाममा बालबालिकालाई प्रयोग गर्ने कार्य रोक्नु पर्दछ । बालविकास र बाल अधिकारको संरक्षणको निम्ति विद्यमान सरकारी गैर सरकारी निकाय तथा संस्थाहरुको संस्थागत विकास र सयन्त्रहरुलाई दरिलो बनाउनु आवश्यक छ । जबसम्म कुनै नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुन सक्छ । यस्ता निकायहरुलाई जनताको पहुँचसम्म पुऱ्याउनु पर्छ । नागरिक निकायलाई व्यापक परिचालनको आवश्यक छ । त्यस्तै बालबालिका र बालन्याय प्रशासनको सहजता गराई बाल बिज्याई संलग्न बालबालिकाहरुको सुधारको उचित व्यवस्था लगायत बाल न्याय प्रशासनलाई सरल सुलभ र प्रभावकारी तथा बाल मित्रवत बनाउनु आवश्यक छन् । त्यस्तै पीडित बाल बालिकाको सवाल, कानूनसँग बाझिएका बालबालिकाका लागि बाल अदालतको विकास गरी सुरक्षित छिटो तथा बालमित्रवत न्यायिक प्रणालीलाई विकास गरिनु पर्छ । (धिताल, २००९) । यसर्थ सम्बन्धित पक्ष सबैले बालबालिकाको हकहित संरक्षण जुटनु अवश्यक पर्दछ । यसलाई देशको महत्वपूर्ण गम्भीर मुद्दाको रुपमा हेर्नुपर्छ । बालबालिकाको हकहित र संरक्षण विना कुनै पनि प्रगतिशील र नयाँ समाज तथा राष्ट्रिको परिकल्पना गर्न सकिदैन ।

ग्रामिण समुदायमा सामाजिक आर्थिक विविधीकरण रहेको हुन्छ । विपन्न परिवारहरु एकदम कठिनाइका साथ सहभागी हुन्छ । हाल विकासोन्मुख राष्ट्रहरुले दुई ओटा विकासको रणनीतिमा विश्वास गर्छन । पहिलो विकेन्द्रिकरण र समता हुन । यि दुई वटा अवधारणा मध्ये सामुदायिक सहभागीता महत्वपूर्ण र आधारभूत अवधारणा हुन् । सहभागीतामूलक विकास प्रक्रियाले जहिले पनि नागरिकको सशक्तिकरण गर्छ । सहभागीताले आफूलाई स्वमूल्याङकन गर्दै अगाडिबढ्न व्यक्ति समुदायलाई क्षमतामा अभिबृद्धि गर्छ । यसरी सर्वसाधारणले तिनीहरुको आफ्नो सामर्थ्य, सहकार्य र पारस्परिक बुझाईको पुनः खोज गर्छ जसले परनिर्भर न्यूनिकरण गर्छ (Midgley, 1986) । अथवा सहभागीताले लागत घटाउनुका साथै स्रोत साधनको परिचालन हुन्छ । स्वरुपात्मक परनिर्भर संस्कृति (Patternal dependency culture) लाई न्यूनिकरण गर्न सहयोग गर्छ । स्थानीय श्रोतको परिचालनदेखि आवश्यकताहरुको अनुभव र पहिचान गराउछ (Midgley,1986) । यसरी

सहभागीताले मुलुकमा नयाँ अभिमुखिकरण दिदै सामाजिक र जनता केन्द्रित विकास अभिबृद्धि गर्छ । स्थानीय निकायले बालबालिकालाई १0% बजेट अनुदान सुनिश्चित गरेको छन् । नीतिगत रुपमा आफ्नो धारणा बनाउन सक्षम बालबालिकाहरुलाई निजसँग सम्बद्ध विषयहरुमा आफ्नो विचार अभिव्यक्ति गर्न पाउने अवसर दिन बाल सहभागीताको व्यवस्था भएको छन् । जस अन्तर्गत सबै किसिमका शारिरिक वा मानसिक हिंसा क्षति, दुर्व्यवहार, उपेक्षा शोषण , यौन दूर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने, परिवारमा छोरा, छोरी, अपाङगता भएका, नभएका साना उमेरका र ठूला उमेरका आफ्नो सौतेलो वा धर्म सन्तान वीच हेरचाह र पालन पोषण भेदभाव गर्न नपाइने, जस्ता पक्षहरु रहेका छन । (बालबालिका सम्बन्धी राष्ट्रिय रणनीति, २०५९) । यस अवस्था बालबालिकाहरु यही व्यवस्था तोकिए बमोजिम अनुसार यर्थाथ स्थिति छन वा छैन त्यस बारे खोज अध्ययनको आवश्यक छन् ।

दौतरी समुह मार्फत युवाहरु आधुनिकतर्फ समय र स्थानको अन्तरालमा लम्किरहेको छन् । सञ्चारका सामग्री, बजार, उपभोग शैलीमा परिवर्तनले समग्र युवाहरुको लक्ष्य, जीवनशैलीमा परिवर्तन आएको छ (Litchty,2003)। यसमा Globalization को प्रभाव दैनिक अभ्यास, सास्कृतिक अभ्यासमा देखाएको छन् । सहभागीताले अभ्यास वा व्यवहारिक पक्षलाई समेट्दछ । लोकतान्त्रिक देश समाज निर्माणमा वाल सहभागीता महत्वपूर्ण रुपमा सामाजिक सास्कृतिक परिवर्तनमा सघाउने निश्चित छन् ।

त्यस्तै बालसहभागीता आधारभूत अधिकार हो तर विशेष अधिकार भने होइन । हरेक बालबालिका सँग लागि सूचना , आफ्नो विचारको अभिव्यक्ति, निर्णय प्रक्रियामा समावेश हुन पाउनु र उनीहरुको संस्था संगठन, विद्यालय, बालकल्याण संस्था अनायलय, सञ्चार समुदाय राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा सहभागीताको अधिकार हुन्छ । हरेक बालक बालिकाको अधिकारकोसार अवाज र सुनुवाईको अधिकार सम्बन्धीत र उपयुक्त सूचनाको अधिकार, संलग्न र निर्णयको अधिकार आदि जसले उनीहरुलाई सकरात्मक प्रभाव पार्दछ र सभा संगठनको अधिकार आफ्नै विचार अभिव्यक्तिको अधिकार आदि पर्दछ । सहभागीता अरुको अधिकारको सम्बोधन गर्ने एक औजार हुन । यसमा बालबालिकाको आवश्यकता, सूचना निर्णय प्रक्रिया जसले बाँच्न पाउने विकास संरक्षण अन्तर्गत जन्म दर्ता, भोग, शोषण, दूर्व्यवहार आदिमा सहभागीताले त्यसक्षेत्रमा प्रस्तावलाई उत्प्रेरित गर्दछ ।

सहभागिता प्रक्रिया वा चक्र हो यसबाट फाइदा लिन लामो अवधि र दिगो प्रतिवद्धताको आवश्यकता हुन्छ । यो दैनिक कार्य घटनामा सहभागी हुनुपर्ने देखि महत्वपूर्ण

विषयमा पनि सहभागीता आवश्यकता पर्दछ । सहभागीताले बालबालिका विच र बालबालिका र वयस्क बीचको सम्बन्ध स्थापित गर्छ । एक अर्कामा सञ्चार भई बुझाइएको विकास र स्थापना गर्दछ । यसबाट समुदायमा समाजमा विकास सवाल, क्षमताहरु, स्वीकार र उपयोग गर्न सक्छन् । साथै सहभागीताले परिवार र समुदायको वातावरणलाई प्रभाव पार्छ । यसबाट परिवार, समुदाय संस्थाहरुको सत्ता, अधिकारको संरचनाको सम्बन्धमा असल रुपान्तरण गर्छ । सहभागीता एक संस्कृतिको रुपमा हुन्छ । बाल सहभागीताको लागि वयस्कहरुको संस्था, विचार, मुल्य, मान्यता, प्रणालीबाट हुन्छ । यसर्थ सहभागीताभित्र बालबालिकाको अन्तक्रिया, वा उनीहरुको निर्णय, विद्यालयको सिकाई र कुन बालबालिकालाई नीति तथा कार्यक्रममा समन्वय गऱ्यो कि गरेन, कस्तो रहयो समन्वय भन्ने सवाल महत्वपूर्ण रहन्छ । सहभागीता मूलक संस्कृति, परिवारबाट परिवार, निकायबाट निकाय संस्थाबाट संस्था रुपान्तरण हुँदै जान्छन् । यस सम्बन्धमा संस्थाहरुले सहभागीता लागि समय , स्थान र निर्णय निर्माताहरु पक्ष बारे प्रतिबद्धता गर्दछ । यसमा सहभागी संस्कृतिले बाल सहभागीता कसरी गराउने सोच्दछ । यसकार्यको लागि निकायहरुको सहमति महत्वपूर्ण हुन्छ (Kirby, 2003)। यस सन्दर्भमा बालसहभागीतालाई प्रबर्द्धन गर्नुपर्छ ।

सहभागीताको लागि तीन पक्ष महत्वपूर्ण हुन्छन् जुन पहिलो समन्वय हुन । यसबाट बालबालिकाको बारे अनुसन्धान गर्न, सेवामा सुधार गर्न, परियोजना लागु गर्न थोरै निकायले बालबालिकाको विचार लिन्छन् । यसको अलावा बैधानिक बालसहभागिता गरेमा यसकार्यको लागि सहज र सरल हुन्छ । विभिन्न प्रक्रिया वा एक क्रियाकलापसकेपछि अर्को क्रियाकलापहरुमा सहभागीता गराइरहनु पर्ने हुन्छ । तर यस्तो अवस्था भने कम नै अभ्यास पाइन्छ । दोश्रो कुरा भनेको प्रतिनीधित्व र समावेशीकरण हुन । यस समावेशीकरण प्रतिनिधित्वले तिनीहरुको विकास संरक्षण, शिक्षा अभिवृद्धि गर्न, सेवा कार्यक्रमले प्रत्यक्ष प्रभाव पार्छ । चालु सेवाहरु, परियोजना र अनुसन्धानमावालबालिकाको संलग्नता रहन्छ । यसबाट हरेक प्रकारका फरक उमेर, समुह, केटा र केटी, अपाङ्गता फरक जनजाति जात, धार्मिक र वर्ग समुहहरुबाट प्रतिनिधित्व र सहभागीता निश्चित हुन्छ । तेश्रो पक्ष भनेको समावेशी निर्णय निर्माण र सशक्तिकरण हुन । यस अन्तर्गत वयस्कले हरेक बालबालिकाको कुरा सुन्ने र निर्णयले उनीहरुको जिवनमा प्रभाव पार्छ । यसमा वयस्क र बालबालिका छलफल गर्छ । यसको लागि संगठनहरुको संरचना परिवर्तन हुन आवश्यक छ । यसको

लागि नीति, व्यवस्थापन, विकास, स्टाफको क्षमता विकास संगठनको वातावरण निर्माण संगठनात्मक संस्कृतिको निर्माण पक्ष महत्वपूर्ण हुन्छ । यो लामो समय अवधिको संस्थागत प्रतिबद्धताको खाँचो पर्दछ (Kirby, 2003)। यसबाट बालसहभागीताको लागि संगठनात्मक प्रक्रिया, संरचनात्मक पक्ष, स्थितिगत पक्षलाई विश्लेषण गर्नु आवश्यक पर्दछ ।

यस्तै नेपालको छिमेकी राष्ट्र भारतको केरलामा बालसहभागीताले समुदायका अगुवा, समान्त, सर्व साधारणलाई सचेत गराउने कार्य गरेका छन् । नारको माध्यमलाई प्रयोग गरि बालबालिकाको प्रयासमा महाराजाको भाग्यवाद, किन र कसरी गरिबी, विपन्न बञ्चिति अन्यायमा छ भन्ने बोध गराएका छन् । यसमा बालबालिका रमाइलो गर्दै सिक्ने आफूमा पनि सचेतना अभिबृद्धि गरेका थिए । जुन बालउत्सवको माध्यमबाट विभिन्न पेशाकर्मी वर्ग, जात, धर्ममा हिन्दू मुश्लिम क्रिश्चियन सबैलाई सचेत गराउने कार्य सबैको सहभागीता गरिएको थियो । यसरी क्याम्पले बालबालिकाहरुको सामुहिक सहभागीताले जातिय विभेद, धार्मिक विभेद हटाउने कार्यको लागि धार्मिक समुहको घरमा पालो पालो क्याम्प कार्य गरेको थिए । जसले एकता र समानताको दृष्टिबाट सामाजिकीकरण भएका थिए । त्यस बाल उत्सवको नाराले काम नै धन हो विज्ञान हो , विज्ञान गरिवी निवारण न्यूनिकरणको लागि, ज्ञान जीवन स्तर सुधार्नको लागि , आदिमा गान्धी र लेनिन भनेको आधिकारिताको भनाई प्रयोग गरेका थिए । त्यस्तै धन मानव कल्याणको लागि, विज्ञान मानव कल्याणको लागि, किन चरा अकाशमा उड्छ , किन विरालो अकाशमा उड्नसक्दैन, किन आकाश निलो छ, किन गरिबी अन्याय विभेद, वेवास्त, आदि छ भन्ने नाराबाट सचेतनाको निष्कर्षमा सबै पुऱ्याउने कार्य गरेका थिए (Zachariah etal,1994)। यसरी बालबालिकाको सक्रियतामा समाज रुपान्तरण गर्ने महत्वपूर्ण पाटो हो ।

बाल सहभागीताको सवालमा सास्कृतिक, सामाजिक, शैक्षिक तिन पक्षको अन्तर्सम्बन्ध रहन्छ । जसमा पारिवारिक गफ, पारिवारिक अभिव्यक्तिको प्रणाली तथा प्रथा, द्वैभाषिक बालबालिका पाहुनाको भुमिका, घरेलु कामदार र बालविकासको अन्तर्क्रिया गरिरहेको हुन्छ (M. strong, 1948)। परिस्थिति जन्य पक्षले मानव व्यवहारलाई प्रभाव पार्छ । परिस्थिति चाहि बाह्रय अर्न्तक्रिया उत्प्रेरणाको संख्यामा क्रिया हुनु हो । अथवा एक अर्कामा उत्प्रेरणा मुलक व्यवहारहरु सम्बन्धीत भइरहनु पर्दछ । त्यस्तै Situationपरिस्थिति भनेको संरचना (Process)प्रक्रिया र अन्तरवस्तु हुन् । बालबालिका र उनको पारिवारिक अवस्था परिवारको स्वरुप वर्ग, स्थिति पद, फरक परिवर्तित बाल्यावस्था र अन्य सम्बन्धले

बाल विकासमा प्रभाव पार्दछ । यसबाट बालबालिकाको स्थिति निर्धारण हुन्छ । (Emerrill, 1948)। यस विषयको जानकारी, परिवार बालअदालत अधिकारी शिक्षक अनुसन्धान कर्ता पेशागतरुपमा बालविकास कार्यकर्ताको लागि महत्वपूर्ण हुन्छ । बालसहभागीतालाई मध्यनजर गर्दा बालबालिकाले अभिभावकलाई के दिन्छ, अभिभावकले बालबालिकालाई के दिन्छ बाट परिवारको सम्बन्ध र दून्दको अवस्था प्रष्ट हुन्छ (Mills,1948)। त्यस्तै परसंस्कृतिकरण प्रक्रिया यथार्थवाद रहेको अवस्थामा जनजातित्व संस्कृतिहरुको मूल्य र अनुभवहरु कायम राख्नु पर्ने हुन्छ (Mirollior)। समाजशास्त्रीहरुले बाल विकास सम्बन्धमा भौतिक र मनोवैज्ञानीक पक्षमा जोड दिइएको छन् । मानव व्यवहारलाई व्यक्तित्वको रुप हो भने यसले परिस्थितिको विकास गर्छ । यी दुईमा अन्तक्रीया गरि रहेको हुन्छ । परिस्थितिको रुपमा आन्तरिक उत्प्रेरणा र बाह्रय उत्प्रेरणाको कार्य गर्दछ । उत्प्रेरणाहरु सबै सम्बन्धित छन् । पारस्परिक छन् । यसले एक आफैमा, र सम्बन्धीत एक अर्कोमा प्रभाव पार्दछ । प्राथमिक रुपमा बालबालिका विकास परिवारमा हुन्छ । जसमा परिवारको संस्कृति अभिभावक र बालबालिका अन्तरसम्बन्ध, अन्तरक्रिया जसमा परिवारको समस्याहरु समावेश हुन्छन् ।यस अध्ययनबाट परिवारको सहभागीताको स्थिति, सम्बन्ध के छ भने अध्ययन विश्लेषण आवश्यक छ ।

समुदाय र विश्वस्तरमा राम्रो गर्ने हो भने बालबालिकाको विचार दृष्टिकोणलाई कदर गर्नु बालबालिकालाई अवसर दिइएको अवस्थामा तिनीहरुले आफ्नो जीवन यापनमा धेरै सुधार गर्छन र यसको प्रभाव समाज र समुदाय म विश्वस्तरमा पर्छ (Mutartarbhorn, 1948)। बाल सहभागीताले समस्याको निराकरण गर्न सहयोग गर्छ जस्तै बालबालिकालाई पोषण बारे सूचना दियो भने बालबालिका पोशिलो खाना बारे हरेक दिन सजग हुन्छ । एडसको बारे सूचना प्रवाह गर्‍यो भने त्यसबाट बच्न सचेत हुन्छ । यसर्थ बालबालिका समस्या समाधान हुनु हाम्रो समस्या समाधान हुनु हो । त्यस्तै बालसहभागीता यस्तो प्रवेश विन्दु हो कि बाल अधिकार मानव अधिकार, लोकतन्त्र, शान्ति, विकास, बातावरणीय संरक्षण र अन्य विषयहरुको बुझाई निर्माण हो । यो वयस्कको जस्तो सहभागीता होइन कि उनीहरुको दृष्टिकोण कदर गर्ने र उनीहरुलाई हकदार बनाउने पनि हो । यसमा वयस्क वा अभिभावकले सहकार्य र निर्णयको स्थिति तयार गर्नु आवश्यक हुन्छ । योजनाहरु सहकार्य गरिएको नेतृत्व प्राप्त गरिएको कार्यन्वयन बालबालिकाबाट भएको हुन्छन् । कतिपय समाजमा परम्परागत संस्कृति, परिवार समुदायले बाल सहभागीतालाई

कानूनी रुपमा सास्कृतिक रुपमा निष्क्रिय पारिरहेको हुन्छ । हाल यस सम्बन्धमा समुदाय, विद्यालयमा, नगरपालिकामा युवा विद्यार्थी परिषदको अवधारणा अगाडि आएको छन् । त्यस्तैगरि Slovenia, Senegal, spain/Jamaicaमा बाल संसद छन् । जहाँ निर्वाचित बालबालिकाले नगर र संसदमा संवाद गर्न सक्दछन् । त्यहाँ सूचित हुने तथा सहकार्य हुन्छन् ।

बाल सहभागीताको अनुभवहरु हेर्ने हो भने Save the childrenको विभिन्न परियोजनाहरुबाट के जानकारी हुन्छ भने चीन र मलेसियामा पूर्व अवस्थाका शिक्षाबाट बच्चाहरुलाई सानै उमेरमा सक्रीय गरेको थियो, जसले तिनीहरु धेरै अध्ययनकर्ता र योगदानकर्ता बने । यसै गरि बालकमा नै सक्रिय परेको बच्चा ब्रुनाई देशमा धनी बालक चाहि पछि समाज सेवी बने । यसरी बयस्कहरुले संरक्षण र सहभागीलाई अवसर प्रदान गरे उनीहरुले समुदायमा योगदान गर्न सक्छन् । सन्तुलित सहभागीता हुन संरक्षित तवरबाट हुन्छ । यसमा परिवारको निजित्व एकतालाई महत्व, प्राथमिक सरोकारको रुपमा मूल्य दिन्छ (Kruges, 2006) । साथै सहभागीतालाई प्रबर्दन गर्न मौद्धिक र गैर मौद्रिकको व्यवस्था अपनाएमा प्रभावकारीता अपनाउन सकिन्छ । सहभागीताले भिन्न क्षमतालाई जोड दिनु पर्दछ (Garett etal, 2000)। यसरी सहभागीतालाई प्रबर्द्धन प्रभावकारी रुपमा गरिएमा बालबालिका संग आफ्नो विचार दृष्टिकोण राख्ने अर्थपूर्ण अवसर प्राप्त गर्दछ । आफ्नो विचारलाई एक अर्कोमा सञ्चार गर्दछ । महत्वपूर्ण पक्ष चहि सहभागीताले बालबालिकाले आफ्नो विचारबारे थाहा पाई आफैलाई व्यवस्थापन गर्दछ । बालबालिकाको सुनाइबाट समस्या उठान हुन्छ । त्यसमा छलफल विचार मन्थन हुन्छ । सुनुवाईबाट बालबालिकाको प्रतिनिधित्वको सुरक्षित स्थान प्राप्त हुन्छ । यसबाट मुख्य प्रभाव भनेको कानूनमा समस्यामुलक मुद्दाहरु समावेश हुन्छ । यसबाट उनीहरुको चातुर्यतामा मुख्य मुद्दाहरु समावेश हुन्छ । यसर्थ उनीहरुले प्रभावकारी रुपमा व्यक्त गर्न सकेन भने अधिकार न्यायको अभ्यासमा पहुँच पुगन असमर्थ हुन्छ ।

बालबालिकाको सहभागीता परिवार तहमा उनीहरुको जिज्ञासा प्रति अभिभावकको खुलापन वा आमाबाबुले छोराछोरीलाई कतिको सूचित गर्छ र छोराछोरीले आमाबाबालाई कतिको सूचित गर्छ त्यस सम्बन्धले बालबालिकाको सहभागीतालाई पहिचान गर्न सकिन्छ । यस अवस्था एउटा अनुकुलनको अवस्था हो । यसरी सहभागीताले परिवारमा समावेशी र वहिष्करण अवस्था हो भने र थाह पाउन सकिन्छ । परिवारमा प्रत्येक प्रणालीमा आमा बाबु

र छोरा छोरी विचको प्रत्यक्ष र अप्रत्यक्ष छलफल हुन्छ । आमा बाबुले बाल बालिकाको परिवर्तनको लागि निरन्तर सूचना गर्छ सूचना लिन्छ । यसबाट बालबालिका परिवर्तन आउँछ भने त्यसलाई सहभागीता वा खुलापन अनुकुलन भनिन्छ । त्यस्तै अर्ध खुलामा -माध्यावस्थामा) आमा बाबुले वा परिवारले बालबालिकाको सूचना थाह पहिचान हुन सकिरहेको हुँदैन । अथवा दोश्रो पक्षलाई थाह पाइरहेको हुँदैन (Grotevant etal, 1988)। खुल्लापन सम्बन्ध आमा बाबु र अनुकूलित आमाबुबा -धर्म पिता आमा ⁄परिवार) बीच के कस्तो छन् भन्ने अवस्थालाई बुझिन्छ । यस खुलापन सम्बन्धले बालबालिकाले अभिभावकप्रति आशा गर्न सक्छन् । अनुकुलित बालबालिकामा उत्पति, मुल, वरिपरिको बातावरणका बारे जानकारी अधिकार हुन्छ । यसबाट बालबालिकामा व्यक्तिगत महान इतिहासको दृष्टिसँग निरन्तर जोडिन्छ । यसको प्रभाव उसको आत्म विश्वास, आत्म गौरवमा अभिबृद्धि गर्छ (Kirk, 1984)। यसरी घुलमिल सम्बन्धले बाल बालिकाबाट अभिभावकप्रति सकारात्मक आशा गर्न सक्छन् । यस्तो अनुकुलित वा दैनिक क्रियाकलापमा सहभागी बालबालिकाले आफ्नो विषयको अरुहरुमा आदनप्रदान गर्छन । अरुलाई प्रभाव पार्न सक्ने हुन्छन् जसले आफूलाई विकास गर्छ । यही घुलमिल अनुकुलनले सा साना बालबालिकाले के गर्नु हुन्छ के गर्नु हुँदैन भन्ने बारे सिक्दछ । यस अवस्थामा बालबालिकाको अवस्था बारे बुझाई जानकारी अभिभावकले पनि गर्छ । यसर्थ खुलापन आवश्यक हुन्छ ।

यसमा अभिभावकको खुलापन सम्बन्ध र दोश्रो बालबालिकाको खुलापन सम्बन्धले बालबालिकाको निर्णय सूचना, समावेश, बहिस्करणको अवस्था थाह हुन्छ । यसबाट प्रत्यक्ष सूचना आदन प्रदान हुन्छ । यसबाट बालबालिकाको इच्छा चाहना समावेश, असमावेश के छन् प्राप्त हुन्छ । यसले अभिभावकलाई निर्णायक कार्यको लागि पथ प्रदर्शन हुन्छ (Herter, 1985)। यसबाट उनीहरुको इच्छा, प्रस्ताव निर्णयमा समावेश हुन्छ । साथै यसले विश्वव्यापी मान्यता स्थापनामा सघाउ पुग्नुका साथै बालबालिकालाई बहिष्करणको अवस्थाबाट समावेशिकरणमा व्यवस्थित गर्न सकिन्छ । त्यस्तै सिविन नेपालको एक अध्ययनमा विभिन्न जिल्लाबाट साथी दवाव, पारिवारिक विपन्नता विद्यालय पठन नपरेर, अभिभावक कहिल्यै बाल बच्चा विद्यालयमा नपठाएको, विद्यालयमा दण्ड विद्यालय असफल भएर र विभेद, भेदभाव गरेको कारणले काठमाण्डौंका विभिन्न जिल्ला चिया पसल, मःम होटेल, रेस्टुरेन्ट, केक पसलमा बालबालिकाहरु बालश्रम गर्न बाध्य भएका छन् (सिविन,

२०१२) बालबालिकाहरु यस अध्ययन एक चौथाई बालबालिका आफ्नो घरमा बसोबास गरेको र दुई तिहाई बालबालिका कामको उद्देश्यले छिमेकी परिवारिक सदस्यहरु र सौतेलो आमा बाबु आफूले पठाइएको पाइन्छ । यस सम्बन्धमा कसरी ग्रामीण तहबाट शहरका विभिन्न ठाउँहरुमा बालबालिका बालश्रम गर्न बाध्य छन कारण के के हुन सक्छ । परिवार ग्रामिण तहमा सहभागीताको अवस्था र त्यसको प्रभावहरु पहिचान गर्न सकेमा बालहित र संरक्षण अवस्य रुपमा अगाडि बढाउन सकिने देखिन्छ ।

बाल सहभागीतासँग अर्को पक्ष बालबालिकाहरुमा संरचनागत सहभागी गर्न सकिन्छ । यसमा सदस्यता प्राप्त बालबालिकाहरुमा व्यक्तिगत विकास, सामाजिक विकास, सचेतना, अभिवृद्धि भएका छन् । जसमा अभिव्यक्ति क्षमता, नेतृत्व क्षमता, बाल अधिकारको बारे सूचित गर्ने, समालोचनात्मक विश्लेषण क्षमताको विकास, विकासका कार्यबाट अनुभवित भएका, बातावरण संरक्षण र ज्ञानमा निरन्तर अभिबृद्धि भएको छन् । उनीहरुले क्लब मार्फत समय व्यवस्थापन देखि व्यक्तिगत र सामाजिक व्यवस्थापन गर्न सक्षम देखिएको छ । यसरी नुवाकोटको एक जिल्लाको बालक्लब अध्ययनबाट बालबालिकाहरुले चौतर्फी विकास भएको तथ्य शोधकार्यबाट प्राप्त भएका छन् । (Gautam, 2008)यसरी बालसहभागीतालाई क्लबको मार्फत प्रबर्द्धन गर्न सकिन्छ । तर यसै सोध कार्यबाट उच्च शिक्षा भएका परिवारको बालबालिका मात्र लाभान्वित भएका जसमा सीमान्तकृत निम्न वर्गका, जनजातिय समुदायका बालबालिका भने लाभान्वित भएको देखाइएको छैन । अथवा बालसहभागिता जनजातिय सीमान्तकृत वर्गको भने नभएको पाइन्छ । (Gautam, 2008) यसर्थ सहभागिताको पक्षहरुमा समता र समावेशी महत्वपूर्ण रहन्छ । जसले असमान धरातलबाट समानताको वातावरण निर्माण गर्न सकिन्छ ।

# अध्याय तीन

# अनुसन्धान विधी

यो शोधकार्य बर्णनात्मक, अन्वेषणात्मक विधिमा आधारित भएर गरियो । यो शोधकार्यअध्ययन घ्याङफेदि गा.वि.स. अर्न्तगतको बालबालिकाको सुक्ष्म तहको सहभागीताको अध्ययन हो । अध्ययनमा देहाय अनुसारको फरक फरक प्रकारका विधिहरु प्रयोग गरियो ।

## ३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य

शोधकार्यलाई मूर्तरुप दिन उद्देश्य बमोजिमका तथ्याङक आर्थिक, भौतिक अवस्थालाई ध्यान दिइएको छ । यस अध्ययनको उद्देश्य विपन्न तामाङ जातिको बालबालिका भएकोले यस नुवाकोट जिल्लाको घ्याङफेदि गा. वि.स.मा ९०% प्रतिशत जनसंख्या तामाङ जाति भएकोले आवश्यक सूचनाको स्रोतको सम्भावना यसै गा.वि.स.बाट प्राप्त हुने भएको हुदाँ अध्ययन क्षेत्र बनाएको छ । साथै आर्थिक, भौतिक शोधकर्तालाई सहज हुने भएकोले यस जिल्लाको घ्याङफेदि गा.वि.स.लाई अध्ययन क्षेत्र बनाएको छ ।

## ३.२ अध्ययनको ढाँचा

यस अध्ययनलाई उद्देश्यमूलक बनाउन आवश्यक विधि र प्रक्रियाहरुको आवश्यक पर्दछ । अनुसन्धानलाई मूर्तरुप दिन अन्वेषणात्मक र वर्णनात्मक अनुसान्धान ढाँचालाई उपयोगमा ल्याइएको छ । जसमा वैयत्तिक अध्ययन विधि,प्रवृति विश्लेषण,आवश्यक साहित्य समिक्षा,कारण र प्रभावको विश्लेषण सहित अध्ययनलाई अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धान ढाँचाको उपयोग गरियो ।

## ३.३. नमुना छनौट

नमुना छनोट गर्दा यस अध्ययन कर्ताले विपन्न तामाङ बालबालिकालाई मात्रै लक्षित गरेर नमुना छनौट गर्‍यो । घ्याङफेदि गा.वि.स. अन्तर्गत सबै तामाङहरु गरिब छैनन् । यद्यपी धेरै तामाङहरु विपन्न नै छन् । यसैले अध्ययन कर्ताले उद्देश्यमूलक नमुना छनौट विधिको माध्यामबाट विपन्न तामाङ अन्तर्गतका विपन्न तामाङ बालबालिका सदस्यहरुलाई मात्रै यस अध्ययनका निम्ति छनौट गरियो ।

जसअन्तर्गत घ्याङफेदि गाविसका ४०१ जम्मा घरधुरी मध्येबाट १७९ विपन्न घरपरिवारका बालबालिकाहरुलाई जम्मा समग्रता (Universe)मानी उद्देश्यमूलक नमूना छनोट विधिबाट २८ घरधुरीहरु (मध्ये) अन्तर्गतका १० जना बालबालिका, १३ जना अभिभावक र ५ जना गाउँका प्रतिनीधि(नेता, शिक्षक,बालक्लबका अध्यक्ष र सचिव)हरुलाई नमूनाको रुपमा छनोट गऱ्यो ।

## ३.४ तथ्याङको प्रकृति

यस अध्ययनमा गुणात्मक तथा मात्रात्मक तथ्याङ्कहरु प्रयोग गरिएको छ । यस अध्ययनमा मात्रात्मक र गुणात्मक तथ्याङ्‌कहरु असंरचित अन्तर्वार्ता तथा वैयक्तिक अध्ययन विधिका आधारमा सङ्‌कलन गरियो ।

### ३.४.१. तथ्याङ्कको स्रोत

तथ्याङ्क सङ्कलन गर्न प्राथमिक र द्धितिय सूचनामा आधारित दुवै स्रोतको उपयोग गरिएको छ । यस अध्ययनलाई अगाडि बढाउन प्राथमिक तथ्याङ्क सङ्कलन गर्न (घरधुरी, क्लब, समुह, संघ, संस्था) अवलोकन गरियो । मुख्य सूचनाको स्रोतको रुपमा कार्यक्षेत्रबाट बाल बालिकाको सदस्य मार्फत घरधुरी, समुह, संघ संस्था, समितिबाट अन्तर्वार्ता लिइयो ।

द्धितिय सूचनाको लागि गा.वि.स.,जि.वि.स., कार्यालय, किताबहरु प्रकाशित र अप्रकाशित बालबालिकाको सम्बन्धी आलेखहरुलाई लिइएको छ ।

## ३.५. तथ्याङ्क सङकलन विधि

तथ्याङ्क संकलनका लागि असंरचित अन्तवार्ता र वैयक्तिक अध्ययन विधि आदि जस्ता तथ्याङ्क सङकलनका विधिहरु प्रयोग गरियो ।

### ३.५.१. असंरचित अन्तर्वार्ताः

यस असंरचित अर्न्तवार्तामा घ्याङफेदि गा.वि.स.का बाल क्लब, समिति र समुहहरुका अध्यक्ष तथा जानकार सदस्यहरु मध्येबाट करिब ५ जनासंग सघन अन्तवार्ता गरियो । त्यस्तै अभिभावक र बालबालिकाबाट घरधुरी तथा परिवारमा तहमा सहभागिता बुझ्छन् । अभिभावक १३ जना र बालबालिका १० जनासँग सघन अन्तर्वार्ता उद्देश्यमूलक रुपमा गरियो । यसरी असंरचित अर्न्तवार्ता लिने क्रममा सर्वप्रथम खुल्ला प्रश्नहरु सहितको

एउटा चेक लिष्ट बनाइयो । उक्त चेक लिष्टको माध्यमबाट बाल क्लवका अध्यक्ष तथा सदस्यहरुसंग उनीहरुको गा.वि.स.का वैठक, गाउँ परिषद, स्कुलका अभिभावक भेला तथा विद्यालय तथा गाउँमा हुने अरु सार्वजनिक कार्यक्रम तथा निर्णय प्रक्रियाहरुमा कस्तो खालको उपस्थिति हुन्छ र सहभागिता हुन्छ भन्ने बारेमा खुल्ला प्रश्नहरु सोधियो । उक्त खुल्ला प्रश्नहरु चेक लिष्टको आधारमा सोधियो ।

### ३.५.२. वैयक्तिक अध्ययन विधि

वैयक्तिक अध्ययन विधि अन्तर्गत खास गरेर ५ जना बाल क्लबका अध्यक्ष तथा अन्य गा. वि. स. का मुख्य पदाधिकारीहरुसंग बालबालिकाहरुको भोगाइ र उनीहरुको जीवनमा आएको परिवर्तनहरुलाई दृष्टिगत गरी खास गरेर गाउँका निर्णय प्रक्रियाहरु, सार्वजनिक महत्वका कार्यक्रमहरुमा उनीहरुको पहुँच र सहभागिता कहिले देखी हुन थाल्यो र त्यो अहिले कुन रुपमा अघि बढ्दै छ, र त्यसले के कति व्यापकता ओगट्दैछ भन्ने बुभ्नको लागि ५ जना सदस्यहरुसंग उनीहरुको जीवन इतिहाससम्बन्धि पूर्ण अर्न्तवार्ता गरियो ।अभिभावकलाई लाई नमूनाको रुपमा छनोट गरियो ।

## ३.६. तथ्याङ्क प्रशोधन र विश्लेषण

यस अध्ययन अन्तर्गत तथ्याङ्क विश्लेषणका लागि प्राप्त तथ्याङ्कहरुलाई साधारण तथ्याङ्कीय विधि अन्तर्गत प्राप्त सूचनाहरुलाई वर्गिकरण तथा विभाजन गरि साधारण तथ्याङ्कीय विधिहरुद्धारा तिनीहरुबीचको सम्बन्ध केलाउने तथा विश्लेषण गर्ने काम गरियो ।

## ३.७. अध्ययनको सीमा

यो अध्ययन घ्याङफेदि गा.वि.स. नुवाकोट जिल्लामा सीमित भएको छ । यो अध्ययन घ्याङफेदि गा.वि.स. अन्तर्गतका विपन्न तामाङ बालबालिकाहरुका भुमिका, निर्णय, पहुँच आदिका बारेमा सम्बन्धित भएको छ । यस विपन्न तामाङ बालबालिकाको सुक्ष्म तहको सुक्ष्म तहको सहभागिताको अध्ययनले सहभागिताका समस्याबारे पहिल्याइयो । यस अध्ययनबाट प्राप्त प्राप्तीहरु तथा निष्कर्षहरु सबै ठाउँ र समयका लागि विश्वव्यापी रुपमा उपयोगी नहुन सक्छन् तर घ्याङफेदि जस्तै सामाजिक बनोट भएको गाउँको हकमा भने उक्त प्राप्ती र निष्कर्षहरु उपयोगी हुन सक्छन् ।

### ३.८. अध्ययन शोधकार्यको समय अवधि

सर्वेक्षण एवं प्राथमिक तथ्याङ्क संकलन एकदेखि तीन महिनाभित्र सकियो । त्यस्तै गरी Secondary Data Collectionडेढ महिनाभित्र सकियो र अन्तिम महिनामा अनुसन्धान प्रतिवेदन तयार गरियो ।

# अध्याय चार

## परिवार तहमा बालबालिका र अभिभावकवीचको सहभागितात्मक सम्बन्ध

यस अध्यायले अध्ययन क्षेत्रमा देखिएका बालबालिकाको सहभागितामा देखिएका स्थिति र घर, परिवार, समुदाय तहमा रहेको विविध विषयहरु रहेका छन् । यसमा विशेष गरी बालबालिका सहभागिता कस्ता परिवारमा राम्रा छन् कस्ता परिवारमा कमजोर छन् भन्ने अवस्था रहेका छन् । सहभागिता कसरी हुन्छन् । ती परिवारहरुमा कुन कुन सहभागिताका पक्षहरु कमी छन् । कसरी सहभागिता हुन्छन् र के मा सहभागिता कमी रहेका छन् ? जस्ता पक्षहरुको जानकारी समावेश गरिएको छ ।

बाल सहभागिताको अध्ययनले परिवार तहमा सहभागिता र असहभागिता अवस्थालाई पहिचान गरिएको छ । सहभागितासंगै असहभागिता अवस्थाहरु निश्चित परिवारहरुमा देखियो । सहभागिता भन्दा असहभागिताको तह भने विपन्न तामाङ परिवारहरुमा बढि वा ठूलो आकारमा देखिएको पाइयो ।

बालबालिकाबाट सुझाव लिने सम्बन्धमा अभिभावको पारिवारिक अवस्था विषयहरु समावेश छन् । यसमा बालबालिकालाई परिवारको अवस्था अनुसार वास्ता र वेवास्ता गर्ने स्थिति वा माया गर्ने स्थिति रहेका छन् । अवलोकन र प्राप्त सूचनाको आधारमा परिवारको अवस्था र सम्बन्धले नजिक, मायलु सम्बन्धमा नकरात्मक कार्य गरिरहेको हुन्छ । यसले उनीहरुको अवस्था पहिचानमा, सन्तुष्टि बढाइ बढाइरहेको हुन्छ ।

परिवारको प्रकृति अनुसार अभिभावक वा आमा बुबालाई बालबालिकाको माग, प्रस्ताव, इच्छा आकाङक्षा पहिचान गर्ने सम्बन्ध फरक पाइयो । फरक सम्बन्धले फरक अवस्था सिर्जना गरिरहेको अवस्था पाइएका छन् ।

### ४.१ परिस्थितिमा आधारित अभिभावकको बालबालिकासँग सम्बन्ध तथा सहभागिता

यस अध्ययनमा बालबालिकासँग अभिभावकको र अभिभावकसँग बालबालिकाको अनुकूलन सम्बन्धको अवस्था बारे केन्द्रित गरिएको छ । अनुकुलन सम्बन्धलाई सकारात्मक सम्बन्ध र नकारात्मक सम्बन्धको अवस्था विशेष गरी केन्द्रित गरिएको छ । बालबीलकाको परिस्थितिसँग आमाबुवा र अभिभावकको अनुकुलन सम्बन्ध बारे पहिचान गरिएको छ ।

जसमा पारिवारिक प्रकृतिले अनूकुल सम्बन्धमा भने फरक पारिएको बारे अध्ययनले पहिचान गरिएको छ ।

## ४.२ अभिभावकहरुको बालबालिकासँग सहभागिताको सम्बन्ध

विशेष गरी बालबालिकासँगको अभिभावकीय सम्बन्ध असल र खराब सम्बन्ध रहेको पाइएको छ । जसमा यस अध्यायमा नकारात्मक  अनुकुलन सम्बन्ध बारे उल्लेख गरिएको छ । सम्बन्धले विनिमय प्रक्रिया, अदान प्रदान, एकता, अपनत्वको बोध जस्ता पक्षहरुको परिचय दिन्छ । जसमा निर्णय र योगदानको पक्षहरु समावेश हुन्छ । यसभित्र विचार, चाहना, जस्ता पक्षहरु सम्बोधन भई वा नभई सन्तुष्टि र असुन्तुष्टि अवस्था भने रहन्छ । यस अध्यायमा नकारात्मक अनुकुलन सम्बन्धको अवस्था भने पारिवारिक विशेषता, जिविकाको श्रोत र बालबालिकाको उमेरले भने फरक पारेका छन् ।यसर्थ अध्ययन क्षेत्रको १३ जना अभिभावक(घरधुरी)मध्येको उतरदाताहरुबाट प्राप्त स्थिति देखिएको छ । १३ घरहरुमा बहुचल तथ्यहरु देखियो । नकारात्मक अनुकुलन सम्बन्धको अवस्थालाई तलको तालिकाले प्रष्ट गरिएको छ ।

**तालिका १ : परिस्थितिमा आधारित अभिभावकको बालबालिका संगको खुलापन/अनुकुलन सम्बन्धको स्थिति**

| सूचक | संख्या | प्रतिशत |
|---|---|---|
| परिवारमा आफ्नो छोरा छोरी एवं बालबालिका सुझाव नलिने | ७ | ५४ |
| बलबालिका वा छोरा छोरीको माग प्रस्ताव पुरा नगर्ने (सम्बोधन नगर्ने) | ७ | ५४ |
| ऋाफ्नो बालबालिकालाई महत्वपूर्ण विषयको जानकारी नदिने | ६ | ४६ |
| गफ गर्ने खेल्ने उनीहरुसँग समय नविताउने | ९ | ६९ |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

तालिका १ ले अभिभावकको बालबालिकासँग खुलापन सम्बन्धहरुमा ५४% ले सुझाव नलिने, ५४% प्रतिशत अभिभावकले माग प्रस्तावको सम्बोधन नगर्ने, ४६% प्रतिशतले महत्वपूर्ण सूचनाहरुको जानकारी नदिने र ६९% अभिभावकले आफ्ना बालबच्चा, बालबालिकालाई उनीहरुसँग समय नविताउने देखिएको छ ।

### ४.३ अभिभावकको सूचित अवस्था (बालबालिकाको परिस्थिति प्रति)

बालबालिकाको संरक्षण र सहभागिताको पक्षहरु मध्ये बालबालिकाको परिस्थिति प्रति सरोकारवाला वा अभिभावकहरु सूचित हुने अवस्था महत्वपूर्ण हुन्छ । जब उनीहरुको परिस्थितिमा सूचित हुन्छ तब वर्तमान र भविष्य प्रति सोच्न र आवश्यक अवस्था बारे बुझ्न सकिन्छ । जब परिस्थितीलाई अभिभावकले बुझ्छन् तब परिवारमा अन्तक्रिया भई उनीहरुको अवस्थामा अभिभावक समावेश हुन सकिन्छ । उनीहरुको आवश्यकता बारे आमा बाबु वा अभिभावक बोध हुन्छ । यसबाट उनीहरुको विचार, अवस्था परिवारमा समावेश हुन्छ । यसर्थ निम्न परिवारिक विशेषता भएको बालबालिकाको अभिभावकबाट सूचित हुने अवस्था तलको तालिका अनुसारको अवस्था रहेको पाइयो । साथै तालिकामा २३ को अकारको १३मा पनि ७ जना अभिभावकको समुह बनाइ हेरिएको छ ।

**तालिका २: पारिवारिक विशेषता र उमेरको आधारमा बालबालिका वा छोराछोरीबाट सुझाव नलिने स्थिति वा विवरण**

| बालबालिकाको उमेर आमा बाबुको स्थिति | १२-१७ वर्ष | | जम्मा | |
|---|---|---|---|---|
| | संख्या | % | संख्या | % |
| आमा वा बुबा दुवै भएको | १ | १४.२८ | १ | १४.२८ |
| जाँड रक्सी खाने गरेको | ३ | ४२.८५ | ३ | ४२.८५ |
| सौतेनी आमा वा अन्य सँग बसेको | २ | २८.६१ | २ | २८.६१ |
| आमा वा बुबा एकको मृत्यु भएको | १ | १४.२८ | १ | १४.२८ |
| *जम्मा* | ७ | १०० | ७ | १०० |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

माथिको तालिका २ ले अभिभावकबाट आफ्नो छोराछोरी बालबालिकालाई कुनै कार्य वा उनीहरुसँग प्रत्यक्ष प्रभाव पार्ने विषयमा सुझाव वा माग प्रस्ताव थाह नगर्ने परिवारको विशेषतामा १२ देखि १७ बर्ष सम्मका बालबालिकालाई १४.२८ प्रतिशत आमा बाबु दुवै भएको परिवारले लिएको पाइन्छ । जाँडरक्सी सेवन गर्ने परिवारमा ४२.८५प्रतिशत नभएको, सौतेनी आमा वा अरुसँग बसेको २८.६१ प्रतिशत नभएको र आमा वा बुबा एकको मृत्यु भएको परिवारमा १४.२८ प्रतिशत अभिभावकले  बालबच्चाबाट सुझाव नलिएको देखिइएको छ ।

## ४.४ निर्णयको अवस्था र परिवारको प्रकृति

यस अध्ययनमा बालबालिकाको परिवार तहमा सहभागिताको अवस्था निर्णय अवस्थालाई प्रस्तुत गरिएको छ । यस अध्ययनले बालबालिकाको वास्तविक परिस्थितिसंग सम्बन्धित इच्छा, चाहना आवश्यकता फरक-फरक भएको पाइयो । उक्त आवश्यकताहरु निम्न अनुसारको परिवारको विशेषता भएको परिवारको बालबच्चाहरुको इच्छा, आवश्यकताहरुको सम्बोधन न्यून भएको पाइयो । जसमा माग प्रस्ताव पुरा हुने नहुने अवस्थामा बालबालिकाको उमेरले पनि फरक पारेको पाइएको छ । निर्णयले विचारलाई समावेश गर्दछ । आवश्यकता माग प्रस्ताव, सधै व्यक्तिगत उपस्थिती हुन्छ ।तलको तालिकामा १३जना अभिभावकहरुको नमुना छनौट मध्ये ७ जना अभिभावकले बालबालिककाको माग प्रस्ताव पूरा नगर्ने अभिभावकको चललाई आधार मानि स्थिति प्रस्तुत गरिएको छ । यसलाई तपशीलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका ३ : बालबालिकाको माग प्रस्ताव सम्बोधन नगर्ने परिवारको विशेषता र बालबालिकाको उमेर**

| परिवारको विशेषता | १२ वर्ष | | १२-१७बर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| आमा वा बुबाको स्थिति | संख्या | % | संख्या | % | संख्या | % |
| आमा वा बुबा दुवै भएको | ० | ० | १ | १४.२८ | १ | १४.२८ |
| जाँड रक्सी खाने गरेको | १ | १४.२८ | १ | १४.२८ | २ | २८.५७ |
| सौतेनी आमा वा अन्य सँग बसेको | १ | १४.२८ | २ | २८.५७ | ३ | ४२.८५ |
| आमा वा बुबा एकको मृत्यु भएको | ० | ० | १ | १४.२८ | १ | १४.२८ |
| *जम्मा* | *२* | *२८.५६* | *५* | *७१.४१* | *७* | *१००* |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

तालिका नं. ३ मा अभिभावकले आफ्नो बालबालिकालाई तिनीहरुको इच्छा आकाङक्षा बमोजिम प्रस्तावको सम्बोधन नगर्नेमा आमा बाबु दुवै भएको परिवारमा १४.२८७%, जाँडरक्सी सेवन गरेको २८.५७%, सौतेनी आमा वा अन्यसँग बसेको ४२.८५%,

आमा वा बुवा एकको मृत्यु भएकोमा १४.२८% रहेको छ । यस बालबालिकाको विचार चाहना, आवश्यकता विपन्न तामाङ्ग जातिमा सम्बोधन नभएको देखिएको छ ।

### ४.५ सूचना पहुँचको अवस्था

यस अध्ययनले बालबालिकाहरु अभिभावकबाट प्राप्त हुनु पर्ने सूचना पनि परिवारको प्रकृति अनुसार प्रयाप्तता र न्यूनताको स्थितिमा निर्धारण भएको पाइएको छ । अभिभावकबाट बालबालिकाले सूचना पाउनु बालबालिकाको अधिकार हो भने सूचना दिनु अभिभावकको कर्तव्य हो । सूचित गर्ने प्रक्रियाले नजिकको सम्बन्ध पहिचान हुन्छ । यसर्थ निम्ना अवस्था, विशेषता भएको परिवारहरुमा बालबालिकाको सूचनाको पहुँच निम्ना तालिका अनुसारको अवस्था देखियो । जसरी बालबालिकालाई (HIV)रोग बारे सूचित गरेमा उनीहरु सचेत भई समस्या प्रति सचेत हुन्छ । यसको अर्थ बालबालिकाको समस्या नभै अभिभावकको समाधान हुन्छ । तलको तालिकामा १३ जना अभिभावकहरुका नमुना आकार मध्ये ६ जनाको चलहरुलाई आधार मानि बाबु आमा र टोरीके स्थितिलाई प्रस्तुत गरिएको छ ।

**तालिका ४ : आफ्नो छोरा छोरीलाई महत्वपूर्ण विषयको जानकारी दिने परिवारको विशेषता र बालबालिकाको उमेर**

| परिवारको विशेषता | १२ वर्ष | | १२-१७बर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| आमा वा बुबाको स्थिति | संख्या | % | संख्या | % | संख्या | % |
| आमा वा बुबा दुवै भएको | ० | ० | १ | १६.६६ | १ | १६.६६ |
| जाँड रक्सी खाने गरेको | १ | १६.६६ | १ | १६.६६ | २ | ३३.३३ |
| सौतेनी आमा वा अन्य सँग बसेको | १ | १६.६६ | १ | १६.६६ | २ | ३३.३३ |
| आमा वा बुबा एकको मृत्यु भएको | ० | ० | १ | १६.६६ | १ | १६.६६ |
| जम्मा | २ | ३३.३२ | ४ | ६६.६४ | ६ | १०० |

*(श्रोतः स्थलगत अध्ययन, २०७३)*

तालिका नं. ४ मा अभिभावक (परिवार) ले आमा वा बाबु दुवै भएको परिवारमा १६.६६% ले महत्वपूर्ण कुराको जानकारी दिने, ३३.३३% ले जाँडरक्सीको सेवन गर्ने, ३३.३३% ले सौतेनी आमा वा अन्यसँग बसेको र १६.६६% आमा वा बाबुको एकको मृत्यु भएको

पारिवारमा छोरा छोरीलाई महत्वपूर्ण जानकारी दिने कार्य नभएको र न्यून रहेको देखाएको छ ।

## ४.६ असहभागिता अवस्थाको प्रभाव

### ४.६.१ प्रथम प्रभाव

यस अध्ययनमा बालबालिकाको इच्छा चाहाना, आवश्यकता वेवस्त ागर्ने, परिवारको प्रकृति अनुसार फरक भएको छ । बालबालिकाहरुको विभिन्न स्थिती जस्तै उमेर, आवश्यकता, विद्यालयको नियम, उमेर अनुसार शारीरिक मनोवैज्ञानिक परिवर्तनसंगै असहभागिताको अवस्थाले नकारात्मक प्रभाव धेरै अधिक रुपमा पारेको पाइएको छ । जसबाट परिवार तहमा एकीकरण, एकताको बदला हुन्छ । स्थायित्व वा आकर्षण भन्दा विकर्षणको तत्वको रुपमा प्रभाव पारेको पाइएको छ । बालबालिकाहरुलाई आफ्नो अभिभावक वा आमाबुबाबाट समयमा नै उनीहरुको चाहना आवश्यकता पहिचान गरि सम्बोधन नगरेको, ढिलो गरेको महत्वपूर्ण जानकारी निरन्तर नगर्दाको बालबालिकाको विशेषतामा परिवर्तन भएको अध्ययनमा देखिन्छ । जसलाई उमेरमा आधारित अवस्थामा बढी प्रभाव देखिन्छ । यसर्थ बालबालिकामा १३ जना अभिभावक र १० जना बालबालिकाको भेटघाट अन्तरवार्ताबाट जम्मा २३ घरधूरी मध्येका बालबलिकामा तलको तालिकामा १७ घरधूरीका १७ जना बालबालिकामा निम्ननुसारको परिवर्तित विशेषताहरु रहेको पायो ।जसमा सहभागिता अर्थपूर्ण तथा प्रभावकारी नभएका परिवारमा यस्ता परिवर्तन अधिक रहेको पाइयो । यस स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५ : बालबालिकामा आएका परिवर्तित र उमेरको विवरण**

| बालबालिकामा आएका परिवर्तित र घटना | १२ वर्ष | | १२-१७बर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| विद्यालयमा जान नमानेको | १ | ५.८८ | ४ | २३.५२ | ५ | २९.४१ |
| विद्यालय छोडेको | ३ | १७.६४ | ४ | २३.५२ | ७ | ४१.१७ |
| घर छोडेको | ० | ० | ५ | २९.४१ | ५ | २९.४१ |
| जम्मा | ४ | २३.५२ | १३ | ७६.४५ | १७ | १०० |

*(श्रोतः स्थलगत अध्ययन, २०७३)*

तालिका नं. ५ ले अभिभावक वा आमा बाबुले समयमा नै आफ्ना छोरा छोरीका समस्या बोध नगरी सम्बोधनन नगरेको परिवारमा बालबालिका २९.४१% विद्यालय जान नमानेको, ४१.१७% ले विद्यालय छोडेको र २९.४१% प्रतिशतले घर छोडेको जस्ता नकरात्मक मनोबैज्ञानिक, सामाजिक र व्यवहारिक परिवर्तन भएका देखिएका छन् ।

**केस अध्ययन -१**

सविना तामाङ घ्याङफेदि वडा नं. १ बस्ने आठ कक्षाको विद्यार्थी हो । उनी सौतेनी आमासँग बस्दै आएका छ । बुबाले विद्यालय जाउँ भन्दछन् हाल उ विद्यालय चट्टकै छोडि दिइएको छन् । विद्यालय जानु कारण उनको किशोरी उमेरमा आएको परिवर्तन सँगै सौतनी आमाको व्यवहारमा अनुकूलन हुन सकेका छैन । यसकारण सौतेनी आमा सँगै डेढ बर्ष भयो बोलचाल छैन जसले गर्दा सँग बस्ने ठाउँबाट छुट्टीएर बसेको छु । उनले विद्यालय कक्षा ८ मा छोडि दिएका छन् ।

यस्तै जीना तामाङकोपनि अवस्था फरक छन् । एक बुबाको मृत्यु भएकोले आमा रक्सीको लतमा झुमिएका छन् । आमा रक्सीको लतमा आनन्दीत छन् । उनलाई वा उनका भाइलाई भने प्रायः गाली गर्नु हुन्छन् । त्यसले गर्दा घरबाटै आफै निस्की माइजुसँग बसेकाछन् । घरमा आमाले विद्यालय जानको खानाटाइममा नपकाइदिने, गरेकोले भोकै रहनु परेका बताउछन् । हाल माइजुले माया गर्छन साथै विद्यालय जान कापी, कलम, कपडा किनिदिन्छन् । जसका कारण माइजुसँग नजिक छन् भने माइजुको घरको काममा सघाउँछन् । विद्यालयमा सिकेका फोहोर सरसफाइलाई सड्ने नसड्ने फोहोर छुट्टै खाडलमा राख्नु पर्ने बारे माइजुसँग आदन प्रदान गर्दछन् ।

अर्को नाम परिवर्तित मंगलमानको मृत्यु पश्चात छोरा छोरी अवस्था भने नाजुक, कठिन भएका छन् । छोरा मुकेश तामाङ,दिदी सरिता, ठूलो बुबासँग बस्छन् तर दुवै घर छोडेर हिडेका छन्। उनी घ्याङफेदि वडा नं ५ निवासी हुन । आमा कमाइको सिलसिलामा काठमाण्डौं निस्के पछि दिदि चाहि अरु छिमेकीको घरमा काम गरि बसेका छन् भने सानो भाई भने दौतरी साथी सँगै दैनिक फरक फरक छिमेकी घरहरुमा बस्छन् । विद्यालय चट्टकै छोडिएका छन् । मनोवैज्ञानिक रुपमा विछिप्तीको अवस्था देखिन्छन् ।

रमण तामाङको घ्याङफेदि ५ निवासी १३ बर्षीय बालक हुन् । उनी भने विद्यालय छोडेका १ बर्ष ३ महिना भयो । उनको आमाबाबाले कापी कलम सिधेपछि किनेर दिन

भने गाली गर्नु हुन्छ । त्यसले गर्दा उनी पढाई छोडेको बताउछ । उनको भनाईमा कापी, सिसाकलम त सधैलाई एक पटक किनिए पछि पुग्दैन नि सिधेपछि जहिले पनि गाली गर्नु हुन्छ । मैले भनेको कुरा सुन्दै सुन्दैन । बाबु आमा जहिले जस्तो जाँड रक्सी खान्छन् र झगडा हुन्छन् । उनका दाई दिदी सबै पढेका छैनन् । विद्यालय छोडि काठमाडौंको होटेलमा कामदार छन् । रामण भने घरको काममा सघाउने बताउछन् ।

घ्याङफेदि ९ निवासी विकास तामाङ र भाइ चाहिको हालत भने कठिन नै छ । उनको बुबा विदेश भएको बेलामा आमा अर्कौलाई गएकी छन् । उनको घरमा ठूलो बुबा आमासँगै बस्दै आएको विकास र भाई भने विदेश बुबा घर आएपछि केही बर्षमा सौतेनी आमाको आगमन हुन्छन् । त्यहि समयबाट बुबाले बढि गाली तथा पिट्ने गर्दा घरमा नबसी छिमेकीको घरमा बस्दै आएका छन् । छिमेकीको घरमा नै खान खान्छन् । छिमेकीको घरबाट नै विद्यालय गएको थिए भने हाल भने रेष्टुरेन्टमा भाडामाझ्ने कामदारको रुपमा काम गर्दछन् । बसाई शहरतर्फ सरेका छन् । उनको बारे बताउन छिमेकीहरु खुल्न चाहँदैन ।

### ४.६.२ दितिय प्रभाव एवं निर्धारण

विद्यालय छाडेका बालबालिकाहरुमा परिवारसंग नजिकताको अवस्था कम देखिन्छ । जब बालबालिका विद्यालय छोडिन्छ तब समाज, साथी, आफन्तहरुको नजरमा टाढा रहेको हुन्छन् । जसले गर्दा एक तर्फ आफ्नो घर परिवारमा बस्ने मन कम रहेको पाइयो । यसरी बालबालिका तिनीहरुको विचार, इच्छा, चाहना, आवश्यकताको न्यून सहभागिता भएको परिवारमा बालिकाहरु मानसिक विचलन वा विकर्षणको तत्वको रुपमा बालबालिकाहरु परिवारबाट टाढिएको, घरछोडिइएको पाइयो ।

बालबालिकाहरुमा बाल विवाह, बालश्रम, सडक बालक जस्ता समस्याहरु चक्रिय प्रभावहरुको सम्बन्ध स्वरुप उत्पन्न भएको पाइएको छ । न्यून बालसहभागिताले बालबालिकाहरुको चाहना पुरा नभएको, बेवास्ता बढेको पाइएका छन् भन तिनीहरुको इच्छा चाहनाहरुको असम्बोधन र वेवास्तताले द्वितीय नतिजाको रुपमा विद्यालय छाड्ने र घर छाड्ने चलन देखिएका छन् । घर विद्यालय छाड्ने बालबालिकामा भने गाडी वर्कशप, मासु पसल, खलासी जस्ता काममा बाध्य छन् । भविष्य निर्माण गर्न, ज्ञान आर्जन गर्ने अवस्था र समाज र राज्यले संरक्षण प्रदान गर्नु पर्ने अवस्थामा बालिकाहरु छिमेकी घरमा बसी

त्यतैबाट बाल विवाह भएका अवस्था पाइएका छन् । जसले सानै उमेरमा विवाह भई स्वास्थ्य प्रतिकूल नकारात्मक असर हुनुका साथै सामाजिक घरायसी बन्धनमा बाँधी भविष्य अन्धकारमय बनेको पाइएको छ ।

घर छोडिएको बाल तथा बालिकाहरुको पछिल्लो स्थिति भने फरक फरक रुपमा निर्धारण भएको पाइन्छ । जुन अवस्थाले बाल विवाह, बालश्रम प्रवर्द्धनमा बल पुगेको र आधारभूत बाल अधिकारबाट बञ्चित भएको पाइन्छ । यसर्थ बालबालिकाको सहभागिता नभएको परिवारमा बालबालिकाको विशेषतामा परिवर्तित अवस्था मध्ये विध्यालय छाडेको ७ जना बालबालिका र घर छोडेको ५ जना गरि जम्मा १२जना (घरधूरी)बालबालिकाको पछिल्लो स्थिति तपशील बमोजिम देखियो ।यसलाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ६ : लिङ्ग र उमेर आधारमा परिवार तथा घर छोडेका बालबालिकाको स्थिति विवरण**

| बालबालिकाको स्थिति | १२-१७बर्ष | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | | % | | संख्या | | % | |
| | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी |
| खलासी भएको | १ | | ८.३३ | | १ | | ८.३३ | |
| मासु पसलमा कामदार भएको | १ | | ८.३३ | | १ | | ८.३३ | |
| सानै उमेरमा विवाह भएको | | २ | | १६.६६ | | २ | | १६.६६ |
| छिमेकीको घरमा काम गरी बसेको | १ | २ | ८.३३ | १६.६६ | १ | २ | ८.३३ | १६.६६ |
| गाडी वर्कशपमा कामदार भएको | १ | | ८.३३ | | १ | | ८.३३ | |
| परिवार(ईट्टा भट्टामा)सँगै बसेको | १ | | ८.३३ | | १ | | ८.३३ | |
| घर(परिवार)सँगै बसेको | | २ | | १६.६६ | | २ | | १६.६६ |
| होटलमा भाँडा माझ्ने काममा बसेको | १ | | ८.३३ | | १ | | ८.३३ | |
| जम्मा | ६ | ६ | ५० | ५० | ६ | ६ | ५० | ५० |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

उपर्युक्त तालिकाबाट बालबालिकाहरु घर छाडेका, विद्यालय छाडेका बालबालिकाहरुमा पछिल्लो स्थितिमा बालकको हकमा निकृष्ट प्रकारको बालश्रम खलासी ८.३३%, मासु पसलमा कामदार ८.३३%, गाडी वर्कशपमा कामदार भएको ८.३३%,होटलमा भाँडा माँझ्ने कामदार भएको ८.३३ प्रतिशत,परिवारसँगै इँटाभट्टामा ८.३३ प्रतिशत गरी जम्मा४१.५६% प्रतिशत बालश्रम उद्योगहरुमा देखिन्छन् भने बालिकाको हकमा छिमेकीको घरमा बालश्रम १६.६६%,गर्दा जम्मा बालश्रम ५८.२२%देखिन्छ । बाल विवाह गरी १६.६६% निकृष्ट प्रकारका सामाजिक कूरीति र विकृतिमा फसिएको देखिन्छ । साथै परिवारसगै बसेको १६.६६% प्रतिशत मात्र देखियो ।

### केस अध्ययन -२

### अभिभावकले छोरा छोरीको परिस्थिजन्य समस्या बेवास्थताको सम्बन्ध

सुक बहादुर तामाङ घ्याङफेदि -९ बसोबास गर्दछ । उनको २ छोरा २ छोरी श्रीमती छन् । छोरीहरु भने निरक्षर मै सानैमा विवाह भएका छन् । उनका छोरा अष्ट तामाङका प्रसङग भने सन्देश दिने खालको छन् । अष्ठ तामाङ विद्यालयमा ४ कक्षामा पढ्दथ्यो । उनी आमा सँगै बस्थ्यो । समय र परिस्थिति भने सधै एकैनासको नभई फरक फरक भइन्छन् । बुबा भट्टामा कामदारको रुपमा काम गरी जिविका चलाउछन् भने आमा रक्सीको लतमा बढी भुल्थे । विद्यालय निरन्तर गइरहेको अवस्था थियो । यसक्रममा अष्ट तामाङको पाइन्टमा प्वालभएको वा फाटेको रहेछन् । छोराले आमा बाबुलाई ड्रेस किनिदिन बारम्बार घुर्क्याउने गरेछन् तर बाध्यता वा बेवास्तताले आमाबाबुले धेरै समयसम्म उनको विद्यालय पोशाकको चाहनालाई सम्बोधन भएन । यसले गर्दा एकदिन आउट पोशाक (out dress) मा विद्यालय गएछन् । यसले गर्दा विद्यालयको विहानी प्रार्थनामा शिक्षकले कान तानि दिएछन् र दण्डको त्रास देखाई दिएछन् । जसले गर्दा उनी विद्यालय जान छोडेको बताउछन्। विद्यालय छोडेपछि घर नै छोडेर भागेका भागेपछि तिनले पेट पाल्नको लागि गाडीहरुमा बसेको छन् । धेरै पिटाई,

## ४.७ बालबालिकाको परिस्थितिसँग परिचित अवस्था र जिविकोपार्जनको स्रोत

बालबालिकाको परिस्थितिसँग परिचित अवस्थाले बालबालिकाको समस्या पहिचान गर्न सकिन्छ । उनीहरुको संक्रमणकालिन परिस्थितिप्रति अभिभावक सूचित भएमा मात्र बालबालिकाको संरक्षण हेरचाहका कार्य सही, उपयुकता हुन्छ । उपयुक्त हेरचाहबाट असल,

भविष्य प्रतिको असल नागरिक निर्माण गर्न सकिन्छ । सही ठाउँको सही रोग, विमारी पहिचान भएमा मात्र निदान सही ठाउँमा हुन्छ । तसर्थ विपन्न तामाङ जनजातिको अभिभावकको आमा बाबुको पेशाले उनीहरुको अवस्था प्रति परिचित अवस्था कमजोर भएको पाइएको छ । तलको तालिकाले अभिभावकको बालबालिकाको समस्या परिचित नहुने अवस्था निम्न देखिन्छ । यसर्थ अध्ययन क्षेत्रको १३ (घरधूरी) अभिभावकको १३ जना बालबालिका मध्ये ७ जनामा बालबालिकाको सुझाव नलिने परिवारका बाबुआमाको पेशा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७ : परिवारमा आफ्ना बालबालिकालाई सुझाव नलिने घर परिवारको पेशा वा जिविकाको श्रोत र उमेर**

| बालबालिकाको उमेर र आमा बुबाको पेशा | १२ बर्ष भन्दा मुनि | | १२-१७ बर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| ईट्टा भट्टा कामदार | १ | १४.२८ | १ | १४.२८ | २ | २८.५७ |
| कृषि | १ | १४.२८ | ० | ० | १ | १४.२८ |
| परम्परागत झाँकी | ० | ० | १ | १४.२८ | १ | १४.२८ |
| घरेलु मदिरा उत्पादन | १ | १४.२८ | १ | १४.२८ | २ | २८.५७ |
| दैनिक ज्याला | ० | ० | १ | १४.२८ | १ | १४.२८ |
| जम्मा | ३ | ४२.८५ | ४ | ५७.१४ | ७ | १०० |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

माथिको तालिका नं. ७ मा इच्छा माग प्रस्तावहरु/सुझाव नलिने परिवारमा इट्टाभट्टाको कामदार २८.५७%, कृषि पेशा गर्नेको १४.२८%, घरेलु मदिरा उत्पादन गर्ने २८.५७%, परम्परागत झाँकी गर्नेको १४.२८%, दैनिक ज्याला गर्नेको १४.२८% ( अभिभावक) रहेका छन् ।

## ४.८ सूचित गर्ने प्रक्रिया

बालबालिकाले अभिभावकबाट सूचित गर्नु अभिभावकको कर्तव्य र बालबालिकाले पाउने अधिकार हो । यस अध्ययनमा बालबालिकाको सहभागिताको सवालमा अभिभावकसँग गहन अन्तरवार्ता (In-depthInterview) को क्रममा निम्न प्रकृतिको परिवारहरुमा

अभिभावकबाट सूचना नदिइएको पाइयो । सूचना नदिनुको अर्थ वेवास्ततालाई बुझ्दछ । सूचना नदिएका बालबालिकाले समाजप्रति उत्तरदायीपन स्वाभाविक रुपमा कमी भएको पाइन्छ । यसरी बालबालिकाहरुलाई अभिभावकबाट महत्वपूर्ण कुराहरु सूचित गरेमा मात्र बालबालिकाले असल चरित्र प्रति सचेत हुन्छन् । यस अध्ययनमा निम्न विशेषता भएका परिवारको बालबालिकामा सूचना नदिने अवस्था आमा बाबुको पेशाले समेत प्रभाव पारेको पाइएको छ । यसर्थ निम्ना तालिकामा १३ घरधूरीको अभिभावकको अन्तरवार्ताबाट प्राप्त सूचनानुसार बालबालिका महित्वपूर्ण विषयको जानकारी नदिने ७ जना (घरधूरी)को आमा बाबुको स्थिति तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका ८ : परिवारमा आमा बाबु र अभिभावकले बालबालिकालाई महत्वपूर्ण जानकारी नदिने समय नविताउने परिवारको पेशा जिविकाको श्रोत र उमेर**

| आमाबाबुको पेशा तथा बालबालिकाको उमेर | १२ बर्ष मुनिका | | १२-१७ बर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| दैनिक ज्याला | १ | १४.२८ | १ | १४.२८ | २ | २८.५७ |
| इट्टा भट्टा कामदार | १ | १४.२८ | १ | १४.२८ | २ | २८.५७ |
| कृषि तथा पशुपालन | ० | ० | १ | १४.२८ | १ | १४.२८ |
| घरेलु मदिरा उत्पादन | ० | ० | २ | २८.५७ | २ | २८.५७ |
| जम्मा | २ | २८.५७ | ५ | ७१.४२ | ७ | १०० |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

तालिका नं. ८ मा परिवारमा बाबु वा अभिभावकले तिनीहरुका बालबालिकालाई महत्वपूर्ण जानकारी नदिनेमा २८.५७% दैनिक ज्याला, २८.५७% इट्टाका कामदार, १४.२८% पशुपालन तथा कृषि, २८.५७% घरेलु मदिरा उत्पादन गर्ने, आमाबाबुको पेशा रहेको परिवारहरु रहेको पायो ।

# अध्याय पाँच

# अभिभावकको बालबालिकासँग सहभागितात्मक सम्बन्ध

## ५.१ अभिभावकको बालबालिकासँग सकारात्मक सम्बन्ध

यस अध्यायमा अध्ययनले प्राप्त गरेको सकारात्मक अनुकुलनको अवस्थाको विषयमा केन्द्रित गरिएको छ । बालबालिककाप्रतिको परिस्थिति प्रति अभिभावक सकारात्मक रहँदा अभिभावकहरु वा आमा बाबुले बालबालिकाको स्थिति प्रति सुचित हुने, नजिकता रहने पाइयो । नजिकताबाट अभिभावक तथा बाबुआमा आफ्ना बालबालिकाको आवश्यकताप्रतिसंवेदनशील रहेको, वर्तमानप्रति परिचित, भविष्यप्रति चिन्तित रहेको पाइयो । जसले बालबालिकाहरुलाई सन्तुष्ट बनाईरहेको यसले विचार आदान प्रदान बढाईरहेको र नजिकता बढाइरहेको पाइयो । यसर्थ बालबालिका अभिभावकप्रति र आफूप्रति पनि संवेदनशील जिम्मेवारीपनको महसुस गरिरहेका पाईयो ।

यस खण्डमा परिवार तहमा बालबालिकाको सहभागिताका अवस्थाहरुमा अभिभावकको खुलापन, घुलमिल पन सम्बन्धहरुमा बालबालिकाहरुबाट सुझाव वा माग प्रस्ताव लिने, प्रस्ताव वा तिनीहरुको आकांक्षा र आवश्यकताको सम्बोधन, महत्वपूर्ण विषयहरुको जानकारी दिने परिवारको विशेषता र उमेर रहेका छन् । जुन तामाङहरुको विपन्न समुदायका घरपरिवारहरु रहेका छन् । यसर्थ विपन्न तामाङ परिवार(२३)घरधुरी मध्ये १३ परिवारको अभिभावकहरुमा सोधिएकोमा कमशः६,४,७ जना अभिभावक (घरधूरी)हरुमा तपशीलको सकरात्मक अभिभावकीय खुलापन सम्बन्ध तथा संलग्नताको स्थिति देखियो ।जसलाई तलको तालिकाबाट बालबालिका र अभिभावक सम्बन्धको स्थिति प्रष्ट हुन्छ ।

**तालिका ९ : परिस्थितिमा आधारित अभिभावकको बालबालिका संगको सम्बन्ध एवं स्थिति**

| सूचक | संख्या | प्रतिशत |
|---|---|---|
| आफनो परिवारमा छोरा छोरी वा बाल बालिकासँग सुझाव लिने | ६ | ४६% |
| बलबालिकाको माग प्रस्तावहरु पूरा गरिदिने (सम्बोधन गर्ने) | ६ | ४६% |
| प्रस्ताव, माग आवश्यकताहरुलाई ढिलो पुरा गरि दिने | ४ | ३१% |
| बालबालिकालाई महत्वपूर्ण कुराको निरन्तर जानकारी दिने | ७ | ५४% |
| गफ गर्ने खेल्न वा उनीहरुसँग समय विताउने -T.V. हेर्ने | ४ | ३१% |

*(श्रोतः स्थलगत अध्ययन, २०७३)*

तालिका नं. ९ ले बालबालिकासँग सुझाव लिने ४६% प्रस्ताव, आकाङक्षाको सम्बोधन गर्ने ४६%, माग आवश्यकतालाई ढिलो पुरा गर्ने ३१%प्रतिशत, महत्वपूर्ण कुराहरु जानकारी निरन्तर दिर्ने ५४% प्रतिशत, गफ गर्ने खेल्ने वा उनीहरुसँग समय विताउने (T.V) हेर्ने ३१%प्रतिशत, परिवारहरु रहेको पाइयो ।

## ५.२ अभिभावकको सूचित अवस्था

यस अध्ययनले बालबालिकाको परिस्थिति प्रति परिवारको अभिभावकको परिचित अवस्थाले बालबालिका संवेदनशीलता प्रति अभिभावक सचेत हुन्छ । यस्तै गरी उनीहरुको अवस्थासँग सम्बन्धित समस्याहरु, चाहनाहरुको सम्बोधनले दोहोरो भूमिका निर्वाह गर्दछन् । अभिभावक बालबालिकाको समस्याप्रति परिचित भएमा मात्र बालबालिकाको सुरक्षा, संरक्षण, आधारभूत आवश्यकता पूर्ति भई बालबालिकाको स्वस्थ जीवनयापन गर्ने गराउने गरेको पाइयो । यस तालिकाले निम्न विशेषता भएको परिवारमा अभिभावक बालबालिकाको परिस्थिति प्रति परिचित भई इच्छा, चाहना, आकांक्षालाई सम्बोधन गरेको पाइयो । यसर्थ बालबालिकासँग अभिभावकको सकरात्मक सम्बन्ध हेर्दा २३ जना (घरधूरी) मध्ये १३ अभिभावकसँग सोधिएकोमा ६ जना अभिभावकमा निम्नानुसारको पारिवारिक विशेषता भएको परिवारिमा सुझाव लिने र बालबालिकाको मागको सम्बोधनको स्थिति देखियो । जसलाई तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका १० : परिस्थितिमा आधारित अभिभावकको खुलापन बालबालिकाको सम्बन्धमा सुश्रव लिने सम्बोधन गर्ने परिवारको विशेषता, उमेर**

| सुचक | १२ वर्ष | | १२-१७बर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| परिवारको स्थिति | संख्या | % | संख्या | % | संख्या | % |
| बाबुआमा दुवै भएको (संगै बस्ने) | २ | ३३.३३ | ३ | ५० | ५ | ८३.३३ |
| सौतेनी आमासँग बसेको | ० | ० | ० | ० | ० | ० |
| आमाबुवा एकको मृत्यु भएको | १ | १६.६६ | ० | ० | १ | १६.६६ |
| रक्सी पिउने बानी भएको | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ३ | ४९.९९ | ३ | ५० | ६ | १०० |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

तालिका नं. १० मा बाबुआमा दुवै भएको (सँगै बस्ने) परिवारमाबालबालिका सँग सुझाव लिने र माग तथा इच्छाको सम्बोधन ८३.३३% प्रतिशत, सौतेनी आमासँग बस्ने ०%, रक्सी पिउने बानी भएको परिवारहरुमा बालबालिकासँग सुझाव लिने र सम्बोधन गर्ने परिवार ०% रहेका छन् भने आमाबुबा एकको मृत्यु भएको परिवारमा १६.६६% प्रतिशत पायो । र आङक्षा पहिचान तथा सम्बोधन भएका पाइएका छन् ।

## ५.३ बालबालिका सूचित हुने अवस्था

यस अध्ययनबाट अभिभावकहरु मध्ये बालबालिकाको समस्या, परिस्थिति चाहना प्रति परिचित भएका अभिभावकले मात्र महत्वपूर्ण सूचनाहरु प्रवाह बालबालिकामा गरिएको पाइयो । महत्वपूर्ण विषयमा अभिभावकले जानकारी निरन्तर गर्ने परिवारको विशेषता निम्ना अनुसारको पाइएको छन् । यसमा निरन्तर सूचना गर्ने प्रवृति बालबालिकाको नजिकको सम्बन्ध भएको, बालबालिकालाई वास्तागर्ने परिवारमा मात्र बढी देखिएको छ । यसर्थ यस अध्ययनले १३ जना परिवारको अभिभावकहरु मध्ये ७जना अभिभावक (घरधूरी)ले महत्वपूर्ण विषयको जानकारी बालबालिकामा दिइएको पाइयो । बालबालिकाप्रति वास्ता/फिक्री गर्ने परिवार विशेषता निम्ना अनुसार पाइएको छन् । जसलाई तालिकामा उमेरगत सूचना प्रवाह दिन प्रकृति प्रतिशत अनुसार प्रष्ट हुन्छ ।

**तालिका ११ : परिवारको विशेषता र उमेरको आधारमा बालबालिकालाई महत्वपूर्ण विषयको जानकारी निरन्तर दिने स्थिति**

| सुचक<br>परिवारको स्थिति | १२ वर्ष | | १२-१७बर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| बाबुआमा दुवै भएको | २ | २८.५७ | ३ | ४२.८५ | ५ | ७१.४२ |
| जाँड रक्सी खाने गरेको | ० | ० | १ | १४.२८ | १ | १४.२८ |
| आमाबुवा एक जना मृत्यु भएको | ० | ० | ० | ० | ० | ० |
| सौतेनी आमा वा अन्यसँग बसेको | १ | १४.२८ | ० | ० | १ | १४.२८ |
| जम्मा | ३ | ४२.८५ | ४ | ५७.१४ | ७ | १०० |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

उपर्युक्त तालिका नं. ११ मा  आमा बाबु भएको परिवारमा७१.४२%प्रतिशत,  १२ बर्ष दे मुनिको बालबालिकाहरुलाई महत्वपूर्ण जानकारी निरन्तर दिने  आमाबुबा दुवै भएको परिवारमा २८.५७%,र सौतेनी आमा वा अन्यसँग बसेको  परिवारमा १४.२८%, जाँडरक्सी पिउने अभिभावक, ०% आमा वा बाबु मृत्यु भएको ०% प्रतिशत रहेको पायो । र जम्मा औसतमा  भने सौतेनी आमा वा अन्यसँग बसेको परिवार र जाँडरक्सी खाने गरेको परिवारमा १४.२८%प्रतिशत  रहेको पायो ।

## ५.४ परिवार तहमा सहभागिताको सकारात्मक प्रभावहरु

यस गुणात्मक अध्ययनबाट बालबालिकालाई अर्थपूर्ण बनाएमा प्रभाव भने हरेक तहमा सकारात्मक प्रभाव उत्पादन भएको पाइएको छ । यस सुक्ष्म सामाजिक एकाइ, संस्था घर परिवार तहमा भएको अध्ययनबाट बालबालिकाको विचार, चाहना, समस्याप्रति सचेत भई अभिभावकले सम्बोधन गरेको पाइएको छ । कति विपन्न तामाङ परिवारमा सहभागिता राम्रो भएको परिवारका परिवारहरुमा बालबालिकाहरुलाई कुनै महत्वपूर्ण विषयहरु सूचित गर्ने प्रक्रिया देखियो । तिनीहरुको चाहना सम्बोधन भएका, उनीहरुको संलग्न भएको परिवारमा बालबालिकाहरुको व्यवहार सकारात्मक प्रभाव, परिणामहरु देखिएको छ । जसलाई सामाजिक प्रकार्यत्मक एकता, असल व्यक्तित्व विकास, निर्धक्क, धैर्य, आत्मविश्वासी व्यक्तित्वको विकास भएको अध्ययनबाट पाइएको छ । यसर्थ अध्ययनले २३ घरधूरीको बालबालिकाको स्थिति हेर्दा १३ जना अभिभावक र १० जना बालबालिकासँग सोधिएको अन्तरवार्ताबाट सहभागिता राम्रो भएको परिवारहरुमा जम्मा ११ घरधूरीहरुको बालबालिकामा निम्न सकरात्मक प्रवृतिहरु वा परिवर्तनभएको देखियो । जसलाई निम्न तालिकाले प्रष्ट हुन्छ ।

**तालिका १२ : अभिभावकले बालबालिकाको निरन्तर सुझाव लिने, आकांक्षाको सम्बोधन गर्ने, महत्वपूर्ण विषयको जानकारी निरन्तर दिने परिवारमा बालबालिकाको विशेषतामा परिवर्तनको स्थिति र उमेर**

| बालबालिकामा देखिएका सकरात्मक प्रवृति (चल) एवम् परिवर्तनहरु | १२-१७बर्ष | | जम्मा | |
|---|---|---|---|---|
| | संख्या | % | संख्या | % |
| विद्यालयमा निरन्तर गएको | ३ | २७.२७ | ३ | २७.२७ |
| घरको कार्यमा सघाएको | ४ | ३६.३६ | ४ | ३६.३६ |
| निर्धक्क भई परिवार प्रस्ताव राख्ने | १ | ९.०९ | १ | ९.०९ |
| अनुशासनमा बृद्धि भएको | २ | १८.१८ | २ | १८.१८ |
| व्यक्तिगतमा जाँड रक्सी नपिउने गरेको (आफू कुलतबाट सचेत) | १ | ९.०९ | १ | ९.०९ |
| जम्मा | ११ | १०० | ११ | १०० |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

तालिका नं. २.३ ले बालबालिकाको आकाङक्षा पहिचान गर्ने वा सुझाव लिने, सम्बोधन गर्ने र महत्वपूर्ण जानकारीको निरन्तर सुझाव दिने परिवारमा बालबालिकाको उमेर अनुसार ***(प्रवलता वा उतमपनको आधारमा)***स्वचालित रुपमा विद्यालय निरन्तर गएको २७.२७% प्रतिशत,घरको कार्यमा सघाएको ३६.३६% प्रतिशत,निर्धक्क भई परिवारमा प्रस्ताव राख्ने ९.०९% प्रतिशत, अनुशासनमा वृद्धि भएको १८.१८% प्रतिशत,जाँड रक्सी सेवन तथा कूलतबाट सचेत वा भावी जीवनप्रति सचेत ९.०९% प्रतिशत बालबालिकामा परिवर्तित प्रवृतिहरु देखिएको छ। ***तर सबै बालबालिका भने विधालयमा निरन्तर गइरहेको ( ११मा ड्रपआउट नभएको)*** पायो।

**केश अध्ययन -१**

**बालवालिका र आमा बाबुको नजिकको सम्बन्ध**

बहादुर थोकर घ्याङफेदि-५ स्थायी बासिन्दा हो। आमाबाबु र छोराछोरी गरी चार जनाको परिवार छ। आर्थिक एव जिविका स्रोतको आधारमा बहादुर थोकर तामाङ गरिब विपन्न हुन्। चाखलाग्दो पक्ष भनेको चाहि उहाँको ज्याला, कृषि गरी पेट

पालेतापनि बालबालिकाहरुलाई छोरा छोरीलाई) आवश्यकताबारे महिनाको ४/५ पटक सोध्छ । उनले छोराछोरीलाई गृहकार्यको बारे २/२ दिनको फरकमा सोध्छन् । आफू अशिक्षित भएपनि छोराछोरीलाई खाना पकाउने परिकारको बारे मिठो मसिनो जे छ त्यसबारे छोराछोरीलाई सोध्छन् । उहाँको व्यवहार त शिक्षितको जस्तैरहेको र प्रजातान्त्रिक तरिका र व्यवस्था देखिन्छन् । उहाँको छोरो१४ वर्षकोर छोरी ११ बर्षकी भएकी छिन् । साथै छोराछोरीको कापी-कलम, ड्रेसको समस्या विद्यालय शुल्क भने छोराछोरीको चाहना बमोजिम नै पुऱ्याउने र पुऱ्याउन दत्तचित्त छन् र पढाईरहेका छन् । यस्ता बाबुआमाको व्यवहारले गर्दा छोराछोरी पनि परिवार र आफ्नो भविष्यप्रति जिम्मेवार देखिन्छन् कि आफू जाँडरक्सी नखाने विद्यालयमा जान समर्मित हुने, निर्धक्क भई परिवारको सफाई प्रति सचेत रहेका छन् । २०७२ बैशाख १२ को भूकम्पले घर ध्वस्त भई टहरामा बस्दै आएका ति किशोर-किशोरीले आमाबाबुको स्वास्थ्य, सरसफाईको लागि भनेर टहरामा लुगा फोहोर हुने समस्या हुन्छ भनेर ग्याँस राख्ने प्रस्ताव गर्छन् । बाबु आमाले पनि त्यसलाई सकरात्मक लिई प्रयासरत रहेको पाइन्छन् । त्यस्तै विद्यालयमा सिकेका स्वास्थ्य सम्बन्धी जानकारी भने आमा बाबुलाई सुचित गर्दछन् । त्यस्तै आमा बाबुले पनि महत्वपूर्ण कुराहरु समयमा सूचित गरिरहने अवस्था सम्बन्ध भने नजिक देखिन्छ ।

# अध्याय छ

# बालबालिकाको अभिभावकसँग सहभगितात्मक सम्बन्धः

## ६.१ बालबालिकाको अभिभावकसँग सम्बन्ध

यस अध्ययनमा बालबालिकाले कसरी, के तरिकाबाट परिवारमा आफ्नो अभिभावकसँग सहभागिता गर्दछन् भन्ने बारे केन्द्रीत रहेको छ । विपन्न परिवारमा बालबालिकाहरुले आमा बाबुसँग आफ्नो वर्तमान स्थितिसँग सम्बन्धित हुदै आफ्नो बाबुआमा वा नजिकको अभिभावकलाई खुला रुपमा सम्बन्ध स्थापित गर्दछ आदि विषयमा केन्द्रित रहेको छ । जसमा बालबालिकाले आवश्यकतालाई सम्बोधन गर्न प्रस्ताव गर्ने, आफूसँग भएका महत्वपूर्ण कुराहरुलाई अभिभावकमा जानकारी गर्ने, परिवारको कार्यमा सघाउने र अभिभावकबाट बालबालिकाको आवश्यकता सम्बोधन गर्ने जस्ता सम्बन्धहरुमा पहिचान गरिएको हुन्छ ।

अभिभावकबाट बालबालिका प्रतिको सम्बन्ध महत्वपूर्ण विषय हो भने बालबालिकाबाट अभिभावकसँग सम्बन्ध अर्को महत्वपूर्ण विषय हुन । यस अध्ययनमा बालबालिका उत्तरदाताबाट गहन अन्तरवार्ता (Indepthinterview) बाट बालबालिकाबाट अभिभावकमा सम्बन्धको अवस्थाहरु देखिएको छन् । यसर्थ बालबालिकाहरुको अवस्था हर्ने क्रममा २३ घरधूरी मध्ये १० घरधुरीको जना बालबालिकालाई अध्ययनको आकार बनाई १० जनासँग अन्तरवार्ताबाट परिवार तहमा बाल सहभागिता (संलग्नता) तथा बालबालिकाको अभिभावकसँग खुलापन सम्बन्ध देहाय अनुसार देखियो । तालिकामा १० जना मध्ये७,र ५ जनाको चलहरु उल्लेख गरिएको छ । यसलाई तपशीलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका १३ : परिस्थितिमा आधारित बालबालिकाको सम्बन्धको स्थिति अभिभावकसँगको सम्बन्ध**

| सूचक | संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नो आमा बुबा वा अभिभावक सँग प्रस्ताव गर्ने, आवश्यकता राख्ने | ७ जना | ७०% |
| प्रस्ताव मागको सम्बोधन गर्ने | ५ जना | ५०% |
| ऋामा बाबुलाई आफूसँग भएका कुराहरु जानकारी गर्ने | ५ जना | ५०% |
| परिवारको कार्यमा सघाउने | ५ जना | ५०% |

*(श्रोतः स्थलगत अध्ययन, २०७३)*

तालिका नं. १३ मा ७०% ले आफ्नो आमा वा अभिभावकसँग प्रस्ताव तथा आवश्यकता राख्ने, ५०% ले प्रस्तावको मागको सम्बोधन गर्ने, ५०% ले आमा बाबुलाई आफूसँग भएका कुराहरु जानकारी गर्ने, ५०% ले परिवारको कार्यमा सघाउने गरेको पायो ।

## ६.२ सूचित गर्ने अवस्था

यस अध्ययनमा बालबालिकाले आफ्नो परिस्थितिसँग सम्बन्धित विषयलाई आफ्ना अभिभावकसँग कतिको सूचित गर्छन् । कस्तो परिवारमा कुन उमेरका बालबालिकाले अभिभावकसँग प्रस्ताव राख्छन् भन्ने बारे अवस्था पहिचान गरिएको छ । बालबालिका अभिभावकलाई आफ्नो अवस्थाको सूचित गर्ने स्थितिले बालबालिकाको अभिभावक नजिकताको स्थिति देखाउनुका साथै आफ्नो स्थिति अभिभावकलाई परिचित हुन्छ । यस नजिकताले बालबालिकामा निर्धकतपन आत्मा विश्वासको अवस्था झल्किन्छ । विपन्न तामाङ जनजातिमा आफ्नो प्रस्ताव राख्ने स्थिति, अवस्था समग्रमा कम भए पनि निम्न तालिकामा देखाएको पारिवारिक विशेषता भएको परिवारमा न्यून वा फरक तपशील अनुसार भएको पाइएको छ । तलको तालिकामा बालबालिका १० जना मध्ये ७ जनाको अभिभावकसँग प्रस्ताव , इच्छा-आकाङक्षा राख्ने परिवारको विशेषता तथा स्थिति देहाय रहेको पायो।जसलाई निम्नानुसार देखाउन सकिन्छ ।

**तालिका १४ : बलबालिकाले आफ्नो अभिभावकसँग आफ्नो इच्छा आकाङक्षा प्रस्ताव राख्ने परिवारको विशेषता र उमेरको विवरण**

| बालबालिकाको उमेर र परिवारको स्थिति | १२ वर्ष | | १२-१७बर्ष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| आमा बुबा दुवै भएको | २ | २८.५७ | २ | २८.५७ | ४ | ५७.१४ |
| जाँड रक्सी खाने गरेको | ० | ० | १ | १४.२८ | १ | १४.२८ |
| आमाबुबा एकको मृत्यु भएको | ० | ० | १ | १४.२८ | १ | १४.२८ |
| सौतेनी आमा वा अन्य सँग बसेको | १ | १४.२८ | ० | ० | १ | १४.२८ |
| जम्मा | ३ | ४२.८५ | ४ | ५७.१४ | ७ | १०० |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

तालिका नं. १४ मा  आमा बाबुदुवै भएको परिवारमा ५७.१४% बालबालिकाले बाबुआमासँग इच्छा तथा माग प्रस्ताव राख्ने र अत्याधिक जाँड रक्सी सेवन गरेको परिवारकमा १४.२८% प्रतिशत,  आमा वा बाबु-एकको मृत्यु भएको परिवारमा १४.२८% प्रतिशत, सौतेनी आमा वा अन्यसँग बसेको परिवारमा १४.२८% प्रतिशत बालबालिकाले आफ्नो परिवारमा आफ्नो इच्छा आकाङक्षा, माग प्रस्ताव राख्ने गरिएको पायो ।

## ६.३ सम्बोधन गर्ने अवस्था

बालबालिकाको माग अनुसार व्यवहार गर्नु, उनीहरुको विचार अनुसार पारिवारिक क्रियाकलाप हुनु । उनीहरुको आवश्यकता, चाहना, इच्छालाई पारिवारिक क्रियाकलापमा समावेश हुनु, यति मात्र नभई उनीहरुको कुनै क्रियाकलापहरुमा अभिभावकको संलग्नता हुनु । उनीहरुको परिस्थिति, जस्तैः विद्यालयको ड्रेस, खाना पकाउने ठीक समयमा खुवाएर विद्यालयमा पढ्न अभिभावकले ध्यान दिनु आदि पक्षले निर्णयको अवस्था झल्किन्छ । विपन्न तामाङ परिवारमा बालबालिकासँग अन्तरवार्ताबाट निर्णयको अवस्था भने परिवारको विशेषताले फरक पारेको देखिन्छ । यसर्थ १० जना बालबालिकासँग सोधिएकोमा माग प्रस्तावको सम्बोधन गर्ने परिवार  ५ जना बालबालिकाको परिवार देखियो । जसको विशेषता तपशील बमोजिमको रहेको पाइयो । जसलाई तलको तालिका अनुसार प्रष्ट हुन्छ ।

**तालिका १५ : परिस्थितिमा आधारित बालबालिकाले आफ्नो अभिभावकसँग गरेको माग वा प्रस्तावको सम्बोधनमा परिवारको विशेषता र उमेर (५ जनामा)**

| बालबालिकाको उमेर र परिवारको स्थिति | १२-१७बर्ष | | जम्मा | |
|---|---|---|---|---|
| | संख्या | % | संख्या | % |
| आमा बुबा दुवै भएको | ३ | ६० | ३ | ६० |
| जाँड रक्सी खाने गरेको | ० | ० | ० | ० |
| सौतेनी आमा वा अन्य सँग बसेको | १ | २० | १ | २० |
| आमा बाबु एकको मृत्यु भएको | १ | २० | १ | २० |
| जम्मा | ५ | १०० | ५ | १०० |

*(श्रोतः स्थलगत अध्ययन, २०७३)*

तालिका नं. १५ मा ६०% आमा बाबुदुवै भएको परिवार, ०% प्रतिशत जाँड रक्सी सेवन गरेको परिवार, २०% प्रतिशत सौतेनी आमासँग बसेको परिवार, २०% आमा वा बाबु

एकको मृत्यु भएको परिबार, २०% अन्य अभिभावकसँग बसेको परिवारहरुमा बालबालिकाले आफ्नो माग, प्रस्ताव, इच्छा, आकाङक्षा राख्दा सम्बोधन भएको देखिएको छ ।

## ६.४ सूचित गर्ने अवस्था

यस अध्ययनमा बालबालिकाले आफ्ना अभिभावकलाई आफूमा भएका महत्वपूर्ण कुराहरुलाई अभिभावकमा भन्ने, अवस्था सुनाउने बारे उल्लेख गरिएको छ । यसलेएकता, सम्बन्धको नजिकता बनाएको हुन्छ । सम्बन्धको नजिकताले बालबालिकाहरुले महत्वपूर्ण कुराहरु भन्ने वा जिम्बेवारपनको विकास हुन्छ । जुन बालकले आमा वा अभिभावकलाई महत्वपूर्ण कुराहरु सूचित प्रक्रियामा संलग्न हुन्छन्, त्यसले तिनीहरुलाई परिवारप्रति जिम्बेबार बनाएको देखिन्छ । विद्यालयमा सिकेका विषयवस्तुहरु जस्तैः बासी सडेगलेका नखाने, सरसफाईको कुरा, सिकाइ वा घटनाहरुको बारे अभिभावकलाई सूचित गर्ने, बालबालिकामा अभिभावक नजिक रहेको पाइएको छ । यसबाट बालबालिका परिवार आफ्ना अभिभाबक प्रति आज्ञाकारी, जिम्बेबार, अपनत्व लिइएको देखिएको छ । यसका साथै सूचित गर्नु नजिक सम्बन्धको परिचय हो । किनकि जहाँ अभिभावकसँग राम्रो सम्बन्ध छन् त्यस्ता बालबालिकाले मात्र अभिभावकलाई महत्वपूर्ण कुराको जानकारी गराउछन् । यसर्थ विपन्न तामाङ बालबालिकाको परिवार तहमा निम्न पारिवारिक विशेषताले सूचित गर्ने अवस्थामा निर्धारक भूमिका निर्वाह गरेको पाइन्छ ।  यसमा बालबालिकाहरु १० जना (घरधूरी) मध्ये ५जना बालबालिकामा तिनीहहरुले राखेको माग, इच्छा, प्रस्ताव सम्बोधन भएको पायो । उक्त परिवारको विशेषता तलको तालिकामा निम्नानुसार उल्लेख गरिएका छन् ।

**तालिका १६ : बालबालिकाले आफ्नो अभिभावकसँग आफूमा भएका कुराहरु जानकारी दिने परिवारको विशेषता र उमेर :**

| बालबालिकाको उमेर र परिवारको स्थिति | १२-१७बर्ष | | जम्मा | |
|---|---|---|---|---|
| | संख्या | % | संख्या | % |
| आमा बुबा दुवै भएको | २ | ४० | २ | ४० |
| सौतेनी आमा वा अन्यसँग बसेको | १ | २० | १ | २० |
| आमा बाबु एकको मृत्यु भएका | १ | २० | १ | २० |
| जाँड रक्सी खाने गरेको | ० | ० | ० | ० |
| अन्य अभिभावकसँग बसेको | १ | २० | १ | २० |
| जम्मा | ५ | १०० | ५ | १०० |

*(श्रोतः स्थलगत अध्ययन, २०७३)*

तालिका नं. १६ मा ४०% ले आमा बाबुदुवै भएको, परिवार, २०% प्रतिशत सौतेनी आमासँग बसेको, २०% आमा वा बाबु एकको मृत्यु भएको, २०% अन्य अभिभावकसँग बसेकोपरिवारमा बालबालिकाले आफूले जानेको आफुसँग भएको कुरा आफ्ना अभिभावकसँग जानकारी गरेका छन् र सबै १२ बर्ष देखि १७ बर्षसम्मका बालबालिकाले भन्ने गरेका पायो ।

## ६.५ पारिवारीक समावेशीकरण र बहिष्करणः

अनुकुलन सम्बन्ध जति राम्रो हुन्छ तब यसले सहभागिता प्रवर्द्धन गरेको पाइयो । परिवारमा अनुकुलन सम्बन्ध राम्रो हुँदा बालबालिका अभिभावकसँग नजिक हुने र अभिभावक बालबालिकासँग उद्देश्यमूलक रुपमा नजिक रहने देखियो । अनुकुलन सम्बन्धले अन्जान वा जानी नजानी रुपमा बालबालिकाको समस्यालाई सम्बोधन भएको पाइएको छ । साथै आमा बाबु वा अभिभावकसँग भएको सूचनाहरु बालबालिकाले प्राप्त हुने र यसबाट सामाजिक साँस्कृतिक मूल्यहरु, सीपहरु, विचारहरु आदान प्रदान भई सामाजिकीकरण भएको पाइयो । यसका साथै महत्वपूर्ण कुराहरु, विचार, चाहनाहरु सम्बोधन हुने भएकोले यसले समावेशिकरण र बहिष्करणका अवस्थालाई निर्धारण भएको पाइयो । अध्ययनमा बालबालिका १० र अभिभावक १३ जना गरि बालबालिकाको परिवार तहमा सहभागिताको

विषयमा लिएको सूचना बमोजिम जम्मा २३ जनामा निम्न अनुसार समावेशीकरण र बहिष्करणको स्थिति देखियो । जसलाई तलको तालिकाबाट प्रष्ट गर्न सकिन्छ ।

**तालिका १७: घर परिवारको सम्बन्धमा बालबालिकाको समावेशिकरण र बहिष्करण अवस्था**

| सुचनामा अभिभावकको पहुँच | परिवारको खुल्लापन अवस्था तथा सम्बन्ध | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रस्ताव /सूचना लिने | | प्रस्तावको सम्बोधन गर्ने | | महत्वपूर्ण विषयको जानकारी गर्ने | |
| | संख्या | % | संख्या | % | संख्या | % |
| समावेशीकरण | ११ | ४७.८२ | ११ | ४७.८२ | १२ | ५२.१७ |
| बहिस्करण | १२ | ५२.१७ | १२ | ५२.१७ | ११ | ४७.८२ |
| जम्मा | २३ | १०० | २३ | १०० | २३ | १०० |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

यस तालिका नं. १७ बालबालिकामा परिवारमा समावेशिकरणको अवस्था सूचना लिने ४७.८२% प्रतिशत,इच्छा आकांक्षाको सम्बोधन गर्ने ४७.८२% प्रतिशत,महत्वपूर्ण विषयको जानकारी दिने ५२.१७% प्रतिशत रहेको छ भने बहिस्करणको अवस्थामा प्रस्ताव सूचना लिने ५२.१७% प्रतिशत, प्रस्तावको सम्बोधन गर्ने ५२.१७% प्रतिशत,महत्वपूर्ण विषयको जानकारी गर्ने४७.८२% प्रतिशत बहिष्करणमा रहेको पाइयोभने अभिभावकको दृष्टिबाट मात्र (१३ जना अभिभावकको नमूना छनोट) मा समावेशीकरण बालबालिकाको अवस्थामा सूचना लिने ४६%, इच्छा आकांक्षको सम्बोधन गर्ने ४६% महत्वपूर्ण विषयको जानकारी लिने ५४% रहेको छ र बहिस्करणमा ५४% प्रस्ताव सूचना लिने ५४%, प्रस्तावको सम्बोधन गर्ने ५४%, र जानकारी पाउने वा सूचना थाहा पाउनेमा ४६% रहेको पाइयो ।

# अध्याय सात

## सार्वजनिक तहमा बालबालिकाको सहभागिता

### ७.१ बाल क्लवको स्थिति विश्लेषण

यस अध्यायले बाल क्लबहरुको विभिन्न सहभागिता सम्बन्धित पक्षहरुलाई गरिएको छ । बाल क्लबका उद्देश्य, लैङ्गिग अवस्था, विपन्नता अनुसारका सदस्यता अवस्था, सहभागिताको कारण, सहभागिताको परेका प्रभावहरुमा केन्द्रीत रहेका छन् ।

### ७.२ बाल क्लबहरुको उद्देश्य

अध्ययनले अध्ययन गरिएको बाल क्लबको सदस्यहरुमा बालबालिका लैङ्गिग रुपमा केटा भन्दा केटीहरु धेरै सदस्यता लिइएका छन् । हरेक क्रियाकलापहरुमा बालबालिकाको सहभागिता/सक्रियता समान देखिन्छ । यस अध्ययनबाट के प्राप्त भयो भने उनीहरुको उद्देश्यले क्लबलाई निरन्तर रुपमा अगाडि बढाउन सघाएको पाए ।

बाल वातावरण क्लब (घ्याङफेदि-८)को उद्देश्यबालअधिकारको प्रवर्दन गर्ने, बालबालिकाहरुको सामाजिक, नेतृत्व विकास गर्ने, वातावरण संरक्षण गर्ने, सामाजिक चेतना जगाउने, बाल अधिकार प्रवर्द्धन गर्ने र त्यस्तै अन्य बालबालिकासँग सम्बन्धित विषयमा सामाजिक परिवर्तनका विषयमा क्रियाकलाप गर्ने, उद्देश्य लिई स्थापना भएको पाए ।

तुलसी बालवातावरण क्लबको (घ्याङफेदि-२) वातावरण संरक्षण गर्ने, बाल अधिकार प्रवर्दन गर्ने, व्यक्तित्व विकासको अन्य क्रियाकलापहरु गर्ने जस्ता उद्देश्य लिई स्थापना भएको छन् । बालबालिकाहरु घरदैलो कार्यक्रम, मासिक बचत गर्ने, सामुदायिक सरसफाई कार्यक्रमहरुमा केन्द्रित रहेको छन् ।

बाल वातावरण क्लब घ्याङफेदि - ८ र तुलसी बाल वातावरण घ्याङफेदि - २ ले बाल अधिकार संरक्षण र प्रवर्द्धनर वातावरण संरक्षणको लागि विद्यालयमा नाटक, वक्तृत्वकला प्रतियोगिता, क्लोरिन झोल वितरण, वृक्षारोपण, अलैची गोडमेल, वनस्पति गार्डेन निर्माण, लैङ्गिक समानताका लागि छोरीलाई विद्यालय पढाउनु पर्छ भन्ने विषयमा घरदैलो कार्यक्रमका प्रयासहरु भएको पाइन्छ ।

## ७.३ बालक्लबमा बाल सहभागीताको अवस्था

घ्याङफेदि गा.वि.स. मा रहेका २ दुई वटा बाल क्लबको सदस्यहरुका आकार तलको तालिकामा प्रस्तुत गरिएको छ । यी दुई बाल क्लबमा अधिक संख्यामा बालिकाहरुको सहभागिता धेरै पाए । यसमा बाल बातावरण क्लब घ्याङफेदि ८ मा ६२% बालिका सदस्य रहेका पाए भने ३८% प्रतिशत बालक सदस्य रहेका पाए । त्यस्तै तुलसी बाल बातावरण क्लबमा ५६% बालिका सदस्यहरु संलग्नता भएको पाए ।

## ७.४ सदस्यताको पारिवारिक पृष्ठभूमि

यस अध्ययनले तुलसी बालक्लब र बाल वातावरण क्लब घ्याङफेदि-८मा सदस्यता बालबालिकाको पारिवारिक पृष्ठभूमि तपशील बमोजिमको पाइयो । यस तुलसी बाल वातावरण क्लबमा अधिकांश तामाङ बालबालिकाहरु सदस्य रहेका छन् । बाल क्लबमा तामाङ मात्र रहनुमा समुदाय एकल जातिहरु बसोबास भएकाले क्लबको सदस्यहरु तामाङ बालबालिका मात्रा रहेको पाइएको छ । जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १८ : बलबालिकाको उमेर, क्षमता, लिङ्गको आधारमा सदस्यताको विवरण (तुलसी बाल वातावरण क्लव घ्याङफेदि-२र बाल वातावरण क्लब घ्याङफेदि-९)**

| सुचक | १२-१७बर्ष | | जम्मा | |
|---|---|---|---|---|
| बालबालिकाको स्थिति | संख्या | % | संख्या | % |
| केटा, अपाङगता आमा वा बाबु मरेको | १ | ५ | १ | ५ |
| बुबा मरेको आमाले छोडेको केटी, अपाङ्गता | २ | १० | २ | १० |
| आमा बाबु मरेको बाबु आमाले छोडेको | १ | ५ | १ | ५ |
| गरिब | २४ | ९६ | २४ | ९६ |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

तालिका नं. १८ मा तुलसी वातावरण क्लबमा ५% अपाङग  १०% ले आमा वा बुबा मरेको, ५% बाबु वा आमाले छोडेको ३५.५५ प्रतिशत गरिब परिवारका केटा छन् भने ५३.३३% गरिब परिवारका केटीहरु छन् । उपर्युक्त तालिका अनुसार प्रष्ट हुन्छ की सम्पन्नता र विपन्नतालाई भौतिक पूँजी र अभौतिक पुँजीको पहुँचमा पहुँच योग्य र कमजोर

अवस्थालाई हेर्न सकिन्छ । विपन्न बालबालिका वा बाल विपन्नता भनेको आमाबाबु मरेका, छोडेका, आमाबाबुको आर्थिक अवस्था अत्यन्त कमजोर भएको, आमाबाबुको राज्यको निकायमा पहुँचबाट टाढा रहेका बुझ्न सकिन्छ ।

### ७.५ लिङ्ग र जातजातिको आधारमा सदस्यताको आकार

यस घ्याङफेदि गा.वि.स. जातजातिको रुपमा एकल तामाङ जातिको बाहुल्य रहकोले बालबालिकाको सहभागितामा तामाङ बालबालिकाको सहभागितामा बाहुल्यता पाइएको छ । त्यस्तै लैङ्गिक रुपमा बालिकाहरुको बढी सदस्यता भएको पाइएको छ । बालिका सदस्यता बढी हुनुमा विद्यालय पढ्ने उमेर पुगेका सदस्यहरु बालिकाहरु नै बढी भएकोले बालिकाको संलग्नता अधिका अधिक रहेको पाइन्छ ।

**तालिका १९ : जातजातिको आधारमा क्लबमा बालबालिकाको सदस्यको विवरण**

| (जात) | केटा | | केटी | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| क्षेत्री | १ | २.४३ | ० | ० | १ | २.४३ |
| तामाङ | १५ | ३६.५८ | २४ | ५८.५३ | ३९ | ९५.१५ |
| कामी | ० | ० | १ | २.४३ | १ | २.४३ |
| जम्मा | १६ | ३३.०१ | २५ | ६०.९६ | ४१ | १०० |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

माथिका तालिका नं. १९ मा दुई वटा बालबालिकाको संलग्नताको आकारमा तामाङ्ग समूदायमा बढी तुलसी वातावरण क्लब र बालबातावरण क्लबमा तामाङ सदस्यहरु ९५.१५% क्षेत्री २.४३%, कामी २.४३ प्रतिशत दलित परिवारका सदस्यहरु रहेका छन् ।

### ७.६ बालबातावरण क्लब घ्याङफेदि -८ को स्थिति

यस बालबातावरण क्लब घ्याङफेदि ८ स्थापना बाल अधिकारको संरक्षण गर्ने, बातावरण संरक्षण गर्ने उद्देश्यले स्थापना भएको पाइन्छ । यस क्लबमा नियमित मासिक बचत गर्ने, वार्षिक नेतृत्व चयन गर्ने नीति रहेको छ । यस क्लबको बालबालिका सहभागिताको विवरणको अवस्था भने निम्नानुसारको रहेको छ ।

**तालिका २०: वालबालिकाको उमेर, क्षमता, लिङ्गको आधारमा सदस्यताको विवरण**

| सुचक बालबालिकाको स्थिति | १२-१७वर्ष | | जम्मा | |
|---|---|---|---|---|
| | संख्या | % | संख्या | % |
| केटा, अपाङगताआमा वा बाबु मरेको | १ | २.४३ | १ | २.४३ |
| बुबा मरेको आमाले छोडेको | १ | २.४३ | १ | २.४३ |
| गरिब | १४ | ३४.१४ | १४ | ३.१४ |
| जम्मा | १ | | १ | २.४३ |
| केटा अपाङ्ग | | २.४३ | | |
| गरिब सामान्य | २४ | ५८.५३ | २४ | ५८.५३ |
| जम्मा | ४१ | १०० | ४१ | १०० |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

तालिका नं. २०मा २.४३ प्रतिशत अपाङ्ग केटा, २.४३% आमा वा बाबुले छोडेको केटा ३४.१४ गरिब परिवारका केटा र २.४३ अपाङ्ग केटी ५८.५३% प्रतिशत गरिब परिवारको केटीहरु सदस्यहरु रहेका छन् ।


## ७.७ बाल सहभागिताको प्रभाव

बालबालिका सहभागिताले सामाजिक रुपमा र व्यक्तिगत दुई क्षेत्रमा बालबालिकामा प्रभाव पारेको पान्छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### ७.७.१ सहभागीताबाट बालबालिकाको व्यक्तित्व विकास

जब कार्यक्षेत्र कार्यको लागि तुलसी बातावरण बालब क्लब चौधरे-२ बाल वातावरण क्लब घ्याङफेदि-८ का ४ जना, उत्तरदाताको रुपमा असंरचित अन्तर्वाता गरे, त्यस क्लबका भाई बहिनीहरुको व्यवहार र अवस्थालाई अवलोकन गर्न पाएँ । असंरचित छलफलमा २/२ जना उत्तरदाताबाट चार जनाको उत्तरको आधारमा प्रत्येक पक्षलाई प्रतिशतमा रुपान्तरण गरि बार चार्टमा उल्लेख गरिएको छन् ।

**स्तम्भ चित्र - १**





(स्रोतः कार्यक्षेत्र अध्ययन, २०७३)

उपर्युक्त स्तम्भ चित्रबाट के देख्न सकिन्छ भने बालबालिकामा सहभागीताले निर्भिक भएर बोल्ने, सरसफाई सम्बन्धी ज्ञान, नेतृत्व क्षमता, वैठक गर्ने सीप, आफ्नो अधिकार बारे जानकारी, बचत गर्ने वानीको विकास, जिम्मेवारी लिने क्षमताको विकास आदि पक्षहरुमा अभिबृद्धि आएका पाइन्छ । यसबाट के देखिन्छ भने सहभागीताले सामाजिकीकरणबाट बालबालिकामा प्रत्यक्ष रुपमा चौपर्फी विकासमा टेवा पुगेको देखिन्छ ।

### ७.६.२ सामाजिक विकास

सहभागीताबाट सदस्यहरुमा आएका सामाजिक चरित्रमा आएका २/२ जना प्रत्येक क्लबबाट Respondentबाट ४ जनालाईनमूनाको रुपमा लिई अन्तरवार्ताबाट बालबालिकाहरुमा देखिएको सामाजिक रुपान्तरणको विषयहरु थापा पाए । बाल क्लबको सदस्यहरुमा संलग्नताले सामाजिक व्यवहारमा आएको परिवर्तनलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

**स्तम्भ चित्र**




२

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

उपयुक्त स्तम्भ चित्रबाट के स्पष्ट हुन्छ भने विभिन्न क्रियाकलापमा सहभागीता भइरहेको कारण सामाजिक विकासका नेतृत्व सीप, समन्वय सीप, भर्ना अभियानमा सघाएको, अरुको समस्या पहिचान गर्ने, विद्यालय प्रति अभिभावकलाई उत्प्रेरित ५०% बातावरण संरक्षण सम्बन्धी १००%, पानी शुद्धिकरण सम्बन्धी जनचेतना ७५%, जिम्मेवारी लिने सीप ५०% र समन्वय सीप १००% रहेको अन्तवार्ता प्राप्त भएको छ ।

## ७.७ सार्वजनिक तहमा बाल सहभागिताको अवस्था

गा.वि.स. तहमा वा सार्वजनिक तहमा बालबालिकाको सहभागिता पहिचान गर्न यस अध्ययनमा २ वटा विद्यालय, २ वटा वडा नागरिक मञ्च र राजनीतिक दलका प्रतिनीधिलाई अध्ययनको एकाइ बनाइ सूचनाहरु गहन अन्तवार्ताबाट लिइएको छ । जसलाई विपन्न समुहको बाल सहभागितालाई अध्ययन गर्दा विपन्न नै भनेर सहभागिता गराएको, संलग्नता गराएको त्यस्तो लक्षित समुदाय नै भनि सुझाव संकलन गरिएको भने पाइएन । सामान्य रुपमा १ विद्यालयमा सहभागितालाई सुझाव लिने प्रक्रिया र संलग्नता प्रक्रिया रहेको पाइयो । त्यस्तै गा.वि.स. तहमा सुझाव संकलनमा संलग्नता रहेको पाइएको छ । अन्य पक्ष, क्षेत्रमा भने न्यून नै सहभागिता रहेको पाइएको छ । जसलाई तलको तालिकाबाट प्रष्ट हुन्छ ।

(तालिका २१ :गा.वि.स. वा सार्वजनिक संरचनामा बालबालिकाको सहभागिताको स्थिति

| संस्थाको नाम | भाग प्रस्ताव वा सुझाव लिने | | | सम्बोधन गर्ने | | | सूचना दिने | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कम | मध्यम | उत्तम | कम | मध्यम | उत्तम | कम | मध्यम | उत्तम |
| घ्याङफेदि गा.वि.स. (गाउँ परिषद्) | | | ✓ | ✓ | | | | ✓ | |
| श्री ज्ञानेदय नि.मा.वि. | ✓ | | | | ✓ | | | ✓ | |
| वडा नागरिक मञ्च घ्याङफेदि-१ | ✓ | | | ✓ | | | ✓ | | |
| वडा नागरिक मञ्च-६ | ✓ | | | | | ✓ | ✓ | | |
| श्री बाघ भैरब मा.वि. | | | ✓ | | | ✓ | | | ✓ |

*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

माथिका तालिका २१ मा माग प्रस्ताव सुझाव लिनेमा कम वडा नागरिक मञ्च -१, ज्ञानोदय निमावि रहेको छ भने उत्तममा बाघ भैरब मा.वि., वडा नागरिक मञ्च-६ र घ्याङफेदि गा.वि.स. कार्यालय रहेका छन् । त्यस्तै सम्बोधन गर्नेमा वडा नागरिक मञ्च-१ र गा.वि.स. १ कार्यालय कम,उत्तम स्थितिमा सम्बोधनमा वडा नागरिक मञ्च-६ मा उत्तम र बाघभैरब मा.वि. रहका छन् । सूचना दिनेमा गा.वि.स. कार्यालय र ज्ञानोदय नि.मा.वि. मध्यम रहेका छन् भने उत्तम वडा नागरिक मञ्च ६ माघ भैरब मा.वि. रहेका छन् ।

घ्याङफेदि गा.वि.स.को (सार्वजनिक) गा.वि.स. तहमा बालबालिकाहको सहभागिता ( ५ वटा) संस्थाका प्रतिनिधि व्यक्तिसंग असंरचित अन्तर्वाता गरिए । जसमा गाउँ विकास समितिको पदाधिकारी प्रतिनिधि, विद्यालयको शिक्षक, वडा नागरिक मञ्चको २ जना प्रतिनिधि (दुई वडाबाट) अन्तरवार्ता लिए । गा.वि.स. परिषद्मा उनीहरु (बालबालिका) आई गाउँ परिषद्भन्दा अगाडी एकीकृत योजना तर्जुमा समितिमा छनौट भई दुई जनाका प्रतिनिधित्व गरेको देखिन्छ । सोही एकीकृत योजना समितिबाट सिफारीस भई गाउँ परिषदमा योजनाहरु पारित गरिएको पाइएका छन् ।

यसै सन्दर्भमा बालबालिका सम्बन्धी योजनामा वडाबाट योजनाहरु छनौट भई आउनु पर्ने निर्देशिका, कार्यविधि छन् (२०५८, बालमैत्री स्थानीय रणनीति) । जसलाई वडा नागरिक मञ्चमा १/१ बालबालिका प्रतिनिधित्व अनिवार्य गरिए अनुसार सामाजिक परिचालन कार्यक्रममा वडा नागरिक मञ्चको प्रतिनिधिले प्रतिनिधित्व गराएका छन् । ती दुई बालबालिका प्रतिनिधि मार्फत बालबालिकाको योजना वडा मार्फत एकीकृत योजना समितिमा पेश गर्ने प्रक्रिया तोकिए बमोजिम प्रयासहरु भएको पाइए ।

यसरी वडास्तरमा संरचनात्मक रुपमा बस्ती, टोलस्तरबाट (योजनाहरु) बालबालिकाको माग इच्छा, चाहना सम्बोधन होस् भन्ने हेतुले प्रतिनिधिको व्यवस्था गरे पनि नौ वडामा २ जनावटा मात्र बालक्लब छन् । जसले गर्दा बालबालिकाको प्रतिनिधित्व ९ वडाका सबै बाल क्लबलाई १००% प्रतिशत मान्दा २२% मात्र वडास्तरबाट गा.वि.स.स्तरमा प्रतिनिधि भएको पाइन्छ । वडामा बालबालिका २ जना राखिए पनि वडाका सबै बालबालिकाहरुको आवाज प्रतिनित्व हुनलाई शत् प्रतिशत वडाहरुमा समतामूलक क्लबको, संरचनाको आवश्यकता पर्दछ । त्यस्तै सुझाव लिने, माग प्रस्ताव संकलन शत प्रतिशत प्रक्रियागत रुपमा लिइएको छ । Roger's Hertको अनुसार यस्तो उपस्थितिलाई सांकेतिक उपस्थिति वा प्रतिनिधित्वको रुपमा लिइन्छ । जसलाई छलयोजना पनि भन्न सकिन्छ । स्थानीय निकायमा बालबालिकाको सहभागिता अर्थपूर्ण, प्रभावकारी भने कमजोर रहेका छन् ।


## ७.८ सरोकारवाला निकायबाट बालबालिकाको परिस्थि प्रति परिचित अवस्था

यस अध्ययनमा बालबालिकालाई सरोकारवाला निकायले सुझाव संकलन गरिएको पाइन्छ। जसलाई माथिल्लो निकायबाट बाध्यात्मक रुपमा संकलन गर्ने प्रक्रियाको रुपमा लिइएका छन् ।त्यस्तै विद्यालय तहलाई पनि बाल सहमागिताको महत्वपूर्ण सार्वजनिक स्थलको रुपमा लिइएको छर हेर्न सकिन्छ ।

जसमा दुईवटा विद्यालयलाई नमूनाको रुपमा लिइएको छ । दुई वटा विद्यालय मध्ये एक विद्यालयमा बालबालिकाको परिस्थितिमा प्रत्यक्ष प्रभाव पार्ने विषयमा उनीहरुको चाहना, सुझाव लिने गरिएको पाइयो भने अर्को विद्यालयमा सुझाव प्रक्रियागत रुपमा नलिएको पाइयो । विद्यालय तहमा दुईवटा विद्यालय सय प्रतिशत मान्दा बाल सहभागिता ५०% मात्र प्रबृत्ति देखिन्छ ।

सार्वजनिक तहमा सहभागिता सरोकारवाला निकायमा राजनीतिक दलका प्रतिनिधि पनि पर्दछ । हाल जननिर्वाचित प्रतिनिधि नरहेको अवस्थामा राजनीतिक दल वडा नागरिक मञ्चको प्रतिनिधि, समाजसेवी सरोकारवाला निकायको रुपमा हेर्न सकिन्छ । यो निकायहरु वा प्रतितिनिधिसँग पद पाउनुमा जिम्मेवारी र कर्तब्य र अधिकार पनि जोडिएको हुन्छ । ती निकायहरुको जिम्मेवारी मध्ये बालबाीलका सम्बन्धी अधिकार, सहभागिता सुनिश्चितता गर्नु पर्दछ । उहाँहरुसँगको सोधपुछ गर्दा सहभागिता सम्बन्धी विषयमा जानकारीको कमी देखिन्छ । साथै निश्चित रुपमा गर्नु पर्छ भन्ने बारे भावना कमी देखिएको छ । स्थानीय निकायले यो बाल सहभागिता सम्बन्धी सुनिश्चितताको वातावरण भने सिर्जना गर्नु पर्दछ (बालमैत्री स्थानीय रणनीति, २०६८) ।

**रेखा चित्र १: सार्वजनिक निकायहरुमा सुझाव तथा आवश्यकता संकलन**




*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

माथिका रेखा चित्रमा बालबालिकाको सहभागिता सुझाव लिने प्रक्रियामा विदालयमा ५०% गा.वि.स. वा परिषद्मा ७० प्रतिशत सुझाव र वडा योजना तर्जुमा ४४% प्रतिशत माग प्रस्ताव लिने प्रक्रियामा सहभागिता देखिन्छ । यस्तो अवस्था देखिनुमा बालबालिकाको सहभागिता प्रयासहरु भएको मध्यम अवस्थामा छन् । उनीहरुको विचार लिने प्रक्रिया सन्तोषजनक अवस्थामा अगाडी बढ्दै गएको देखिन्छ ।


## ७.९ विचारको निर्णय वा सम्बोधनको स्थिति

सहभागिताले विचारको सम्बोधन हुन्छ । आवश्यकता, मागहरुको परिपूर्ति गर्ने प्रक्रिया हो । यो स्पष्ट सूचनाको सूचित हुने प्रक्रिया हो । दोहोरो सूचनाको आदान प्रदान भई विगतका समयमा भएका प्रस्तावहरुलाई निर्णय भई कार्यान्वयन भएमा सम्बोधन भएको

अवस्थाले मूर्त रुप लिन्छ । सहभागितालाई यथार्थमा मूर्तरुप दिन, अर्थपूर्ण हुन बालबालिकाहरुको संलग्नतामा कार्यान्वयनमा सघाउने कार्यान्वयन हुने अवस्था चाहिन्छ ।

यस अध्ययनमा बालबालिका निर्णयको सम्बोधन सम्बन्धमा प्रस्ताव संकलन भएको अवस्था राम्रो भएको छ भने कार्यान्वयन अवस्था भने स्थानिय निकायमा प्रक्रियागत अस्पष्टता र योजना छनौटमा प्राथमिकता भन्दा बहिर रहेको अवस्थालाई देखिएको छ । जसलाई तलको रेखा चित्रबाट प्रष्ट हुन्छ ।

**रेखा चित्र २: माग प्रस्तावहरुको कार्यान्वयन सम्बोधन अवस्था**




*(श्रोत: स्थलगत अध्ययन, २०७३)*


बालबालिकाको माग प्रस्तावको कार्यान्वय सम्बन्धमा यस रेखा चित्र २ मा सुझाव प्रशस्त लिएका छन् भने त्यसलाई सम्बोधनका चरण भने कमजोर देखिन्छ । यस सम्बोधन कमजोर अवस्थालाई Curve Pictureले के देखाउँछ भने विद्यालय तहमा ५० प्रतिशत,कार्यान्वयनको अवस्था भने गा.वि.स. परिषद्मा ३० प्रतिशत र वडास्तरमा २० प्रतिशत मा झारिएको छ । यस अवस्थालाई निर्धारण तत्वका रुपमा गा.वि.स. स्तरमा निम्न पक्षहरुले भूमिका निर्वाह गरिरहेको पाइयो ।

## ७.१० सहभागितामा अवरोधको अवस्था

सहभागिताको पूर्वशर्त मध्ये संलग्नता महत्वपूर्ण पक्ष हुन । जब संलग्नता हुन्छ तब सिकाइ हुन्छ । अपनत्वको विकास हुन्छ । विकासको हरेक क्रियाकलाप, संचनाहरुलाई मेरो भनेर जान्दछ । अतः सुनेको कुरा भनेको कुरा विर्सन्छ भने सहभागिता वा संलग्न भएको

स्मृतिमा जिवन्त, दिगो रहन्छ । धैर्य, संयम र प्रजातान्त्रिक, जिम्मेवार, दूरदर्शी व्यक्तित्व निर्माण हुन्छ । असफलताबाट सिक्दछ । उनीहरुको प्रत्यक्ष संलग्नतामा भने विभिन्न कारणहरुले पाखा लागेको पाइन्छ । जसलाई तलको रेखा चित्रबाट छर्लङ्ग पारिएको छन् ।

**रेखा चित्र ३: बालबालिकाको माग प्रस्ताव कार्यान्वयन (उनीहरुको प्रत्यक्ष संलग्नतामा कमीका कारणतत्व**




*(श्रोत: स्थलगत अध्ययन, २०७३)*

रेखाचित्र नं. ३ मा ५० प्रतिशत बाल अधिकार सम्बन्धी चेतनाको कमी, ७० प्रतिशत राजनीतिक भागबण्डा (तानातान), ८० प्रतिशत बालयोजनाको अवमूल्याङ्कन, १०० प्रतिशत योजना सम्झौता वा कार्यविधि अष्पष्टता र ३० प्रतिशत बालबालिकामा स्थानीय निकायमा प्रतिनिधित्वको चेतना कमी आदि रहेका छन् ।

# अध्याय आठ

# सारांश तथा निष्कर्ष

## ८.१ सारांश

यस अध्यायले अध्ययनको निष्कर्ष सारांश प्रस्तुत गर्दछन् । सिफारिसमा ज्ञान, नितिगत तह व्यवहारिक पक्ष उपयोगमा ल्याउन मदत गर्नेछन् ।

यस अध्ययनलाई परिवार तहमा विपन्न तामाङ जातिहरुमा बाल बालिकाको सहभागिता अवस्था र त्यसको सकरात्मक र नकरात्मक प्रभावहरु बारे केन्द्रित गरिएको छ । द्धितिय पक्ष भनेको अध्ययनले समुदाय तहमा बालबालिकाको सहभागीताको स्थिति अवरोधको कारण, सहभागिताको प्रभावहरु बारे केन्द्रित गरिएको छ । अध्ययनलाई बालबालिकाहरुको अभिभावकतर्फबाट र स्वयम बालबालिकाको तर्फबाट गहन अन्तर्वाता गरिएको छ । त्यस्तै गा.वि.स. वडा स्तर विद्यालय, बालक्लबहरुलाई अध्ययनको एकाई बनाई गहन अन्तर्वाता गरिएको छ । बाल क्लबहरुमा तुलसी बाल बातावरण क्लब, बालबातावरण क्लब घ्याङफेदि -८ आठको अध्ययन एकाई बनाइएको छ । यसबाट सार्वजनिक तहमा बाल सहभागीताको स्थिति यसका प्रभावहरुमा बालबालिकामा कस्तो छन जस्ता पक्षमा केन्द्रित गरिएको छ ।

## ८.२. परिवार तहमा अनुकुलनको सम्बन्ध

विपन्न तामाङ जनजातिमा बालबालिकाको सहभागितालाई परिवारमा अभिभावक/आमा बाबुको अनुकुलन सम्बन्धको रुपमा अध्ययन गरिएको छ । अनुकुलन सम्बन्ध एक अर्कामा अन्तक्रियालाई बलियो बनाउने माध्यम हो । अन्तक्रियाबाट सिकाई भइरहेका अवस्थालाई अध्ययनले देखिएका छन् । अनुकुलन सम्बन्धलाई दुई पक्ष अभिभावकको छोराछोरीसँगको अनुकूलन सम्बन्ध र छोराछोरी वा बालबालिकाको अभिभावकसँगको सम्बन्धलाई प्राथमिकतामा राखिएका छन् ।

अनूकुल व्यक्ति र वातावरणसँग अन्तरक्रियाको प्रक्रिया हो । अनूकुलन प्रक्रियाबाट अनुकूलित हुन मानव जातिले संस्कृति, जीवनशैली विकास गर्दछ । अथवा मानवले प्राकृतिक वातावरणसँग अनूकुलन हुन संस्कृति वा भेषभूषाको विकास गर्दछन् । जस्तै गर्मीमा बस्नेले धोती, चिसो ठण्डामा बस्ने बाक्लो लुगा खानपान आदि । यस्तै गरी बालबालिकाले

पारिवारिक अवस्थासँग अनूकुलन प्रक्रियामा अन्तरक्रिया भई बालबालिका सिकाई प्राप्त गर्दछ । अन्तरक्रियाका पक्षहरुमा इच्छा आकांक्षाको सम्बोधन वा तिनीहरुको चाहनाप्रति अभिभावक परिचय अवस्था, संलग्न, सुनुवाई, दोहोरो सूचना आवश्यकता पर्दछ । दोहोरो सूचनालाई सुनुवाई र निर्णयको अवाश्यकता पर्दछ । यसरी अध्ययनले विपन्न तामाङ जातिमा बालबालिका र अभिभावक बीच दोहोरो अन्तरक्रियामा कमजोर अवस्था पाइएका छन् ।

अभिभावकको बालबालिकासँग अनुकुलन सम्बन्धमा अभिभावकको आफ्नो बालबालिकाको परिस्थिति प्रति परिचित अवस्था जस्तै सूचना लिने पक्ष माग गर्ने पक्ष, निर्णयको अवस्थामा चाहना सम्बोधन र सूचित प्रक्रिया बालबालिकालाई निरन्तर सूचना दिने प्रकृया रहेको छन् । यस पक्षमा अध्ययनबाट बालबालिकालाई सुझाव नलिने पक्ष भने ५४% सम्बोधन नगर्ने ५४%, महत्वपूर्ण विषयको जानकारी नदिने ४६% र बालबालिकासँग गफ गर्ने खेल्ने समय नविताउने पक्ष भने ६९% रहेको पाइएको छ । यसमा बाल बालिकाको असहभागितालाई परिचय दिन्छ । यसरी विपन्न तामाङ जनजातिमा सहभागीता भन्दा असहभागिताको अवस्था भने बढी देखिन्छ । यस खालको चलहरु बाबुआमा दुवै भएको परिवार, आमा वा बाबुको मृत्यु भएको परिवार, सौतेनी आमा वा अन्यसँग बसेको परिवारमा यसका अनुपात बढि देखिएको छन् । त्यस्तै जाँडरक्सी खाने, परम्परागत धामी झाँक्री गर्ने परिवारमा यसको अनुपात बढी पाइयो ।

अनुकूलन सम्बन्धमा सुझाव लिने ४६% प्रस्तावहरुको सम्बोधन गर्ने ४६% माग आवश्यकता ढिलो पुरा गरिदिने ३१% बालबालिकालाई महत्वपूर्ण विषयको निरन्तर जानकारी दिने ५४% बालबालिकासँग समय नविताउने ३१% रहेको छन् ।

### ८.३ परिवार तहमा सहभागीताले पारेको सकारात्मक प्रभावहरु

घर परिवार तहमा बालबालिकाको सहभागितामा विभिन्न परिस्थिति अनुसार विविधता पाइएको छ । उपर्युक्त विशेषता अनुसार बालबालिकामा सहभागिताको स्थिति राम्रो भएको घर परिवारमा बालबालिकाको व्यवहारमा सकारात्मक प्रभाव भएका छन् जसमा आमा बुवासँग खुलेर प्रस्ताव गर्ने, घर परिवारको कार्यमा योगदान गर्ने, कुलतमा नफस्ने (जाँड रक्सी सेवन) उनीहरु आफै घर परिवारको काम सघाउने, विद्यालयमा

अनुशासित हुने, जिम्मेवारी लिने जस्ता सकारात्मक प्रभावहरु बालबालिकाको व्यवहारमा देखिएको छ ।

## ८.४ परिवार तहमा सहभागीताले पारेको नकरात्मक प्रभावहरु

तर घर परिवार तहमा सहभागिताको अवस्था सूचना लिने, दिने, इच्छा, आकांक्षा, चाहनाहरुको सम्बोधन नगर्ने वा ढिलो गर्ने परिवारमा बालबालिकाहरुले विद्यालय जान नमान्ने (ड्रेसको अभाव), अरुको घर (छिमेकी परिवार) मा बस्ने, विद्यालय छाड्ने, घर छोड्ने घटनाहरु पाइएको छ । उक्त घर छोड्ने विद्यालय छोड्ने, अरुको घरमा बस्ने बालकहरुमा बालश्रमको बाध्यता स्वरुप शहरमा खलासी, मासुपसलमा कामदार वर्कशपमा कामदार, इट्टाभट्टामा कामदार, रेष्टुरेन्टमा भाँडा माझ्ने कामदारको रुपमा जीवन व्यतित भएको परिणाम देखिएको छ । त्यस्तै बालिकाको हकमा शैक्षिक अधिकारबाट बन्चित, अरुको घरमा काम गरेर जीवन पाल्ने अवस्था र बाल विवाहको दर धेरै भएको पाइन्छ ।

## ८.५ समुदाय स्तरमा बाल सहभागीताको सकारात्मक प्रभावहरु

त्यस्तै बाल क्लबको अध्ययनमा (CaseStudy)बाल सहभागिताले बालबालिकामा व्यक्तिगत रुपमा निर्धक्क भई बोल्ने क्षमता, जिम्मेवारी लिने क्षमता, बैठक गर्ने सीप, एकतामा काम गर्ने, बचत गर्ने बानीको विकास, बाल अधिकारको सचेतना नेतृत्व क्षमता विकास भएको पाइन्छ । त्यस्तै सामाजिक विकासमा विद्यालयको कार्यमा नेतृत्व लिने, अरुलाई प्रेरित गर्ने, बातावरण संरक्षण गर्ने अरुको दुःख बुझ्ने, जिम्मेवारी लिने, समन्वय सीप विकास भएको अध्ययनले देखाउँछ । यसर्थ सहभागिता अधिकारको सम्बोधन गर्ने देखि आयोज र विकास गर्ने प्रक्रिया पद्दती हो ।

## ८.६ समुदाय स्तरमा बाल सहभागीताको अवरोधहरु

त्यस्तै समुदाय स्तरमा बाल सहभागिताको अवरोधका कारणमा शिक्षाको कमी, संरचना(बालसंस्थाहरुको) कमी, गाउँ परिषदमा गुटबन्दी वा योजनाको प्रतिस्पर्धा आदि अवरोधका कारणहरुमा बालबालिकाको माग प्रस्ताव सम्बोधनमा बाधक देखिन्छ । त्यस्तै कार्यान्वय तहमा योजना सम्झौताको विषयमा नीतिगत रुपमा अस्पष्टता नागरिकता प्रमाणपत्रको अनिवार्य, गा.वि.स. कर्मचारीको कार्यविधि, सोच साँघुरोपन, सचेतनाको कमी, बालबालिकाले केही जान्दैन भन्ने भावना, आदि रहेको पाइन्छ । जसमा बालबालिकाहरु जन्मदर्ता मात्र अधिकांशको नागरिकता बनिसकेको अवस्था नभएको पाइयो । यसर्थ

बालबालिकाहरुमा बाल मैत्री कमी भएका छन् । सरकारले वा बाल सन्धिले दिएको अधिकारको प्राप्तीमा असमर्थता रहनु, नीतिगत सहभागीता सम्बन्धी योजना, निर्माण, निर्णय निर्माणमा पहुँचबाट टाढा रहेको छ । उनीहरुको अर्थपूर्ण सहभागीता हुन पर्ने अवस्थाबाट टाढा रहेको पाइएको छ ।

## ८.७ निष्कर्ष

यस अध्ययनले केही महत्वपूर्ण निष्कर्षहरु निकालिएको छ । जसमा घरपरिवार, बालबालिका र अभिभावक, बाल क्लब, विद्यालयहरुको सामुदायिक संस्थाका प्रतिनिधिहरुको अन्तरवार्ताबाट निष्कर्शमा पुगिएको छ । बाल सहभागिता सूचना आदान-प्रदान गर्ने, इच्छा आकाङ्क्षा तथा बालबालिकाको परिस्थितिसँग परिचित हुने प्रक्रियाको रुपमा देखियो । सहाभागिता इच्छा आकाङ्क्षाको सम्बोधन गर्ने प्रक्रिया हो । यसले सम्बन्धलाई नजिकता ल्याई एकता ल्याएको छ । सहभागितालाई विपन्न अवस्था वा परिस्थितिको समुहका बालबालिकाको अवस्थाको पैरवी गर्ने, सीमित श्रोतको परिचालन गर्ने, बालबालिकाको समस्याहरुको तथ्यपूर्ण पहिचान र सम्बोधन गर्ने, आमाबुवा, बालबालिका र बालबालिका बीच परस्परिक सम्बन्ध स्थापित गर्ने, उत्तरदायित्व प्रवर्द्धन गर्ने, प्रजातान्त्रिक अभ्यासको प्रर्वधनगर्ने, आवश्यक योजनाको विकास गर्ने, घरपरिवारको वातावरण तथा सम्बन्ध सुधार्ने, आवश्यक सीप र संस्कृति सामाजिकीकरण गर्ने, निर्देशन प्राप्त गर्ने गराउने र आर्थिक दिगोपन कायम गर्ने प्रक्रियाको रुप पाइयो । साथै सहभागिता समावेशीकरण प्रक्रियाको रुपमा पाइएको छ ।

बाल सहभागिता प्रतिफल निकाल्ने प्रक्रियाको रुपमा पाइएको छ । बाल सहभागिताबाट घर परिवार तहमा सकारात्मक प्रभावहरु पाइएको छ भने असहभागिताबाट कार्यकारण सम्बन्धको रुपमा बालबालिकाको संरक्षणको अधिकारबाट बञ्चित भएको नकारात्मक प्रभावहरु पाइयो । जसमा बालश्रम गर्न बाध्यता, बाल विवाहको अवस्था सिर्जना, शिक्षाको अधिकार र अवसरबाट बञ्चित जस्ता असहभागिता निर्धारक तत्वको रुपमा देखियो । समाजमा बाल विवाह मातृ मृत्युदर, बालश्रमका निर्धारकतत्वमा परिवार तहमा बालबालिकाको असहभागिता निर्धारकतत्वको रुपमा पाइएको छ । यसका अलावा पारिवारीक पृष्ठभूमि पारिवारिक विशेषताले सहभागिता र असहभागिता हुने स्थिति प्राप्त भएका छन् ।

यसका साथै बालक्लबहरुमा वा समुदाय तहमा सहभागिताले बालबालिकामा व्यक्तिगत र सामाजिक विकासमा सकारात्मक प्रभावहरु परेको पाइएको छ । घर परिवार तहको सहभागिताले बालबालिकामा सकारात्मक प्रभावहरु, निर्धक्क बोल्ने, जिम्मेवारीपनको विकास, सृजनात्मक बनाएको पाइएका छन् । बाल क्लबहरुमा बाल सहभागिताले बालबालिकाको सचेतना बृद्धि आत्मसम्मान निर्धक्कपन, आधारभूत ज्ञानहरु बालअधिकार वातावरण संरक्षण अरुलाई सहयोग गर्ने, सहकार्य र एकतामा कार्य गर्ने महत्वपूर्ण ज्ञान, व्यक्तित्व विकास गरिएको पाइएको छ ।

बालबालिकाहको क्लबमा बालबालिकाको सहभागिता लैङ्गिक सन्तुलनको अवस्था कमजोर पाइएको छ। त्यस्तै भिन्न क्षमताको सहभागिता स्थानीय निकायहरु, विद्यालयहरुमा छुट्टै मूल्य मान्यता सहित सहभागिताको आवश्यक विषय पर्दछन् । सहभागिताको हरेक क्षेत्रहरु जस्तै प्रक्रिया, संस्था संरचनामा संलग्न गर्न पारिवारिक प्रकृति, बालबालिकाको क्षमता र लिङ्गलाई विशेष प्राथमिकता राख्नु पर्ने देखिएको छ । साथै अभिभावकमा बाल अधिकार सम्बन्धी पूर्ण जानकारीको न्यूनतम देखिएका छन् । जसले सरोकारवाला निकाय संस्था, समितिका प्रतिनिधिहरु, बाल सहभागिता विषयमा संवेदनशीलता कम भई बेवास्ता अधिक रहेको पाइएको छ । सहभागिताको अवरोधहरुमा गा.वि.स.स्तरमा प्रसाशकहरुको प्रभुत्व, राजनितिक दलको चरम एकाधिकार, विद्यालय प्रशासक-शिक्षकको प्रभुत्व, सूचनाको प्रभावकारीताको कमी, प्रत्यक्ष संलग्नतामा प्रभावकारी बनाउन नीति निर्देशिकामा अस्पष्टता र बालबालिकाहरुको चौतर्फी सचेतनामा कमी नै स्थानीय निकायमा सहभागिताको बाधक भएको देखिन्छ ।

## सन्दर्भ-सामग्री


खरेल, योगीशकृष्णा (२०६९), *बालअधिकार शिक्षा तथा बालबालिका ऐन* २०४८ इन्सेक, काठमाण्डौ : अनौपचारिक क्षेत्र सेवा केन्द्र ।

धिताल, तारक (२००९), *बालअधिकार महासन्धिको दुई दशक: नेपालको सन्दर्भमा उपलब्धि र चुनौतिहरु* , **काठमाठौं** : न्यू कान्तिपुरी प्रिन्टर्स । सिविन नेपाल ।

भण्डारी, के.पी (२०६३),*नेपालको आन्तरिम संविधान:*बौद्धिक दर्पण प्रकाशन, काठमाण्डौ

संघीय तथा स्थानीय विकास मन्त्रालय (२०६९), *बालबालिका सम्बन्धी राष्ट्रिय नीति* (www.mofald.gov.np)

सिंह, गणेश बहादुर (२०७१), *सक्रिय तथा सोचयुक्त शिक्षण सिकाई विधिहरु,* काठमाण्डौं : जुपिटर पब्लिसर्स एण्ड डिस्टिब्युटर्स ।

Abercrombie. Nicholas (2005). *Sociology (Polity) Short introduction.* India: ATLQMTIC.

Bongartz, Heinz and Dahal Dev, Raj (1996). D*evelopment studies self help organization NGOS and Civil Society*. Kathmandu: Nepal Foundation for Advanced Studies. Friedrich Ebert Stiftung

E. Bass, LORETTA (2006). *The Sociology of Children and Youth University of oklandam Norman,* www: sociology of children.

E. Merrill, Francis. (1948). *Annals of the American Academy of political and Social Science.* Kathmandu: Sage Publications.WWW.jstor.org

Goonesekere Savitri (1998). *Children Law & Justice A South Asian Perspective*. New Delhi: Sage Publications India Pvt. Ltd.

Gautam, Manju. (2008). *Child Participation in Child Clubs and Social and Personal Development of Children*. Kathmandu: CBIN

Gilchrist, Alison. Taylor, Marilyn (2012). *The Short guide to Community Development.* India: Rabat Publications. (Reprint).

Kruges, J. M. (2006). *State intervention and child protection measures in scotland lessons for South Africa***.** The comparative and international law journal of southern Africa. vol. 39 no. 3 (Nov 2006) pp. Institute of foreign and comparative law. www. Jstor.org.

Lenin V.I (1967). *On Youth' Lenin (Participation of Youth in Socialist Construction Education of the New man).* Moscow: Progress Publisers

Lehky, Serge. *Peer Evaluation And Selection Systems: adaptation and maladaptation of individuals and group through peer review.* U.S.A.: Biobit field.

Liechty, Mark (2003). *Suitably Modern making middle class culture in Kathmandu.* Kathmandu: Martin Chautary.

M. Strong, Samuel (1948) (Vol. 54).*American Journal of Sociology.* The University of Chicago Press. http://www.jstor.org

Millis Duvall, Evelyn (1948). *Marriage and family Living. Vol-10, No. 3, summer Washington D.C may 5-8 (1948).* National Council on family Relations. WWW. Jstor.org.

Muntarbhorn, Vitit (1998). *Children active citizens for the next millenium*. RSA Journal vol 146 no 5486(1998). pp.104 – 108 Royal Society for the Encouragement of Arts, manifactures and commers

Miller, wrobel, Gretchen. Ayers. Lopez, Susan D. Grotevant, Harold. G. MCRoy. Ruth and friedrick, Meredith. (1996)*(child development vol-67) Opennessin Adoptation and the level of child participation.*Society for Research in child Development. www.jstor.org.

Singh Neelam. Trivedy Roy (1996). *Approaches to child participation SARO Briefing Paper no 5.* Kathmandu: Save the Children (UK) South Asia Regional Office.

Tuladhar, Sumnima. Adhikari, Kesha Prasad. Bhattarai, Jhanhari. Gurung, Nirmala. Balamp, Prabha. Sutherlan, Jill (2011). *In waiting...... Child workers in small hotels, restaurant and Tea shops in the ktm vally*: cwin-Nepal

Talai, Amit Vered and Wulff, Helena (1995). *Youth Cultures a Cross Cultural Perspective: Rutledge London.* Simultaneoully Pulsed in the USA and Canada

W. Enrmann, Winston (1948). *Social forces.* oxford University Press social forces, vol. 27 No 3 (cot 1948-may, 1949) pp. 101-102 www.jstor.org.

# अनुसूची

१) गाउँ परिषदमाबालबालिकाहरु सहभागी हुन्छन् किहुदैनन् ?

.............................

हुन्छन् भने कसरी हुन्छन् ? .....................................................................

२) सहभागी बालबालिकाहरु मध्ये के कस्ता आउँछन् ?

........................................

३) आएर के गर्छन ?उनीहरुको भूमिका के - के हुन्छन् ?

..........................................

४) गाउँ परिषदमा सहभागी हुन बालबालिकाहरु आउन थालेको कहिले देखि हो ? .................................................................................................

५) उनीहरुको विषयमामागहरु योजना पारित भएको छ कि छैन ?

.........................

छ भने योजनाहरु उनीहरुले कार्यान्वयनगर्छन् किकसले गर्छन ?

..........................

६) गा.वि.स. स्तरमा कुनै संस्था समितिबालबालिकाभएको छन् ? विद्यालयमा छन भने को कतिछन् ? को को छन् ?

......................................................................

) तपाईको विद्यालयमाबालक्लब छ कि छैन ? ...........................................

) छ भने त्यसले के कामगरि रहेको छ ? .................................................

) विद्यालयका अतिरिक्त क्रियाकलाप देखि पठनपाठनमा बालक्लबका सदस्यहरुको संलग्नता के कस्तो छ ? ...................................

) बाल क्लबका सदस्यहरु नियमितविद्यालयआउछन् ? .................कि आउँदैनन्

.....................................................

) बालबालिकाले कक्षाकोठामा आफूले नबुझेको प्रश्नकतिको गर्छन ? ................

) शिक्षकले पढाएको राम्ररी बुझाएको, नबुझाएको कुरा तपाईलाई गर्छन किगर्दैनन् ?...........................................

७) यस्तो कुरा गर्छ भने कसलाई भन्नआउँछन् ? ...........................................

८) शिक्षकसँग कतिको खुलेर कुरा गर्छन् ? .................................................
गर्छन भने के के गर्छन् ? ..................................................................

**क्लवको सदस्यहरु सहभागीता ११ प्रतिनिधित्वको प्रभाव**

क) क्लबकिन स्थापनागर्नु भएको ? ..........................................................

ख) यस क्लबबाट ...................... के के कार्यक्रम गर्नु भयो ? .....................

ग) ............... क्लबको क्रियाकलापले तपाईलाई कसरी राम्रो बनायो ? ............

घ) क्लबमा भोगेको अप्ठयारा, समस्याहरु के के छन् ? ...................................

ङ) के के भइदिए हुने जस्तो लाग्छ ? .......................................................

च) तपाईको क्लबको कार्यक्रमले समाजमा कसरी के मा राम्रो गऱ्यो ? ...............

छ) तपाई यस क्लबमा के कसरी सदस्य हुनुभयो ?
..........................................

कुन माध्यम के थियो ? ............................................

ज) तपाईको विचारमा क्लबका क्रियाकलापहरुलाई अझ राम्रो बनाउन कसरी सकिन्छ जस्तो
लाग्छ ? ...................................................................................

झ) समिति वा कार्य समितिमा कति जना छन् ? ........................................

तिनीहरुको को-को हुन् ? ..................................................................

ञ) कार्य समितिमा पदाधिकारी मध्ये कसले भनेको कुरा निर्णायक हुन्छ ? ती कस्ता खालका व्यक्ति हुन् ? ..................................................................